खण्ड एक

पार्श्वचित्र निर्माणको परिचय

पृष्ठभूमि

संघीय गणतन्त्र नेपालको लागि राज्यका सबैभन्दा तलको तह नगर, नगरपालिका र जिल्ला समन्वय समितिहरू हुन् । नगरपालिका, नगरपालिकालाई स्थानीय सरकार पनि भनिन्छ । यसको अर्थ हो, सरकारका तर्फबाट जनतालाई दिनुपर्ने सेवा वा सुविधा यिनीहरूले नै प्रवाह गर्दछन् । नेपालमा हालै गठित नगरपालिका तथा नगरपालिकाहरू प्रारम्भमा नेपालको संविधान २०७२ को धारा ३२० को उपधारा (१) बमोजिम नेपाल सरकारबाट २०७३ फागुन ११ गते स्थानीय तहको सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश २०७३ अनुसार सञ्चालित छन् भने स्थानीय शासन ऐन जारी भएपछि त्यस ऐन तथा त्यस अन्तर्गत बनेका नियमावलीहरूद्वारा निर्देशित हुनेछन् । त्यसैगरी सरकारले २०७४ बैशाख २६ गते सूचना गरी नगरपालिका र नगरपालिकाहरूको १५ दिनभित्र वस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था गरेको छ ।

वस्तुगत विवरण वा पार्श्वचित्र तयारीका लागि सूचना सङ्कलन, संश्लेषण र विश्लेषण गर्नुपर्दछ । सङ्कलन गरिएका सूचनालाई यथार्थ परक ढङ्गले संश्लेषण, तालिकीकरण र विश्लेषण गरी पार्श्वचित्र तयार गर्दा त्यसले नगरपालिका लगायत अन्य सरोकारवाला निकायहरूलाई विकासका कार्यक्रमहरू सञ्चालन गर्न, साझेदारी गर्न र अल्पकालीन एवम् दीर्घकालीन योजना बनाउन महत्वपूर्ण सहयोग पुग्ने गर्दछ ।

कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा चिजबिजका बारेको तथ्य वा बिस्तृत विवरणलाई सामान्यतः सूचना भनिन्छ । सूचनाहरू सङ्कलनका आधारमा दुई प्रकारका हुन्छन्, जुन प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त सूचना हुन् । प्राथमिक सूचना संकनकर्ता आफैले सम्बन्धित क्षेत्रमा गएर सङ्कलन गर्दछ भने अरूले स्कलन गरेर प्रयोग गरेका सूचनालाई द्वितीयक सूचना भनिन्छ । यी सूचनाहरूलाई स्कलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सम्पूर्ण कार्यहरू सूचना व्यवस्थापन अर्न्तगत पर्दछन् । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने हुनुपर्दछ । सूचना व्यवस्थापन गाउका सबै वा अनावश्यक मात्रामा प्रस्तुत गर्नाले मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । त्यसकारण सूचनाको व्यवस्थापन अति आवश्यक हुने गर्दछ । सूचनाको सही व्यवस्थापनबाट यसमा हुनसक्ने त्रुटीमा कमी ल्याउन सकिन्छ ।

वास्तवमा यो पार्श्वचित्र सुन्दरहरैंचा नगरपालिकाभित्रको विश्लेषण सहितको सूचनाको संग्रह हो । यसैका आधारबाट यस नगरपालिकाले भविष्यमा विविध प्रकारका सूचनाहरू प्रवाह गर्न सक्छ । नगरको विकास, निर्माण र सार्वजनिक सेवा प्रवाह गर्नका लागि यथार्थपरक सूचनाको आवश्यकता पर्दछ । साथै नगरपालिकाभित्रका सूचना सङ्कलन र तिनको व्यवस्थापन गर्ने जिम्मेवारी पनि नगरपालिकाको हो । तर हालसम्म नेपालका नगर तथा नगरपालिकाहरूको वस्तुगत विवरण तयारीका लागि स्पष्ट तथा एउटै खाका अपनाएको पाइँदैन । तसर्थ अलग अलग नगरपालिकाले तयार गरेका पार्श्वचित्रमा पनि एकरूपता पाउन सकिँदैन । त्यही भएर

नेपाल सरकारबाट जारी निर्देशिकामा पार्श्वचित्रको एउटा खाका दिइएको छ । वास्तवमा एक रूपता कायम गर्नका लागि पनि त्यही खाकाको आधारमा आवश्यक सूचना प्रबाह गर्ने या पार्श्वचित्र निर्माण गर्ने कार्य गर्नुपर्दछ भन्ने मान्यताका साथ यस पार्श्वचित्र तयार गरिएको छ । यहाँ त्यही खाकाको परिधिभित्र रहेर पार्श्वचित्र तयार पारिएको छ । तर पनि स्थानीय आवश्यकता अनुसार केही फेरबदल गरिएको छ । यसो गरिरहँदा पनि तथ्याङ्कको शुद्धताका लागि अनेक प्रकारका विधिहरू प्रयोग गरी आवश्यक मात्रमा चेकजाँच गरी पर्याप्त मात्रामा परख गर्ने काम भएको छ ।

विविध पक्षहरूको वास्तविक स्थितिको तथ्याङ्क र सूचना विना नगरपालिकाले कुनै पनि योजना तर्जुमा र छनौट सही ढङ्गले हुन सक्दैन । सही रूपमा छनौट नभएको तथा आवश्यकता बाहिरको सूचनाले योजना कार्यान्वयनमा जटिलता सिर्जना गर्दछ । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम सञ्चालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत सही तथ्याङ्क सहितको वस्तुगत विवरण वा पार्श्वचित्रले सहयोग पुग्दछ । नगरपालिकाभित्रका आवश्यक सूचनाहरू पार्श्वचित्रमा समावेश गर्नाले नगरको समस्त विकासका लागि योजना निर्माण गर्न सहयोग पुग्ने निश्चित छ । यसका साथै नगरको समग्र सूचना आवश्यक पर्ने जिज्ञासु र अध्ययन अनुसन्धानकर्तालाई पनि यो पार्श्वचित्र महत्वपूर्ण हुनेछ भन्ने कुरामा विश्वस्थ हुन सकिन्छ ।

मुख्य उद्देश्यहरू

नगरपालिकाको वस्तुगत विवरण वा पार्श्वचित्र निर्माणबाट आवश्यकता अनुसारका सूचना एकीकृत हुने र आवश्यकता अनुसार सूचना प्रबाह गर्न सकिने हुन्छ ।

यस पार्श्वचित्र निर्माण गर्नुका मुख्य उद्देश्यहरू निम्नानुसार छन् ।

- सुन्दरहरैँचा नगरपालिका भित्र बसोबास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैषिक तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।
- सुन्दरहरैँचा नगरपालिकाको वास्तविक र वस्तुगत सूचना सङ्कलन गरी व्यवस्थापन गर्ने ।
- सुन्दरहरैँचा नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत, साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने र त्यसको सदुपयोग गर्ने ।
- योजना छनोटपछि प्राथमिकता निर्धारणका लागि आधार तयार पार्ने ।
- स्थानीय विकासका लागि नवीन सोंच र चिन्तनको सम्भावना खोजीका लागि मार्ग प्रशस्त गर्ने ।
- सूचना माग गर्न आउने निकाय र व्यक्तिलाई सहजरूपले सूचना उपलब्ध गराउने ।
- नगरपालिका क्षेत्रको तथ्यांकको आधारमा जिल्ला तथा राष्ट्रियस्तरसम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्नु ।
- सुन्दरहरैँचा नगरपालिकाको आत्मविश्वास र कार्यदक्षता अभिवृद्धि गर्ने ।
- सुन्दरहरैँचा नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरुको अवगत गराउने ।
- नगरपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिती पहिचान गर्नु ।

यस पार्श्वचित्र निर्माणका उद्देश्यहरूमा सूचनाको व्यवस्थापन गरी आवश्यकता अनुसार नगरपालिकाका सूचनाहरू लिपिबद्ध गर्ने र प्रयोगमा ल्याउने कुरा निकै महत्वपूर्ण हुन्छ । विकास निर्माणका कार्यसँगसम्बन्धित निकायसँग समन्वय गरी स्थानीय मानिसहरूलाई सेवा सुविधा उपलब्ध गराउन पनि यसका सूचनाहरू उपयोगी हुनेछन् ।

अध्ययनको महत्व

विकासका प्रतिफलहरू स्थानीय जनता समक्ष पुऱ्याउन एवं सबै वर्गका मानिसहरूले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आजको प्रमुख आवश्यकता हुन्छ । आजको विश्वव्यापीकरण (Globalization) को युगमा समय सापेक्ष ढंगले समानुपातिक विकासका प्रकृयाहरू अगाडि बढाउन सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरूरी पर्दछ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तुस्थिति पहिचान गरी भावी विकास योजना र रणनीतिहरू तर्जुमा गर्न तथा विकासका विभिन्न प्रकारका क्रियाकलापहरू सञ्चालन गर्न विशेष महत्व राख्ने स्पष्ट छ । यसका अतिरिक्त प्रस्तुत पार्श्वचित्र सम्बन्धित क्षेत्रका संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, विकासका चिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरूलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको धेरै नै महत्व रहेको छ । तसर्थ यस नगरपालिकाको पार्श्वचित्र निर्माण गर्ने कार्य गर्न आवश्यक ठानिएको हो ।

अध्ययनको औचित्य

नेपाल सरकारले स्थानीय तह अन्तर्गत नगरपालिकाहरूलाई दिँदै आएको विकास अनुदानमा वर्षेनि वृद्धि गर्दै गएको छ । अझ संघीय गणतन्त्र नेपालको संविधान जारी भएपछि स्थानीय तहलाई स्थानीय सरकारका रूपमा लिएर सोही अनुसार अधिकार प्रत्यायोजन गरेको अवस्था छ । हिलो जिल्ला विकास समिति र अन्य जिल्लास्तरका सरकारी कार्यालयबाट दिइने सेवा सुविधाहरू अब स्थानीय सरकारको कार्यालय नगरपालिका वा नगरपालिकाबाट सहज रूपमा जनतालाई उपलब्ध गराउने अवस्था सिर्जना भएबाट विभिन्न कार्यलयबाट खर्च हुने बजे नगरपालिकामार्फत हुने अवस्था सिर्जना भएको छ ।

यसका साथै जनताबाट उठाइएको कर बापतको रकम नगरपालिकाहरूले योजनाबद्ध ढंगमा नियमसंगत रूपले खर्च गरून् भन्ने उद्देश्यले नेपाल सरकारले नगरपालिकाहरूको न्यूनतम शर्त मापनका सूचकहरू लागू गरेको छ । ती सूचकहरूमध्ये हरेक नगरपालिकाले आफ्नो क्षेत्रको वस्तुगत विवरण तयार गर्नुपर्ने अनिवार्य व्यवस्था मिलाएको छ, जसका कारण पनि यस नगरपालिकाको वस्तुगत विवरण अध्ययन गर्ने या पार्श्वचित्र निर्माण गर्ने कार्यको आवश्यकता भएको हो । नगरपालिकाले वस्तुगत विवरणको आधारमा नै स्रोत साधनको पहिचान र सही व्यवस्थापन गर्ने तथा उचित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन र मूल्यांङ्कन गर्ने हुनाले यो पार्श्वचित्र निर्माणको कार्य औचित्यपूर्ण छ । साथै, नगरपालिकाहरू सरकारका स्वायत निकायहरू पनि हुन् । यिनीहरूले संघीय सरकारको नीतिगत मातहतमा रही आफना योजनाहरू बनाउन र परियोजनाहरू सञ्चालन गर्न स्वायत छन् ।

त्यसैले जनताको माग अनुसारको योजना निर्माण गर्न पनि यस पार्श्वचित्रले सहयोग गर्ने हुनाले पनि यसको अध्ययन गर्ने कार्य अपरिहार्य हुन्छ । साथै, नगरपालिकाको पार्श्वचित्र विना नगरपालिका क्षेत्रको वास्तविक अवस्था के कस्तो छ भन्ने कुरा जान्न सकिदैन । नगरपालिका क्षेत्रको सबै पक्षको यथार्थ अवस्था झल्काउने दस्तावेजका रूपमा पार्श्वचित्र निर्माण आवश्यक र औचित्यपूर्ण रहेको छ ।

अध्ययन विधि

सुन्दरहरैंचा नगरपालिकाको पार्श्वचित्र तयार गर्नका लागि हालसम्म तयार भएका विभिन्न वस्तुगत विवरणहरूको अध्ययन गर्नुका साथै दीगो विकास लक्ष्यका लक्ष्य तथा सूचकहरूको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन र आवधिक नगर विकास योजना तर्जुमा मस्यौदा निर्देशिका आदि सामग्रीहरू अध्ययन गरिएको थियो । यसका साथै यस नगरपालिका क्षेत्रमा रही सामाजिक र राजनीतिक जीवनका विभिन्न क्षेत्रमा लामो समयदेखि काम गरिरहेका विज्ञहरूसँग गरेको परामर्शलाई पनि आधार मानिएको छ । यसरी पार्श्वचित्र तथा सूचना सङ्कलनको विधि निर्धारण गरेपछि तथ्यांक या सूचना सङ्कलन गर्ने तथा अनुसन्धानात्मक ढङ्गमा त्यसलाई विश्लेषण तथा प्रस्तुतीकरण गर्ने कार्य गरिएको छ । यसबाट सूचनाहरूको सत्यताको मात्रामा वृद्धि हुनुका साथै दोहोरोपना पनि हटेर गई पाश्वचित्र स्तरीय हुन गएको छ ।

पार्श्वचित्र निर्माणको लागि स्थानीय राजनीतिक दल तथा अन्य सरोकारवाला सामाजिक संघसंस्थाहरूको भेलामा र अन्तरक्रियामा व्यक्त उनीहरूको राय सुझावलाई आधार मानी जन अपेक्षा अनुरुपको ढाँचा अपनाइएको छ । समूहगत छलफल तथा अन्तरक्रिया लगायत सामाजिक अध्ययनका विभिन्न विधिहरू अबलम्बन गरिएका छन् । तथ्याङ्क विश्लेषणका क्रममा वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । यसैगरी जिल्ला तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित द्वितीय सूचनाका स्रोतहरू र विभिन्न संघसंस्थाका प्रतिवेदनहरू समेत अध्ययन, तुलना र विश्लेषण गरी समग्र नगरपालिकाको अवस्था झल्कने गरी यो पार्श्वचित्र तयार गरिएको हो ।

तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत पार्श्वचित्र तयारीका क्रममा सूचना संकलन तथा घरधुरी सर्वेक्षणबाट प्राप्त भएका तथ्यांकलाई CSPro 3.3 सफ्टवेयरमा डाटा इन्ट्री गरी तथ्यांकको सामाजिक विज्ञानको तथ्यांकीय कार्यक्रमको विधि (SPSS 11.2) बाट विश्लेषण गरिएको छ । प्राथमिक स्रोतबाट लिइएको तथ्यांकको विश्लेषण गर्दा घरधूरीलाई मुख्य आधार मानिएको छ । वार्ड र जातीयताको आधारमा वर्गीकरण गरिएको छ । सामूहिक छलफल जस्ता सहभागितामूलक विधिद्वारा प्राप्त सूचना/ तथ्याङ्कलाई पनि विश्लेषण गरी नक्सा, तालिका, चित्र तथा वृत्तचित्रमा समेत प्रस्तुत गरिएको छ । यस क्रममा घरधूरी सर्वेक्षणबाट प्राप्त सूचनालाई वर्णनात्मक तथ्याङ्कीय विधिबाट विश्लेषण गरिएको छ । यस प्रकार सुन्दरहरैंचा नगरपालिकाको समग्र स्थितिको विश्लेषण गरी यो पार्श्वचित्र तयार पारिएको छ । यस क्रममा वार्ड नम्बर र जातीय बनावटलाई मुख्य आधार मानेर विश्लेषण गरिएको छ ।

अध्ययनको क्षेत्र र सीमा

सामान्यतया पार्श्वचित्रको अध्ययन क्षेत्र विस्तृत हुन्छ । त्यसैले यहाँ अध्ययनको उद्देश्यले दर्शाएका विषयवस्तुलाई नै मुख्य क्षेत्रको रूपमा लिएर अध्ययन, विश्लेषण र प्रस्तुतीकरण गरिएको छ । साधन, स्रोत, समय, लागत र सूचनाको उपलब्धता लगायत अन्य विषयवस्तुको सीमितताका कारणले जुनसुकै अध्ययन पनि प्रभावित भई केही निश्चित सीमाभित्र बाँधिएको हुन्छ । त्यसैगरी यसको अर्को सीमा के हो भने यसले मोरङ सुन्दरहरैंचा नगरपालिकाभित्रका सूचनालाई मात्र महत्व दिएको छ ।

वास्तवमा सुन्दरहरैंचा नगरपालिकाको पार्श्वचित्र निर्माण गर्ने क्रममा प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोत सामग्रीको प्रयोग गरिएको छ । अझ बढी द्वितीय स्रोतकै सूचना प्रयोग गरिएको छ । जनगणना २०६८ को प्रतिवेदन, यस नगरपालिका समावेश भएका पूर्व नगरपालिका र पूर्व गाविसको अभिलेख, स्थानीय समुदायसँगको छलफल तथा अन्तरक्रियाबाट पनि महत्वपूर्ण तथ्याङ्क प्राप्त गरिएको छ । सम्बद्ध सरकारी कार्यालय तथा गैरसरकारी संस्थाहरूको प्रतिवेदनलाई पनि सूचनाको स्रोत मानिएको छ । तिनका प्रकाशित र अप्रकाशित दुवै प्रकारका प्रतिवेदनहरूको सहयोग लिइएको छ । प्राप्त सूचनाहरूलाई तालिकीकरण र विश्लेषण गर्दा द्वितीय स्रोतका रूपमा लिइएका प्रकाशनहरूमा भएका त्रुटी तथा कमजोरीहरूको प्रभाव अज्ञानताबस पर्नसक्ने संभावना नरहला भन्न सकिन्न । त्यसो हुन गएको पाइएमा स्रोतमा भएको कमजोरीलाई ठम्याउन नसकेको कारण हुन गएको त्रुटीका रूपमा लिई दिनुहुनेछ ।

खण्ड दुई

सुन्दरहरैंचा नगरपालिकाको परिचय

भौगोलिक अवस्थिति

नगरपालिकाको नाम : सुन्दरहैंचा नगरपालिका

समावेश भएका साविक नगरपालिकाहरू : कोशीहरैंचा र सुन्दरदुलारी न.पा
जनसंख्या : ८०५६२
क्षेत्रफल : ११०.१६ वर्ग किलोमिटर
केन्द्र : साविक कोशीहरैंचा नगरपालिकाको कार्यालय
वडा संख्या : १२

सीमाना :

पूर्व : बेलबारी न.पा पश्चिम : सुनसरी जिल्ला
उत्तर : केरावारी गा.पा दक्षिण : ग्रामथाम, बुढीगंगा गा.पा

वडा विभाजन

वडा नं.	समावेश भएका साविक न.पा	साविक वडा नं.	केन्द्र	घरधूरी संख्या	जनसंख्या
१	कोशीहरैंचा (हरैंचा)	१३,१४,१५	साविक हरैंचा गा.वि.स को कार्यालय	१५७१	६४८४
२	कोशीहरैंचा (मृगौलिया)	८,१०,११	साविक मृगौलिया गा.वि.स को कार्यालय	१६६६	६२५५
३	सुन्दरदुलारी (दुलारी)	८,९	लक्ष्मिनारायण मन्दिरको सभाहल	१२९१	५७४९
४	सुन्दरदुलारी (दुलारी)	१०,११	साविक सुन्दरदुलारी न.पा को कार्यालय	१४४९	६२८४
५	सुन्दरदुलारी (सुन्दरपुर)	५,६	तिनपैनी आसपास	१४४२	६२५५
६	सुन्दरदुलारी (सुन्दरपुर)	३,४,७	साविक सुन्दरपुर गा.वि.स कार्यालय	१७४२	७५४०
७	सुन्दरदुलारी (सुन्दरपुर)	१,२	ठढिया आसपास	१५८४	७०११
८	कोशीहरैंचा (मृगौलिया)	९,१२	सलकपुर चिरम स्मृती प्रतिष्ठान	१३३८	५२३८
९	कोशीहरैंचा (ईन्द्रपुर)	२,३	बुधबारे बजार	१८१०	८०२६
१०	कोशीहरैंचा (ईन्द्रपुर)	१	खोर्सानि बजार	१९४१	९१२९
११	कोशीहरैंचा (ईन्द्रपुर)	५,६,७	कर्जुनाचौक	१९८०	७१४७
१२	कोशीहरैंचा (ईन्द्रपुर)	४	साविक कोशीहरैंचा न.पा कार्यालय	११९१	५४४४
जम्मा				१९००५	८०५६२

हावापानी र तापक्रम

यस सुन्दरहरैंचा नगरपालिकाको हावापानी समशितोष्ण प्रकारको रहेको छ । यस नगरपालिकामा हिउँद याममा तापक्रम निकै कम हुने गर्दछ भने वर्षा याममा निकै गर्मी हुने गरेको छ । वि.स. २०७३ मा यहाँको न्यूनतम तापक्रम ४.८ डिग्री सेल्सियसदेखि अधिकतम तापक्रम ४०.४ डिग्री सेल्सियसका बीच रहेको पाइएको छ । यस नगरपालिकामा वर्षा याममा ज्यादा वर्षा हुन्छ भने हिउँदमा कम वर्षा हुने गर्दछ । यहाँ वि.सं. २०७३ मा एक दिनमा बढीमा ८४ मिलिलिटरसम्म वर्षा भएको पाइएको थियो । यहाँ आर्थिक वर्ष २०७२/२०७३ मा वर्षभरिमा करिब १०७९.८ मिलिलिटर पानी परेको पूर्वाञ्चल क्षेत्रीय हावापानी कार्यालय धरानले जनाएको छ ।

नदीनाला

सुन्दरहरैंचा नगरपालिकाको पूर्व पश्चिम सिमाना किस्ती खोला र बुढी खोलाले छुट्टयाउछ । भौगोलिक कालखण्डको इतिहासमा यहाँ बग्ने साना र ठूला नदी, नालाहरु प्रशस्त पोखरी, ताल, तलैयाहरुको निर्माण हुन गएको छ । यहाँ भएका प्रमुख नदी, खोलाहरुमा बुढी खोला, गछियाखोला, लोहोन्द्रा खोला, भोर्जना खोला, तेलीया खोला, झरना खोला, सुकुना खोला,मधावा खोला, हसिना ताल रहेका छन् । वर्षादको समयमा पहाडी भूभागमा पानी पर्दा पनि यिनमा बाढी आएको देख्न पाइन्छ । त्यसबेला बाढी र नदी कटानको समस्या देखिने गरेको छ । यस नगर भएर बग्ने मुख्य खोला बुढी खोला, गछिया खोला, लोहोन्द्रा खोलाले खोलाको किनारमा पर्ने वस्तीरुमा भूक्षय तथा जमिन कटान गर्ने गरेको पाइन्छ ।

वन जङ्गल र वन्यजन्तु

पूर्वाञ्चल क्षेत्रको कोसी अञ्चलको तराईको जिल्ला मोरङ वनजंगल र जैविक विविधताको दृष्टिकोणले अद्यापी सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ । मोरङ जिल्लाको यस नगरपालिकामा कुल क्षेत्रफल ११०.१६ वर्ग किलोमिटर मध्ये २० प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ । जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ ।

यस नगरमा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा । यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कञ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन् ।

ऐतिहासिक पृष्ठभूमि

मोरङ जिल्लाको सदरमुकाम विराटनगर देखि करिब २० किलोमिटरको दुरीमा रहेको सुन्दरहरैंचा नगरपालिकाको पूर्वमा बेलबारी नगरपालिका, पश्चिममा सुनसरी जिल्ला, उत्तरमा केरावारी गाउँपालिका तथा दक्षिणमा ग्रामथाम गाउँपालिका सँग सिमाना जोडिएको छ । मिति २०७३ साल फाल्गुण २७ गतेको नेपाल सरकारको निर्णय बमोजिम यस नगरपालिकाको गठन भएको हो । कुनै बेला हरैंचा मोरङ जिल्लाको सदरमुकाम समेत रहेको भन्ने विश्वास गरीएकोमा हाल आएर सुन्दरदुलारी नगरपालिका र कोसीहरैंचा नगरपालिकाको सुखद समायोजनबाट सुन्दरहरैंचा नगरपालिकाको निर्माण भएको हो । मोरङ जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै सम्भावना बोकेको नगरपालिकाको रुपमा सुन्दरहरैंचा नगरपालिका त छदैंछ यसका अतिरिक्त सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । यस नगरपालिकामा १२ वटा वडा हरु रहेका छन् । अर्धसहरी क्षेत्रको रुपमा रहेको नगरपालिकामा आर्थिक गतिविधीका लागि पुर्वाञ्चलका मुख्य बजार मध्येकै एक बजार क्षेत्रको रुपमा रहेको सुन्दरहरैंचा व्यापार, उधोग, कलकारखाना, प्राकृतिक स्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारीक आम्दानीमा वैदेशिक रोजगारीको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य स्रोतको रुपमा व्यापार, कृषि तथा पशुपालन रहेको छ । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने कम अत्याधिक बढिरहेको छ । नगरपालिका भित्र रमणीय हसिना सिमसार, बुढिगंगाको किनारमा रहेको नयाँ वृन्द्रावन गौशाला, किचमगढी, बाधझोडा लयागत विभिन्न धार्मिक स्थल तथा अवलोकन गर्न लायक कृषि पशुपालन क्षेत्रले सबैलाई मनमोहक तुल्याउन सक्ने देखिन्छ । यस नगरक्षेत्र भएर बग्ने बुढीगंगा नदी र गछिया खोलाले यस नगरपालिकाको सिचाई र आम्दानीको स्रोतवृद्धिका लागि सहयोग पुर्याएका छन् । यस नगरपालिकाको मध्यभागमा पर्ने विश्वविधालय क्षेत्र लगायतका स्थानहरु उतिकै रुपमा विकसित बजारमा परिणत हुदैं गएका छन् ।

विकासका प्रशस्त सम्भावनाहरु बोकेको यस नगरपालिका आफुलाई पूर्ण खोप युक्त नगरपालिकाको रुपमा घोषणा गर्न सफल भएको र खुल्ला दिशामुक्त नगरपालिका घोषणा हुने अन्तिम चरणमा पुगेको साथै वातावरण मैत्री, बालमैत्री र पूर्ण साक्षर नगरपालिका हुने गन्तब्यतर्फ अघि बढिरहेको छ । यस नगरपालिकामा आधारभूत देखि उच्च शिक्षा सम्म प्रदान गर्ने शैषिक संस्था उल्लेख्य मात्रामा रहेका छन् । उध्ययनका लागि यस नगरपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विधार्थीका अलावा अन्य छिमेकी गा.वि.स/नगरपालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् । यस नगरपालिकाका बासिन्दालाई माग बमोजिमको खानेपानी उपलब्ध भइरहेको छैन ।

नगरपालिकाको अधिकाशं भू-भागबाट आन्तरिक तथा बाह्य बसाइसराईको कम तिव्ररुपमा बढिरहेको हुदाँ ती स्थानमा व्यवस्थित नगर योजना बनाएर बाटो, खानेपानी, ढल निकासा इत्यादीको समयमै विकास गर्नुपर्ने चुनौती रहेको छ । यस नगरमा साना ठूला गरी करिब एक दर्जन भन्दा बढी प्राकृतिक ताल तलैया रहेको छ । सुन्दरहरैंचा नगरपालिकाको जलवायुको आधारमा बसोबासको लागि तराईका अन्य नगरहरुमध्ये उपयुक्त मानिएको छ । ग्रामिण क्षेत्रको सडकहरुको सञ्जाल समेत विकास भइसकेको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरु समेत अन्य नगरहरुको दाँजोमा सुलभ रहेको सन्दर्भमा नगरका सहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा

समेत बस्ती एवम् बस्ती श्रृखलाहरुको विकास तिब्ररुपमा भइरहेको छ । हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विधालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको सुगम यातायात सुविधा हुनाले पनि ग्रामिण बस्ती विकासका लागि योगदान पुर्याइ रहेको पाइन्छ । स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिदैंन । अन्त्यमा स्थानीय तहको रुपमा कार्यारत यस नगरपालिकाले नगरवासिहरुमा आफ्ना सेवाहरु सर्वसुलभ र छिटो, छरितो रुपमा उपलब्ध गराउनुका साथै स्वच्छ र सफा खानेपानिको सुविधा उपलब्ध गराउने, प्रत्येक वडाहरुबाट बजार आउन जान यातायात चल्न सक्ने किसिमले कच्चि सडकहरुलाई क्रमश ग्राभेल, कालोपत्रे गर्ने । महिला, जनजाती तथा पिछडिएका वर्ग र समुदायहरुमा सामाजिक सेवा उपलब्ध गराउन पूर्वधारहरुको स्थापना गराउन सहयोग गर्ने, उन्नत कृषि प्रणाली, सामुदायिक वन उपभोक्ता समितिलाई कृर्याशिल पार्ने तथा सो सम्बन्धित जनचेतना जगाउने खालका कार्यक्रमहरु संचालन गर्ने गराउने, वृक्षारोपण गर्ने गराउने तथा वातावरणिय सन्तुलन कायम राख्ने कार्यमा सहयोग पुर्याउने, सुव्यवस्थित बसोवासको व्यवस्था तथा सहरी सरसफाई, ल्याण्डफिल्ड साईट, पशुबधशाला, व्यवस्थित बसपार्क तथा रगंशाला, कालोपत्रे तथा ढल निकाशाको कार्यक्रमहरुलाई प्राथमिकता दिने र चरणबद्ध रुपमा सहरी पूर्वाधार सिर्जना गर्दै जाने, महिला तथा पिछडिएका जनजातीमा स्वोरोजगारको अवस्था सिर्जना गर्ने विभिन्न सिपमुलक तालिमको माध्यमबाट सहयोग उपलब्ध गराउने, ग्रामिण ईलाकामा बसोबास गर्ने नगरबासीहरुका न्युनतम आधारभुत आवश्यकता पुरा गर्न नगरक्षेत्रमा बसोबास गर्ने निरक्षरहरुलाई साक्षर बनाउने, प्राकृतिक सौन्दर्य र सास्कृतिक धरोहरको संरक्षण र सम्बद्धनका साथै पर्यटकिय महत्वलाई उजागर गर्ने लक्ष्य लिई आफ्नो श्रोत र साधनले भ्याए सम्म अविरल गतिमा अगाडि बढाउनको लागि यहाँका सचेत नागरीक, नगरपालिकाको सुन्दर भविश्यप्रति एक मत हुने राजनैतिक दल, नगरपालिकालाई चिनाउन अहम भुमिका खेल्ने पत्रकार, उत्साहित करदाता, उत्प्रेरीत अनि लगनशिल कर्मचारीहरुनै यस नगरपालिकाको परिचयलाई स्थापित गराउने मुल आधार हुन भन्दा अतियुक्ति नहोला ।

राजनैतिक विभाजन

पूर्वाञ्चल विकास क्षेत्र मोरङ जिल्ला अर्न्तगत पर्ने सुन्दरहरैंचा नगरपालिका कुनै समय मोरङ जिल्लाको सदरमुकाम समेत रहेको भनि विश्वास गरिएको हरैचा, पछि हरैचा गाविस, हरैचा गा.वि.स.बाट २०३९ सालमा निर्माण भएको ईन्द्रपुर गाविस र मृगौलिया गाविसहरुलाई मिलाएर नेपाल सरकारले मिति २०७१ साल वैशाख २५ गतेको निर्णय बमोजिम कोशीहरैंचा नगरपालिकाको गठन भएको थियो भने साविक दुलारी गा.वि.स. विभाजित भई २०३९ सालमा सुन्दरपुर गा.वि.स. र दुलारी गा.वि.स. कायम भएकोमा नेपाल सरकारको मिति २०७१ वैशाख २५ गतेको निर्णयबाट एकिकृत भई सुन्दरदुलारी नगरपालिका भएको हो । ऐतिहासिक कथनका आधारमा मानव बस्ती बस्नु अघि तराईको सम्पूर्ण क्षेत्र घना जंगलले ढाकिएको थियो । वि.सं. २०२१ सालमा भूमिसुधार ऐनले व्यवस्था गरेको जिमिदारी भूमि व्यवस्था सुन्दरपुर मौजाअर्न्तगत हालका मुर्गाटोली, घपटोली गाउँ र बलिया गाउँको केही क्षेत्र पर्दथ्यो । यसैको आधारमा २०३१ सालमा साजीलाला माध्यमिक विद्यालयले "सुन्दुरपुर" भनेर लेख्न थालेको पाइन्छ । खासगरी मृर्गाटोली नामभन्दा सुन्दरपुर भन्ने नाम जनजिब्रोमा सजिलो र राम्रो भएकोले २०३९ सालमा दुलारीबाट अलग भई यो यो गाविसको निर्माण हुँदा "सुन्दरपुर" भनेर नामाकरण भएको मानिन्छ । त्यसै गरी दुलारी गाउँ विकास समिति क्षेत्रपनि पूर्वको प्रवेशद्वारको रूपमा रहेको दुलारी बजार

हो । नेपाल सरकारको मिति २०७१ साल बैशाख २५ गतेको निर्णयअनुसार पुनः सुन्दरपुर र दुलारी गा.वि.स. समेटी सुन्दरदुलारी नगरपालिका स्थापना भएको छ ।

नेपाल सरकारले संघियता कार्यान्वयन गराउने क्रममा स्थानीय तहको संख्या घटाउने क्रममा साविक कोसीहरैंचा नगरपालिका र साविक सुन्दरदुलारी नगरपालिकाको सुखद समायोजनबाट नेपालकै नगरपालिका नगरपालिका समायोजन भएर बनेको पहिलो नगरपालिकाको रुपमा सुन्दरहरैंचा नगरपालिकालाई लिन सकिन्छ । यस नगरपालिकामा १२ वटा वडा रहेका छन् भने यसको कुल क्षेत्रफल ११०.१६ वर्ग किलोमिटर रहेको छ ।

संभावना : अवसर र चुनौतिहरू

मोरङको सुन्दरहरैंचा नगरपालिकाको जनघनत्व मोरङ जिल्लाको औसत जनघनत्व भन्दा अत्यधिक बढि रहेको छ । अर्थात, मोरङ जिल्लाको जनघनत्व ५२० जना प्रति वर्ग किलोमिटर रहेको छ भने यस नगरपालिकाको जनघनत्व ७२९ जना प्रति वर्ग किलोमिटर रहेको छ । यो नगरपालिका बेलबारी नगरपालिका, केराबारी गाउँपालिका, ग्रामथाम गाउँपालिका तथा इटहरी उप महानगरपालिकाको बीचमा पर्दछ । नगर क्षेत्रमा रहेका सम्भाव्यता र अवसरअन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार र ताल तलैयामा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसायजस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् । समग्रमा सुन्दरहरैंचा नगरपालिकाको नगर क्षेत्रमा हेर्दा कृषि पेशा अङ्गाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ । नगरमा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफुल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् ।

हाल, भइरहेको निर्वाहमुखी खेतीलाई व्यवसायमूलक बनाउन सकेको खण्डमा यहाँका मानिसहरूको जीवनस्तर उकास्न धेरै समय पर्खनुपर्दैन । हाल बजारमा बढ्दो विषादीयुक्त तरकारीले मानिसहरूको स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याइरहेको छ । मानिसहरू अलिकति बढी मूल्य तिरेर भए पनि अर्ग्यानिक मलद्वारा उत्पादित वस्तुहरूको खोजीमा छन्, जसका लागि भरपर्दो अर्ग्यानिक वस्तु उत्पादक कृषक समूह वा संस्थाहरू यसमा लाग्नु जरूरी देखिन्छ । त्यसैले बजारलाई लक्षित गरेर कृषि र अन्य उत्पादन गर्न सक्दा यस नगरपालिकाको समृद्धिका लागि प्रशस्त संभावनाहरू पहिल्याउन सक्ने अवस्था रहेको छ ।

आधुनिक तथा वैज्ञानिक ढङ्गले पशुपालन गरी पशुजन्य वस्तु उत्पादन बढाई नगरलाई सम्पन्न गर्न सकिने सम्भावना पनि छ । अब नगरपालिकाले स्वायत निकायको रूपमा आफ्नै पहलमा आर्थिक स्रोत पहिचान गरी आमदानी बढाउन सक्ने भएकोले केन्द्रीय बजेटको साथसाथै स्थानीय आमदानीबाट समेत गरी विकासका कार्यक्रमहरू सञ्चालन गर्न सक्ने प्रशस्त संभावना रहेको छ । यस नगरपालिकामात्र नभई समग्र नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू सृजना नभएकोले बैदेशिक रोजगारीमा युवाहरूको आकर्षण बढेको देखिन्छ । युवालक्षित सीपमुलक तालिम सञ्चालन गरी युवाहरूलाई

रोजगारी सृजना गर्नु पर्ने देखिन्छ । यस्तो हुन सकेमा युवा जनशक्तिलाई स्वदेशमै उपयोग गर्न सकिन्छ । बैदेशिक रोजगारमा जाने भएमा पनि सीपमुलक तालिमले सहयोग गर्ने छ । यसका अतिरिक्त सुन्दरहरैंचा नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनाका उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- नगरपालिका क्षेत्रभित्र रहेका नहर मार्फत पानी सिंचाई गरी व्यावसायिक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेख्य वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तरोन्ति गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले यातायातको भरपुर सुविधा लिनुका साथै समग्र नगरपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यावसायिक कृषि उत्पादनलाई जोड दिनु सहज तथा उचित देखिन्छ ।
- मोरङ्ग जिल्लाको उत्तरपूर्वी क्षेत्रमा अवस्थित यस नगरपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- हसिना सिमसार हुँदै फोकल्याण्ड टापु भ्रमण तथा होम स्टेको रुपमा विकास गर्दै लैजानु पर्ने देखिन्छ ।

पर्यटकीय क्षेत्र

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीक बहुधर्म र सामाजिक विविधता एवम् ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रूपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवम् गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

प्राकृतिक ताल, तलैया, सिमसार क्षेत्र तथा नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको भ्रमण हुने गर्दछ । भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला नदी, नालाहरू प्रशस्त पोखरी, ताल, तलैयाहरूको निर्माण हुन गएको छ । यहाँ भएका प्रमुख नदी/खोलाहरूमा बुढी खोला, गछियाखोला, लोहोद्रा खोला, किस्ती खोला, भोर्जना खोला, तेलीया खोला, मधावा खोला, हसिना ताल आदि हुन् भने हसिना सिमसार क्षेत्र, नयाँ वृन्द्रावन गौशाला, वृद्धगंगाका सम्पूर्ण क्षेत्र, बाघझोडा, किचमगढी, साकेला थान, पचाम ग्राम थान, काली खोला, भुल्के जलाधार संरक्षण क्षेत्र, सामुदायिक वनक्षेत्र रमणिय तथा मुख्य पर्यटकिय स्थलहरू हुन् र राजमार्गसँगैको वडा नं.

४ मा निजीक्षेत्रको गोकुलम् र गोकर्ण रिसोर्ट पनि रहेको छ । यसका अतिरिक्त नगरमा भएका महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरूको विवरण तल उल्लेख गरिएको छ ।

१. हसिना सिमसार :

सुन्दरहरैंचा नगरपालिका ५ स्थित हसिना सिमसार क्षेत्र बाँसबारी चोकबाट करिब पाँच किलोमिटर उत्तर लागेपछि सो स्थानमा पुग्न सकिन्छ । यो सिमसार क्षेत्र करिब ७५ बिधा क्षेत्रफलमा फैलिएको छ । बहुसंख्यक देवीदेवताका मन्दिर, विभिन्न प्रजातिका वनस्पति, जीवजन्तु र पशुपन्छीको बासस्थान समेत रहेको यो क्षेत्र पर्यटकीय मात्र नभै वनभोज, अध्ययन-अनुसन्धान र अवलोकनका लागि समेत उतिकै उपयोगी रहेको छ । यो क्षेत्रमा नगरपालिका, नेपाल पर्यटन बोर्ड र जिविस मोरङले पनि बजेट उपलब्ध गराएपछि हालसम्म एउटा कलात्मक पानी ट्याङी, शान्तिका अग्रदूत बुद्धको जन्मेदेखि मृत्यु सम्मका विभिन्न अवस्था समेटिएको पूर्वाचञ्लकै ठूलो बुद्धको प्रतिमा र यो क्षेत्रको पोखरीमा डुंगा सञ्चालन गर्ने तयारी समेत भइरहेको छ । यस क्षेत्र भित्र आकर्शक प्रवेशद्धार, विभिन्न कलात्मक शान्तिको प्रतीक परेवाको प्रतिमा, विश्व मानचित्रको प्रतिमा, बुद्धको प्रतिमा, नागपोखरीमा नागको प्रतिमा, विश्वमानै लोप भइसकेको डाइनोसरको प्रतिमा निर्माण गरी पर्यटकलाई लोभ्याइएको छ ।

(हसिना सिमसार क्षेत्र)

२. बागझोडा सिमसार क्षेत्र :

नदी, नाला, तलाउँ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरु खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरुलाई सिमसार भनिन्छ । बाघझोडा सिमसार क्षेत्र सुन्दरहैंचा नगरपालिकाको उत्तरतर्फ रहेको छ । यस क्षेत्रमा सुकुना सामुदायिक वन, उपभोक्ता समिति बाघझोडा मार्फत संचालन र व्यवस्थापन रहेको छ । यस सामुदायिक वनमा सालका रुखहरु प्रशस्त मात्रामा पाईन्छन् । यस सिमसार क्षेत्रको उत्तरपूर्वी क्षेत्रमा २ वटा तालहरु सिमसार क्षेत्रको रुपमा रहेका छन् । यसबाट सिँचाई नपुगेका क्षेत्रहरुमा व्यवस्थित योजना बनाएर सिँचाई गर्न सकिने सम्भावना रहेको छ । साथै, नगरको प्राकृतिक वातावरणलाई सुन्दरता प्रदान गरेको छ । यस बाघझोडा क्षेत्रमा धार्मिक मन्दिर तथा खेल मैदान पनि रहेको छ । यस मैदानको व्यवस्थित उपयोग गर्न सके यस नगरबाट प्रतिभावान खेलाडी उत्पादन गर्न सकिने सम्भावना समेत रहेको छ ।

(बाघझोडा सिमसार क्षेत्र)

३. किचमगढी :

सुन्दरहरैंचा नगरपालिकाको वडा नं. १ मा यस गढी रहेको छ । यो गढी ऐतीहासिक, धार्मिक, पुरातात्विक दृटिकोणले राष्ट्रिय सम्पदाको हैसियत बोकेको स्थान मान्न सकिन्छ । वृद्धवृद्धाको भनाई एवम् जनश्रुतिका आधारमा यस गढी पहिले निकै फराकिलो, उच्च डाँडो, अण्डाकार, घना जंगल भएको, वरिपरि ठूलो र गहिरो जलाशय भई चारैतिरको भूभाग पूर्णरुपमा धाप हुनुका साथै अव्यवस्थित रुपमा रहेको थियो । त्यस स्थानमा जान पूर्वउत्तर र पूर्वदक्षिण गरी दुई वटा साना बाटोका अतिरित्त कुनै बाटा थिएनन् । पूजाआजाको पर्वमा समूहगत रुपमा बाहेक अन्य समयमा एक्लै- दोक्लै यस गढीको परिसरमा जान मानिसहरु डराउँथें । आश्चर्य लाग्ने कुरा त के छ भने यहाँ कुनै बेला सेतो सिंह, सेतो हात्ती र कुनै बेला बुलाकी लगाएका ठूला सर्पहरु र यस्तै अन्य दृष्यादृष्य सरिसृप जनावरका साथै अनौठा जीवहरु भेटिने हुनाले यस गढीमा मानिसहरु एक्लै जान हिचकिचाउथें ।

गढीको पूर्व भौगोलिक तथा अलौकिक शक्रिका सन्दर्भमा तथ्यगत अवस्था नियाल्दा छोटो समयमा निकै ठूलो परिवर्तन भएको स्पष्ट देखिन्छ । हाल यो गढी साँगुरो र होचो हुँदै गएको छ । गढी वरिपरिका जलाशय तथा धापहरु पूरा समाप्त भई सुख्खा खेती योग्य जमिनमा परिणत हुँदै गएका, पुराना र ठूला रुखहरु सम्पूर्ण काटिई उजाड भएका छन् । दुइचार वर्ष अघिमात्र केही राजनीतिक दल तथा गाउँबासीहरुबाट केही वृक्षारोपण गरिएको र ग्रामथान नामक दुईओटा साना मन्दिर निर्माण गरिएका छन् । साथै यो स्थानसम्म पुग्ने कच्ची धुलौटे बाटो निर्माण भएको छ । पूजा व्यवस्थापन समिति गठन गरिएको र हरेक वर्ष वैशाख १४ गते परम्परागत पूजनोत्सव हुनुका साथै सोही दिन १ दिने मेला लाग्ने गरेको छ ।

४. नयाँ वृन्द्रावन गौशाला :

सुन्दरहरैंचा नगरपालिकाको पश्चिमी सिमाना सुनसरी जिल्ला सगँ जोडिएको छ सोहि सीमा जोडिएको बूढीखोला तर्फ निर्माण भैरहेको नयाँ वृन्द्रावन गौशालाले धार्मिक पर्यटकीय प्रबद्धन र धामिृकग्राम निर्माणका लागि प्रशस्त सम्भावना देखिएको छ । द्वापरयुगमा भगवान् श्रीकृष्णले आफ्नो कृणलीला देखाएको पवित्र तीर्थस्थल वृन्द्रावन गौशालालाई सचित्र रुपमा जस्ताको त्यस्तै निर्माण गर्ने अभियान नयाँ वृन्द्रावन गौशालामा थालनी गरीएको छ । राधेश्याम सेवा ट्रष्टको पहल तथा श्री १०८ दीनबन्धु शास्त्री महाराजको पहलमा स्थानीयहरुको सहयोगमा अहिले सुन्दरहरैंचामा नयाँ वृन्द्रावन गौशाला निर्माण भइरहेको छ । चार कठ्ठा जमिनबाट निर्माण सुरु

गरीएको यो धार्मिकग्राम अहिले सात बिधाभन्दा बढी क्षेत्रफलमा पुगिसकेको छ भने सो क्षेत्रमा नेपालकै ठूलो राधाकृष्णको मन्दिरको भुईतलाको निर्माण कार्य सम्पन्न भइसकेको छ । एक सय २९ फिट लम्बाइ, ८६ फिट चौडाइको यो मन्दिर एक हजार तीस वर्ग मिटर क्षेत्रफलमा फैलिएको छ । श्री कृष्णले गरेका विभिन्न कार्यहरुलाई सचित्र रुपमा निर्माण गर्ने योजना रहेको यो क्षेत्रमा धार्मिक पर्यटकहरुलाई भित्रयाउने विभिन्न धार्मिक अनुष्ठाका कामहरु पनि बर्सेनी हुने गरेको छ । पहिले खोलाको झाडिले भरिएको क्षेत्र अहिले धार्मिक पर्यटकीय स्थलका रुपमा विकास भएको छ । अहिले निर्माण भइरहेको नयाँ वृन्द्रावन गौशालामा हाल १४ वटा गाई र बाच्छाबाच्छी समेत संरक्षण गरिएको छ भने नदी नियन्त्रणका लागि वृक्षारोपणका कामहरु समेत भएका छन् ।

अन्य पर्यटकीय स्थलहरु :

सि.न	पर्यटकिय स्थलको नाम	मेला लाग्ने दिन	प्रसिद्धिको कारण
१	हसिना सिमसार	बनभोज भईरहने	सिमसार क्षेत्र
२.	बाघझोडा सिमसार	बनभोज भईरहने	सिमसार क्षेत्र
३.	भुल्के जलाधार संरक्षण क्षेत्र	धार्मीक पर्यटन	सिमसार, जरुवा पानी र मन्दिर
४.	काली खोला क्षेत्र	मकर संत्रान्ती	सिमसार र मन्दिर
५.	किचमगडी क्षेत्र	इतिहासीक, धार्मीक, सांस्कतिक क्षेत्र	ऐतिहासिक पुरातात्विक स्थान
६.	साकेला थान	चार्ड पर्व आदिको समयमा	जातिय सांस्कृतिक र धार्मीक
७.	ग्रामथाम धार्मीक स्थल	धार्मीक पर्यद्न	मन्दिर आदि
८.	पचाम ग्राम थाम	धार्मीक	
९.	नेपाली जामे मस्जिद	ईद र बकरईदमा भेला हुने	मुस्लिम धर्मावलम्विहरुको प्रमुख मस्जिद
१०.	मृगौलिया ग्राम थाम	बैशाख १४	धार्मीक स्थल
११.	करैवना	बैशाख १३	धार्मीक
१२.	मझुवा	बैशाख १५	धार्मीक

१३.	देविस्थान धार्मीक स्थल	बैशाख पूर्णीमा	धार्मीक स्थल
१४.	विभिन्न क्रियासिल चर्चहरु	क्रिसमस	धार्मिक आस्था
१५.	गोकुलम रिसोर्ट	पर्यटकिय क्षेत्र	पारिवारिक घुमफिर तथा वनभोजका लागि प्रसिद्ध
१६.	गोकर्ण रिसोर्ट	रिसोर्ट सेन्टर	पारिवारिक घुमफिर तथा वनभोजका लागि प्रसिद्ध

नगरपालिकाको अन्तर सम्बन्ध

नगरहरुको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ । सम्बन्धको प्रकृति र दुरी नगरहरू बिच फरक-फरक हुन सक्छ । मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरले अर्को नगरमा निर्भर रहनु पर्ने हुन्छ । ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन् । यस नगरपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य नगर तथा गाउँबाट आउने गरेको देखिन्छ । पहाडी क्षेत्रबाट कृषि र बनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन । तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा सुविधा सम्पन्न भएकोले बसाई सराईको प्रबृत्ति निकै बढी देखिन्छ । भौगोलिक रुपमा एउटै क्षेत्रमा अवस्थित हुँदा हवाई र सडक यातायातको सुविधाका कारणले सुविधा उपलब्ध नगरहरूमा सेवा लिन जाने गर्दछन । मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ । यी विविध कारणले अन्तरनगरपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ ।

साथै, यस नगरपालिकाको छिमेकी गा.वि.स./नगरपालिका तथा जिल्ला विकास समिति जस्ता सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

खण्ड तीन

आधारभूत तथ्याङ्क विश्लेषण

व्यक्तिगत विवरण

जनसङ्ख्याको विवरण

सुन्दरहरैंचा नगरपालिकाको वि.सं. २०७४ को कूल जनसङ्ख्या ८०५६२ जना रहेको छ, जसमा महिला ४२३१६ जना र पुरूष ३८२४६ जना रहेका छन् । सुन्दरहरैंचा नगरपालिकामा घरपरिवार सङ्ख्या भने १९००५ रहेको छ । यहाँको औसत परिवार सङ्ख्या ४.२४ रहेको पाइन्छ ।

तालिका नं. १

घरपरिवार तथा लिङ्ग अनुसार जनसङ्ख्या विवरण

वडा नं.	लिङ्ग (२०६८)		जम्मा	घरपरिवार संख्या	औसत परिवार संख्या	लैङ्गिक अनुपात
	महिला	पुरुष				
१	३०५३	३४३१	६४८४	१५७१	४.१३	८८.९८
२	२९९३	३२६२	६२५५	१६६६	३.७६	९१.७५
३	२७२२	३०२७	५७४९	१२९१	४.४५	८९.९३
४	२९८४	३३००	६२८४	१४४९	४.३४	९०.४३
५	२९५२	३३०३	६२५५	१४४२	४.३४	८९.३७
६	३५०३	४०३७	७५४०	१७४२	४.३३	८६.७७
७	३२८५	३७२६	७०११	१५८४	४.४३	८८.१७
८	२३९६	२८४२	५२३८	१३३८	३९२	८४.३१
९	४१०५	३९२१	८०२६	१८१०	४.४४	१०४.६९
१०	४२११	४९१८	९१२९	१९४१	४.७०	८५६३
११	३३२२	३८२५	७१४७	१९८०	३.६१	८६.८४
१२	२७२०	२७२४	५४४४	११९१	४.५७	९९.८६
जम्मा	**४२३१६**	**३८२४६**	**८०५६२**	१९००५	**४.२४**	**९०.५६**

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

वि.सं. २०६८ को जनगणनाको प्रतिवेदनको आधारमा जनसंख्याको तुलना गर्दा यहाँको जनसङ्ख्या र घरपरिवार सङ्ख्या दुवै बढेको छ । वडागत आधारमा सबैभन्दा बढी घरपरिवार

भएको वडा नं. ११ हो, जसमा १९८० घरपरिवार र जनसङ्ख्या ७४७६ रहेको छ । यता सवैभन्दा कम घरपरिवार वडा नं. ३ मा ५९५ रहेको छ जहाँको जनसङ्ख्या ७१४७ रहेको छ ।

सुन्दरहरैंचा नगरपालिकाको लैङ्गिक अनुपात भने ९०.५६ रहेको छ । यसको अर्थ हो, यहाँ १०० जना महिला बराबर करिब ९१ जना पुरुष रहन्छन् । महिलाको जनसंख्या पुरुषको भन्दा बढी भएकोले यस्तो अवस्था आएको हो । यसबाट यस नगरपालिकामा महिलाको तुलनामा पुरुषको सङ्ख्या कम रहेको पाइएको छ ।

विभिन्न वर्षहरूको अनुमानित जनसङ्ख्या

सुन्दरहरैंर्चा नगरपालिकाको वि.सं. २०६८ मा यहाँको जनसङ्ख्या ५०७५८ थियो, जसमा महिला २५८०१ जना र पुरूष २४९५७ जना रहेका थिए । सङ्ख्यागत रूपमा विगत ६ वर्षको अन्तरालमा यस नगरपालिकाको जनसङ्ख्या २६०६ जनाले बढोत्तरी भई वि.सं. २०७४ मा जम्मा जनसङ्ख्या ५३३६४ जना पुगेको छ भने वि.सं. २०७५ मा यो जनसंख्या वृद्धि भई ५३८११ पुग्ने अनुमान छ ।

तलको तालिकामा हेर्नुहोस् ।

तालिका नं. ३

नगरपालिकाको लिङ्ग अनुसार विभिन्न वर्षहरूको अनुमानित जनसङ्ख्या विवरण ।

सि.न.	**लिङ्ग (२०६८)**			**२०७४ को अनुमानित जनसङ्ख्या**			**२०७५ को अनुमानित जनसङ्ख्या**			**जनसंख्या दोब्बर हुन लाग्ने समय**
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
१	४२३१६	३८२४६	८०५६२	५०३८४	४४६८०	९५०६४	५१८९५	४६०२१	९७९१६	३४
जम्मा	**४२३१६**	**३८२४६**	**८०५६२**	**५०३८४**	**४४६८०**	**९५०६४**	**५१८९५**	**४६०२१**	**९७९१६**	**३४**

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

यही अनुपातमा बृद्धि हुदै जाँदा आगामी २४ वर्षमा यहाँको जनसंख्या दोब्बर हुनेछ संभावना छ । जबकि नेपालको कुल जनसंख्या दोब्बर हुन लाग्ने समय ५२ वर्ष रहेको छ । माथिको तालिकालाई तलको स्तम्ब चित्रद्धारा पनि प्रष्ट पार्न सकिन्छ ।



लिङ्ग अनुसार घरमुली

सुन्दरहरैंचा नगरपालिकाको जनसङ्ख्याको विवरण हेर्दा यहाँ महिलाको तुलनामा पुरूष घरमुलीहरूको सङ्ख्या धेरै रहेको देखिन्छ । यस नगरपालिकामा जम्मा १९००५ घरपरिवार मध्ये १३४४२ जना घरमुली पुरूष रहेका छन् । महिला घरमुलीको सङ्ख्या पुरुषको तुलनामा कम ५५८३ जना रहेको छ ।

तलको तालिकामा लिङ्ग अनुसारको घरमुलीको सङ्ख्या सहित वडागत विवरण देखाइएको छ ।

तालिका नं. ५
लिङ्ग अनुसार घरपरिवार मूलीको सङ्ख्या

वडा नं.	लिङ्ग		जम्मा
	महिला	पुरुष	
१	४१०	११६१	१५७१
२	३४२	१३२४	१६६६
३	३४३	९४८	१२९१
४	३७९	१०७०	१४४९
५	३८०	१०६२	१४४२
६	५८०	११६२	१७४२
७	४८०	११०४	१५८४
८	४७८	८६०	१३३८
९	५९९	१२११	१८१०
१०	७५०	११९१	१९४१

११	५५३	१४२७	१९८०
१२	२८९	९०२	११९१
जम्मा	**५५८३**	**१३४२२**	**१९००५**

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा लिङ्ग अनुसारको घरमूलीको विवरणमा सबैभन्दा ज्यादा महिला घरमुली भएको वडा वडा नं. १० हो, जहाँ जम्मा ७५० जना महिलाहरू घरमुलीको भूमिकामा रहेका छन् । त्यसैगरी सबैभन्दा कम सङ्ख्यामा महिला घरमूली भएको वडा नम्बर १२ हो जसमा २८९ जना महिला घरमूलीको भूमिका निर्वाह गरिरहेका छन् ।

यसलाई तलको रेखाचित्रबाट पनि प्रष्ट पार्ने प्रयास गरिएको छ ।

रेखाचित्र नं. २ लिङ्गअनुसार घरमूलीको संख्या



माथिको रेखाचित्रमा मोरङको सुन्दरहरैंचा नगरपालिकाका २९ प्रतिशत घरहरूमा मूलीका रूपमा महिला रहेको र बाँकी ७१ प्रतिशत घरमूली पुरूषहरू रहेको देखाइएको छ । यसबाट सुन्दरहरैंचा नगरपालिकाका घरको सञ्चालनमा पुरषहरूकै प्रभाव बढी मात्रामा रहेको देखिन्छ ।

समूहगत उमेरको जनसङ्ख्या

जनसङ्ख्याको विश्लेषणमा उमेर समूहको अध्ययन महत्वपूर्ण हुन्छ । यसले नगरपालिकाको जनसङ्ख्याको उमेरगत जनसङ्ख्याको ढाँचालाई विश्लेषण गरेर कुन उमेरका मानिसहरूको सङ्ख्या के कति छ भन्ने कुरालाई स्पष्ट गर्दछ ।

यसमा सवैभन्दा ज्यादा सङ्ख्या १० देखि १४ वर्षको बीचको उमेर समूहका मानिसहरूको रहेका छन् । यिनीहरूको सङ्ख्या नगरको कूल सङ्ख्याको १२.१४ प्रतिशत रहेको छ । यसैगरी सवैभन्दा कम जनसङ्ख्यामा रहेको उमेर भनेको ७० वर्ष उमेर कटी सकेपछिको रहेको छ जुन तथ्य यथार्थ पनि रहेको छ । त्यस्तै गरी ५ देखि ९ वर्ष उमेर समूहका जम्मा ८३१६ जना बालबालिका रहेका छन् । त्यस्तै गरी २० देखि २४ वर्ष सम्मका यूवा पुस्ताहरुको संख्या भने झण्डै ९ प्रतिशतको हाराहारीमा रहेको छ ।

सुन्दरहरैंचा नगरपालिकाको उमेर समूहको जनसंख्याको विस्तृत विवरण तलको तालिकामा छ ।

तालिका नं.५

उमेर समूह तथा लिङ्ग अनुसारको जनसङ्ख्या

सि.नं.	उमेर समूह	लिङ्ग		जम्मा	प्रतिशत
		पुरुष	महिला		
१	० देखि ४	३३०९	३१३६	६४४५	७।९९४१९५१
२	५ देखि ९	४३००	४०१६	८३१६	१०.३१४९३
३	१० देखि १४	५०३०	४७५६	९७८६	१२.१३८२७७
४	१५ देखि १९	४४१२	४६२०	९०३२	११.२०३०४
५	२० देखि २४	२९०७	४३४२	७२४९	८.९९१४५४
६	२५ देखि २९	२४१६	३९९२	६४०८	७.९४८३०१
७	३० देखि ३४	२४३४	३६०९	६०४३	७.४९५५६६
८	३५ देखि ३९	२३३४	२९४५	५२७९	६.५४७९२२
९	४० देखि ४४	२१८०	२५०६	४६८६	५.८१२३८१
१०	४५ देखि ४९	१८५९	२०१३	३८७२	४.८०२७१९
११	५० देखि ५४	१७४९	१८५३	३६०२	४.४६७८१९
१२	५५ देखि ५९	१३११	१३२२	२६३३	३.२६५८९८
१३	६० देखि ६४	१२०४	१२७०	२४७४	३.०६८६७९
१४	६५ देखि ६९	९४८	९३९	१८८७	२.३४०५८१
१५	७० देखि ७४	५९७	६२७	१२२४	१.५१८२१५
१६	७५ देखि ७९	३९७	४५६	८५३	१.०५८०३७
१७	८० देखि ८४	२४८	२४९	४९७	०.६१६४६५
१८	८५ देखि ८९	१००	११०	२१०	०.२६०४७८
१९	९० देखि ९४	३२	५६	८८	०.१०९१५३
२०	९५	१७	२०	३७	०.०४५८९४

जम्मा	३७७८४	४२८३७	८०६२१	१००

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा दिएअनुसार ७० वर्षभन्दा माथिको जेष्ठ नागरिकको सङ्ख्या ४७५९ जना अर्थात ५.९१ प्रतिशत रहेको छ । समग्रमा यस नगरपालिकामा पुरूषको तुलनामा महिलाहरूको सङ्ख्या ज्यादा रहेको छ । खास गरी उमेर समूह ५ देखि २४ वर्ष सम्मका मानिसहरूमा महिला बढी छन् । यता ७० वर्षभन्दा माथिको जनसङ्ख्यामा भने पुरुष २३२२ र महिलाको सङ्ख्या २४३७ रहेको देखिन्छ । यसबाट प्रष्ट हुन्छ कि यस नगरपालिकामा पुरुषको तुलनामा महिलाहरूको औसत आयु बढि रहेको छ । अर्थात महिलाको तुलनामा पुरुष छोटो जीवन बाँचिरहेका छन् ।

यही कुरालाई तलको रेखाचित्रमा पनि देखाइएको छ ।

रेखाचित्र नं. ३





स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको दुवै चित्रमा पुरुष र महिलाको उमेर समूह अनुसारको लिंग अनुपातलाई देखाईएको छ । सुन्दरहरैंचा नगरपालिकामा पुरुषको तुलनामा महिलाको जनसंख्या ज्यादा रहेको । माथिको चित्रमा के देखिन्छ भने १० देखि १४ वर्ष उमेर समूहको महिला पुरुषको संख्या अन्य उमेर समूहको अनुपातमा बढि रहेको देखिन्छ ।

तालिका नं. ६

उमेर अनुसार जनसङ्ख्या वितरण

सि.नं.	उमेर समूह	लिङ्ग		जम्मा	प्रतिशत
		पुरुष	महिला		
१	० देखि ४	२४४	२७५	५१९	
२	५ देखि ९	३१५	३५४	६६९	
३	१० देखि १४	३७१	४१६	७८७	
४	१५ देखि १९	३४२	३८४	७२६	
५	२० देखि २४	२७३	३०८	५८१	
६	२५ देखि २९	२४१	२७२	५१३	
७	३० देखि ३४	२२९	२५७	४८६	
८	३५ देखि ३९	२००	२२४	४२४	
९	४० देखि ४४	१७८	१९९	३७७	
१०	४५ देखि ४९	१४७	१६५	३१२	
११	५० देखि ५४	१३६	१५३	२८९	
१२	५५ देखि ५९	१००	११३	२१३	

१३	६० देखि ६४	९५	१०६	२०१	
१४	६५ देखि ६९	७२	८१	१५३	
१५	७० देखि ७४	४६	५२	९८	
१६	७५ देखि ७९	३२	३६	६८	
१७	८० देखि ८४	१९	२१	४०	
१८	८५ देखि ८९	८	९	१७	
१९	९० देखि ९४	३	४	७	
२०	९५	२	२	४	
जम्मा		३०५३	३४३१	६४८४	

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा सुन्दरहरैंचा नगरपालिकाका नौ वटा वडाहरूमा जनसङ्ख्याको वितरण कसरी भएको छ भन्ने कुरा देखाइएको छ । जसले योजना तर्जुमा गर्ने समयमा उमेरलाई आधार मानेर वडागत रणनीति र वडागत कार्ययोजना बनाई अगाडि बढ्न मद्दत गर्दछ ।

जातिगत जनसङ्ख्या

यो नगरमा सामाजिक स्ररचनाको दृष्टिकोणबाट बढो विविधतायुक्त रहेको पाईन्छ । पछिल्लो राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरमा ४८ वटा जात/जातिको बसोबास रहेको पाईन्छ भने १४ बन्दा बढि मातृ भाषाभाषीहरु बोलिने गरिएको देखिन्छ ।

तालिका नं. ८

जातजाति, घरपरिवार तथा लिङ्ग अनुसार जनसङ्ख्याको विवरण

सि.नं.	जातजाति	घर परिवार संख्या	लिङ्ग		**जम्मा**	जातजाति प्रतिशत	औसत परिवार संख्या
			पुरुष	महिला			
१	ब्राह्मण (पहाडी)	४१०४	८१७५	९२२०	**१७३९५**	२१.५९	
२	क्षेत्री	३५८३	७१३८	८०५०	**१५१८८**	१८.८५	
३	थारु	२३१७	४६१६	५२०५	**९८२१**	१२.१९	
४	राई	१२२२	२४३३	२७४५	**५१७८**	६.४२७	
५	तामाङ	६९३	१३८०	१५५७	**२९३७**	३.६४६	
६	नेवार	१०२१	२०३५	२२९४	**४३२९**	५.३७४	
७	कामी	६२९	१२५४	१४१४	**२६६८**	३.३१२	
८	लिम्बू	६७०	१३३६	१५०६	**२८४२**	३.५२८	
९	दमाई	४०७	८१२	९१५	**१७२७**	२.१४४	
१०	मगर	३९२	७८०	८८०	**१६६०**	२.०६१	
११	खवास	८९३	१७७९	२००७	**३७८६**	४.६९९	

सि.नं.	जातजाति	घर परिवार संख्या	लिङ्ग		**जम्मा**	जातजाति प्रतिशत	औसत परिवार संख्या
			पुरुष	महिला			
१२	झांगड	२८३	५६२	६३५	**११९७**	**१.४८६**	
१३	मुसलमान	२७८	५५५	६२६	**११८१**	**१.४६६**	
१४	गुरुङ	३४८	६९३	७८१	**१४७४**	**१.८३**	
१५	अन्य	२१६५	४३१४	४८६५	**९१७९**	**११.३९**	
१६		१९००५	**३७८६२**		**८०५६२**	**१००**	
जम्मा						१००.००	४.७०

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा देखाइए अनुसार सुन्दरहरैंचा नगरपालिकामा विभिन्न जातजातिका मानिसहरूको बसोवास रहेको छ । यस नगरपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा ब्राह्मण ३२।१२ प्रतिशत, क्षेत्री २८।९ प्रतिशत, थारु १७।८ प्रतिशत, राई ९।३ प्रतिशत लिम्बु ५।२ प्रतिशत, मगर २।९८ प्रतिशत रहेको छ ।

जातिगत समूहको जनसङ्ख्या

- **आदीवासी**

यस नगरको कुल जनसंख्या ८०५६२ मध्ये १२.५८ प्रतिशत (९८२१ जना) जनसंख्या आदिवासी थारु जातिको रहेको छ । मुख्यतः कृषि पेशामा संलग्न यो समुदायमा साक्षरता प्रतिशत ज्यादै न्युन रहेको छ । एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ थारुहरुको आफ्नो मौलिक संस्कृतिलाई भने यस समुदायले अद्यावधि बचाई राखेको पाइन्छ । यी समुदायद्वारा सुन्दरहरैंचा नगरपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ । समग्रमा भन्नुपर्दा सुन्दरहरैंचा नगरपालिकामा भिषण मलेरियादेखि हिंस्रक जनावरहरूसँग झण्डै आधा शतकदेखि कुस्ती खेल्दै सुन्दरहरैंचा विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत तुलनात्मक रुपमा पिछडिएको अवस्थामा रहेको छ । सुन्दरहरैंचा नगरपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ । यस समुदायमाथि विशेष ध्यान दिनु आवश्यक देखिन्छ ।

- **उत्पीडित समुदाय**

जात जातिको हिसावले सुन्दरहरैंचा नगरपालिकामा ठुलो समुदायको रूपमा रहेको उत्पीडितहरूले ११.४७ प्रतिशत हिस्सा ओगटेको छ । सामाजिक विभेदका रूपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ । यस समुदायका प्रा.वि., निमावि, र मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रूपमा कम रहेको छ । परम्परागत शिल्प र विभिन्न कलाको

धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ । मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रूपमा परिभाषित गरिएको झण्डै ५ दशक हुन लाग्दा सुन्दरहरैंचा नगरपालिकामा उत्पीडित र उपेक्षित समुदायले अद्यापि छुवाछुतको समस्या झेल्नु परेको देखिन्छ । निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ । त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक सङ्गठनहरू समेत निर्माण गरेको पाइन्छ । राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन् । यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रूपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ । नगरको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ । स्थानीय तहको निर्वाचन हुन लाग्दा यस समुदायबाट पनि केहि उपस्थिती रहेको देखिन्छ ।

विपन्नता स्तरीकरण :-

वस्तीमा बसोबास गर्ने सबै परिवारहरूको सामाजिक र आर्थिक अवस्था सहभागितात्मक तरिकाले विश्लेषण गर्नु र स्तर फरक फरक हुनुका कारणहरू महसुस गराउनु यो सहभागीमूलक विधिको उदेश्य हो । सामाजिक तथा स्रोत नक्सांकन समाप्त भएपछि, गाविस तथा नगरपालिकाका सबै वडाका वस्तीहरूका सवै घरधुरीहरुलाई सम्मिलित गराएर धनी, मध्यम, विपन्न र अति विपन्न गरी चार स्तरमा वर्गीकरण गर्नुपर्दछ र कुन घर धुरी कुन श्रेणीमा परेको छ सो को प्रष्ट अभिलेख राख्नपर्दछ । सुन्दरहरैंचा नगरपालिकाको १९००५ नै घरधूरीमा पूगेर यो स्तरीकरण गरीएको हो । यस विपन्नता स्तरीकरणले सुन्दरहरैंचा नगरपालिकाले आफ्नो आगामी योजना कुन टोल तथा वस्तीमा सञ्चालन गर्दा उपयुक्त हुन्छ साथै कुन टोलमा सबैभन्दा विपन्न समुदायको बसोबास रहेको तथा कुन वडामा सबैभन्दा सम्पन्न व्यक्तिहरुको बसोबास रहेको छ भन्ने कुरा यो तथ्यांकबाट सजिलै थाहा पाउन सकिन्छ । नगरपालिकाले आफ्ना वडाहरुमा कस्ता प्रकारका योजना तथा कार्यक्रम ल्याए त्यो क्षेत्रको बासिन्दालाई प्रत्यक्ष फाइदा पुग्छ भन्ने कुरा यो तथ्यांकबाट सजिलै थाहा पाउन सकिन्छ ।

सुन्दरहरैचा नगरपालिकामा हेर्ने हो भने २५१२ परिवार अतिविपन्न रहेको छ जसलाई दैनिक ज्यालादरी नगरी खाना पुग्दैन । त्यस्तै यस नगरपालिकामा गरीब, मध्यम, र उच्च वर्ग को परिवार संख्या क्रमश ४६००, ९५०३ र २३९० रहेको छ । २६०३ परिवारलाई ३ महिना भन्दा कल खाध्यान्न पुग्ने गरेको छ । भने २२०१ परिवार सार्वजनिक रुपमा भेदभाव भएको पाइन्छ । ७९९० परिवार ऋणबाट ग्रस्त रहेका छन् । यस नगरपालिकामा २९०१ परिवार सुकुम्बासी रहेका छन् । ३३८९ परिवारले आफ्नो अधिकारको लागि आवज उठाउन नसक्ने अवस्था रहेको छ । तर सुन्दरहरैंचा नगरपालिकाका धेरै घरपरिवार कुनै न कुनै संस्थामा आवद्ध भएको पाईयो । यस नगरपालिकामा १७६०३ परिवार सामूदायिक संस्थामा आवद्ध रहेका छन् । ८०९० परिवार लत्ता कपडा, औषधि उपचार तथा शिक्षाका लागि अशक्षम रहेका छन् ।

सुन्दरहरैंचा नगरपालिकाको विपन्नता स्तरीकरणलाई तलको चार्टद्धारा प्रष्ट हेर्न सकिन्छ ।



मातृभाषा अनुसारको जनसङ्ख्या

सुन्दरहरैंचा नगरपालिकामा अक्सर बसोबास गर्ने व्यक्तिहरुले बोल्ने विभिन्न मार्तभाषहरु जसमा विविधता रहेको पाइन्छ । तिनमा सबैभन्दा बढी मैथली मातृभाषा हुने मानिसहरूको बसोबास रहेको देखिन्छ । यिनीहरूको सङ्ख्या कुल जनसंख्याको ४३.६८ प्रतिशत रहेको छ । यसपछि उर्दू भाषा बोल्ने मानिसहरूको सङ्ख्या रहेको छ । उनीहरूको सङ्ख्या भने कुल संख्याको १४.६७ प्रतिशत रहेको पाइन्छ । यस नगरपालिकामा रहेको मातृभाषाका आधारमा जनसङ्ख्याको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १०

लिङ्ग तथा मातृभाषा अनुसारको जनसङ्ख्या

१	नेपाली	२५१८५	२२३३३	४७५१८	५८।९८
२	मैथिली	१४७०	१३०४	२७७४	३।४४३
३	भोजपुरी	२०१	१७७	३७८	०।४६९
४	थारु	४८६९	४३१८	९१८७	११।४
५	तामाङ	१०१२	८९७	१९०९	२।३७
६	नेवार	१३१०	११६१	२४७१	३।०६७
७	मगर	५१४	४५६	९७०	१।२०४
८	वान्तवा	२७१	२३९	५१०	०।६३३
९	गुरुङ	३५५	३१४	६६९	०।८३

१०	लिम्बु	१११३	९८७	२१००	२।६०७
११	उर्दू	५७७	५१२	१०८९	१।३५२
१२	उरन्वा	१०३१	९१४	१९४५	२।४१४
१३	बङ्गला	१८०	१५९	३३९	०।४२१
१४	याक्या	५२	४६	९८	०।१२२
१५	भुजेल	२०७२	१८३७	३९०९	४।८५२
१६	याम्फू	९९	८७	१८६	०।२३१
१७	लोरुङ	३७	३२	६९	०।०८६
१८	राई	१२६०	१११६	२३७६	२।९४९
१९	राजवंशी	६९	६२	१३१	०।१६३
२०	शेर्पा	३७	३२	६९	०।०८६
२१	हिन्दी	५६	५०	१०६	०।१३२
२२	चाम्लीङ	१०२	९०	१९२	०।२३८
२३	सन्थाली	६८	६१	१२९	०।१६
२४	दनुवार	३६८	३२७	६९५	०।८६३
२५	सुनुवार	३८	३४	७२	०।०८९
२६	धिमाल	२०१	१७८	३७९	०।४७
२७	बाहिङ	२७	२३	५०	०।०६२
२८	दुङमली	३८	३४	७२	०।०८९
२९	अन्य	९०	८०	१७०	०।२११
जम्मा		**४२७०२**	**३७८६०**	**८०५६२**	**१००।००**

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा देखाइएअनुसार सुन्दरहरैंर्चा नगरपालिकाका नेपाली मातृभाषा हुने मानिसहरूको सङ्ख्या ६१६० रहेको छ जुन कुल जनसंख्याको १२.१४ प्रतिशत हो । त्यसपछि राजबंशीको ११.६८ प्रतिशत रहेको छ । मातृभाषाको हिसाबले सबैभन्दा कम जनसंख्या क्रमशः याम्फु, साङपाङ, मागडी, लिखिम, उराव र भुजेल भाषाभाषीको सङ्ख्या रहेको छ । उनीहरूको कुल जनसङ्ख्या क्रमशः ६, ६,७, ७, ७ र ८ जना रहेको छ ।

धर्मअनुसारको जनसङ्ख्या

सुन्दरहरैंर्चा नगरपालिकामा विभिन्न छ धर्मका अनुयायीको बसोबास रहेको पाइन्छ । यसमा प्रमुख भने धर्मका रुपमा हिन्दू धर्म रहेको देखिन्छ । यस नगरपालिकामा हिन्दूमार्गीको सङ्ख्या ३७९१२ रहेको छ जुन कुल जनसंख्याको ७४.६९ प्रतिशत हो । हिन्दू धर्मावलम्बीहरू सुनबर्षीको सबै वडाहरूमा छरिएर रहेका छन् । त्यसपछि इस्लाम धर्मका अनुयायीको सङ्ख्या दोस्रोमा रहेको देखिन्छ । उनीहरू सबै वडामा छरिएर रहेको पाइन्छ । उनीहरूको संख्या ८४६७ जना अर्थात १६.६८ प्रतिशत रहेको छ ।

तेस्रोमा प्रकृति धर्म मान्नेहरूको सङ्ख्या छ । उनीहरू १, ३, ४, ५ र ८ नम्बर वडामा अत्यन्त कम संख्यामा रहेका छन् भने अन्य सबै वडामा राम्रै उपस्थिति रहेको छ । उनीहरूले कुल जनसंख्याको ४.६९ प्रतिशत सख्या ओगटेका छन् । त्यसपछि किरात, बौद्ध र इसाइ धर्मावलम्बीहरूको उपस्थिति रहेको छ । उनीहरूको संख्या क्रमशः७२६, ७०४ र ३३४ प्रतिशत रहेको छ ।

यस नगरपालिकाको धर्मअनुसारको जनसङ्ख्यालाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ११

धर्म अनुसारको वडागत जनसङ्ख्या विवरण

वडा नं.	धर्म							जम्मा
	हिन्दु	बौद्ध	इस्लाम	किरांत	इसाई	प्रकृति	अन्य	
१	५३८७	३५१	१०८	४०४	८०	१४०	१५	६४८४
२	५१९७	३३९	१०४	३९०	७७	१३५	१२	६२५५
३	४७७६	३११	९६	३५८	७१	१२४	१३	५७४९
४	५२२१	३४०	१०५	३९१	७८	१३६	१३	६२८४
५	५१९७	३३९	१०४	३९०	७७	१३५	१२	६२५५
६	६२६३	४०८	१२५	४७०	९२	१६३	१६	७५४०
७	५८२५	३८०	११७	४३६	८७	१५२	१२	७०११
८	४३५२	२८४	८७	३२६	६५	११३	१२	५२३८
९	६६६८	४३४	१३४	५००	९९	१७५	१७	८०२६
१०	७५८४	४९४	१५२	५६९	११३	१९८	२१	९१२९
११	५९३८	३८७	११८	४४५	८८	१५५	१७	७१४७
१२	४५२२	२९४	९१	३३९	६७	११८	१४	५४४४
जम्मा	६६९३०	४३६१	१३४१	५०१८	९९४	१७४४	१७४	८०५६२
जम्मा प्रतिशत	**८३.०८**	**५.४१३**	**१.६६५**	**६.२२९**	**१.२३४**	**२.१६५**	**०.२१४**	**१००**

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

यही धर्म अनुसारको जनसंख्याको जनसंख्याको बनोटलाई रेखाचित्र वा स्तम्भचित्रमा यस्तो देखिन्छ । तलको स्तम्भ चित्र हेर्नुहोस् ।



स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

परिवारमा सदस्य सङ्ख्या

सुन्दरहरैंचा नगरपालिकाको परिवारको अवस्था अध्ययन गर्दा कम्तिमा १ जनादेखि बढीमा २२ जनासम्म सदस्य रहेको परिवार पाइएको छ । यसरी हेर्दा एक परिवारमा एक जनामात्र रहनेको संख्या ३४६ रहेको छ । पाँच जनाको परिवार रहनेहरूको सङ्ख्या सबैभन्दा बढी अर्थात २३८१ परिवार रहेको पाइयो । उनीहरूको संख्या सुन्दरहरैंचाको कुल जनसङ्ख्याको २३.४५ प्रतिशत जनसंख्या यो समूहमा रहेको छ । त्यस्तै दोस्रो र तेस्रो क्रममा ४ र ६ जनाको परिवार रहेको सङ्ख्या आउँछ । एक परिवारमा चार जना रहने परिवार सङ्ख्या २४३१ छ, जसको जनसङ्ख्या९७२४ (१९.१६ प्रतिशत) रहेको छ । एक परिवारमा ६ जना रहने परिवार सङ्ख्या १५७९ छ, जसको जनसङ्ख्या ९४७४ (१८.६७ प्रतिशत) रहेको छ ।
यो विवरणलाई तलको तालिकामा पनि हेर्न सकिन्छ ।

तालिका नं. १३
परिवारमा सदस्य सङ्ख्याको आधारमा विवरण

परिवारमा सदस्य रहेको संख्या	परिवार संख्या	जम्मा सदस्य संख्या	परिवार संख्या (प्रतिशत)
१	१३०	३४६	०.६८
२	८१५	२१६४	४.२६
३	१८२०	४२७२	८.४२
४	३६४१	९७२४	१९.१६

५	४४०१	११९०५	२३.४५
६	३५४८	९४७४	१८.६७
७	१७९१	४८५१	९.५६
८	११३६	३०४८	६.००
९	६३०	१७१०	३.३७
१०	३९०	१२१०	२.३८
११	२६०	७०४	१.३९
१२	२०१	६००	१.१८
१३	१०१	२९९	०.५९
१४	८४	२२४	०.४४
१५	३६	१२०	०.२४
१६	१२	६४	०.१३
२१	६	२१	०.०४
२२	३	२२	०.०४
जम्मा	**१०७९५**	**५०७५८**	**१००.००**

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

तालिकामा देखाइए अनुसार सबैभन्दा बढी एक परिवारमा २२ जनाको सङ्ख्या रहेको परिवार संख्या १ रहेको छ । त्यस्तै २१, १६ र १५ जनाको परिवार रहेका परिवारहरू क्रमशः एक, चार र आठ वटा परिवार रहेका छन् । यसको अर्थ हो, सुन्दरहरैंचा नगरपालिका क्षेत्रमा संयुक्त परिवारको प्रथा अझैं पनि केही मात्रामा रहेकै छ ।

साक्षरताको अवस्था

मोरङको सुन्दरहरैंचा नगरपालिका धेरै सम्भावना बोकेको नगरपालिका हो । यसमा साक्षरता प्रतिशत जम्मा ७४.७८ रहेको छ । यहाँ पुरूष साक्षरता ८२.५ प्रतिशत र महिला साक्षरता दर ६८.१ प्रतिशत रहेको देखिन्छ । यसलाई तलको तालिकामा पनि देखाइएको छ ।

तालिका नं. १५
नगरपालिकाको साक्षरता प्रतिशत सम्वन्धी विवरण ।

सिं नं.	शैक्षिक अवस्था	लिङ्ग		जम्मा प्रतिशत
		पुरुष %	महिला %	
१	साक्षर प्रतिसत	८२.५	६८.१	७४.७८
जम्मा		**८२.५**	**६८.१**	**७४.७८**

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।



माथिको तालिकामा देखाइए अनुसार यस नगरपालिकाका २५.२२ प्रतिशत मानिसहरू निरक्षर छन् । यहाँ पुरुषको तुलनामा महिलाहरूको निरक्षरताको सङ्ख्या निकै ज्यादा रहेको पाइन्छ ।

यता अझसम्म पनि यस नगरपालिकामा पुरुष निरक्षरताको दर १७.५ प्रतिशत रहेको छ भने महिला निरक्षरता दर ३१.९ प्रतिशत रहेको छ । यसबाट सुन्दरहरैंचा नगरपालिकामा अझै पनि वयस्क व्यक्तिहरूका लागि साक्षरता अभियानमा जोड दिनुपर्ने आवश्यकता देखिन्छ । तर यस नगरपालिकाको साक्षरता दर अन्य नगरपालिका तथा गाउँपालिकाको भन्दा निकै राम्रो देखिएको छ । नेपालको कुल साक्षरता दर भन्दा यहाँको साक्षरता दर निकै बढि रहेको छ ।

लिङ्ग अनुसार वडागत साक्षरताको अवस्था

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा यस नगर अन्य नगरको तुलनामा केही अगाडि रहेको देखिन्छसाक्षरताको अवस्था विश्लेषण गर्दा जहिले पनि पाँच वर्ष वा सो भन्दा बढी उमेर समूहको जनसंख्यालाई लिने गरिन्छ । यहाँ साक्षरताको अवस्था कुन वडामा कस्तो छ भनी लैङ्गिक आधारमा विश्लेषण गरिएको छ । यस प्रकारको अध्ययनले साक्षरता अवस्था हेरी आगामी दिनमा साक्षरता वृद्धि कार्यक्रम कुन वडामा केन्द्रित गर्नुपर्दछ भन्ने विषयमा मार्गनिर्देश गर्दछ ।

तालिका नं. १८

लिङ्ग अनुसार ५ वर्ष वा सो भन्दामाथिको साक्षरताको वडागत अवस्था ।

वडा नं.	पढ्न र लेख्न सक्ने		पढ्न मात्र सक्ने		पढ्न र लेख्न नसक्ने		उल्लेख नगरिएको		जम्मा	
	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला
१	२३३२	२०५१	३६	२५	४४८	१११५	१	१	२८१७	३१९२
२	२१६६	१७४१	४८	३६	५३५	१२५९	०	१	२७४९	३०३७
३	२०४३	१८६२	१८	३१	३८४	९१२	०	०	२४४५	२८०५
४	२४०१	२३२९	४०	३५	३०८	७४३	०	०	२७४९	३१०७
५	२१८२	२०११	१३०	१४६	३९६	८९६	०	१	२७०८	३०५४
६	२५१४	२४५२	१०८	११७	५६६	११५३	५	४	३१९३	३७२६
७	२३६७	२२४४	७६	८०	५५३	११२८	०	१	२९९६	३४५३
८	१९३७	१९५६	३४	३७	२३८	६४१	१	४	२२१०	२६३८
९	२८४५	२७६१	९४	१०४	४८२	१०६३	२	३	३४२३	३९३१
१०	३२४९	३३३४	४७	६४	५१५	११२७	१	१	३८१२	४५२६
११	२४६०	२३३६	८८	१३६	४७७	१०८३	०	२	३०२५	३५५७
१२	१९९८	१९९३	९३	९४	२५६	५८५	१	३	२३४८	२६७५
जम्मा	२८४९४	२७०७०	८१२	९०५	५१५८	११७०५	११	२१	३४४७५	३९७०१
प्रतिशत	८२।६५	६८।१८	२।३५	२।२७	१४।९६	२९।४८	०।०३१	०।०५३	१००	१००

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकाको विश्लेषबाट थाहा पाउन सकिन्छ कि सुन्दरहरैंचा नगरपालिकाको वडा नम्बर ४ मा तुलनात्मक रूपमा साक्षरताको प्रतिशत बढी छ । यहाँ साक्षरताको प्रतिशत ८०.७७ रहेको छ । त्यसपछि ८ नम्बर वडाको साक्षरता प्रतिशत राम्रो अर्थात ८०.३ प्रतिशत रहेको छ । एवम् रूपले वडा नम्बर १२, १०, ९ र ३ को अवस्था आउँछ । तर सबैभन्दा कमजोर अवस्था वडा नम्बर २ को रहेको छ जहाँको साक्षरता प्रतिशत ६७.५३ प्रतिशत रहेको छ । नेपालको साक्षरता दर हेर्ने हो भने यो दर राम्रो हो तर समग्र सुन्दरहरैंचाको साक्षरता दर भन्दा यो दर न्यून भएकाले यहाँका मानिसहरुमा अनौपचारिक शिक्षाका साथै व्यवसायिक शिक्षा क्षेत्रमा थप सुधारको आवश्यकता रहेको देखिन्छ ।

उत्तीर्ण गरेको शैक्षिक तह

कुनै पनि नगरका मानिस साक्षर भए भन्दैमा उनीहरूको शिक्षाको सही रुपमा भएको मानिदैन । त्यहाँका मानिसहरू कुन कुन तह उतीर्ण गरी राष्ट्रका लागि शिक्षित जनशक्तिको रुपमा रहेका छन् भन्ने कुरा सबैभन्दा महत्वपूर्ण कुरा हो । त्यसैले यहाँ मोरङको सुन्दरहरैंचा नगरपालिकाका साक्षर मानिसहरू मध्ये कतिले कुन कुन शैक्षिक तह उतीर्ण गरेका छन् भन्ने कुरा विश्लेषण गरिएको छ ।

यहाँका मानिसहरूको शैक्षिक स्तरलाई लैङ्गिक आधारमा ५ वर्ष वा सोभन्दा माथिको जनसङ्ख्याको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १९

लिङ्ग अनुसार ५ वर्ष वा सो भन्दामाथिको जनसङ्ख्याले उत्तीर्ण गरेको शैक्षिक तह

जनशक्ति	स्कुल नगएको	प्राथमिक तह	नि.मा.वि तह	मा.वि तह	एस.एल.सी. तह	प्रमाणपत्र तह	स्नातक तह	स्नातकोत्तर तह	अन्य	अनौपचारीक शिक्षा	उल्लेख नभएको	जम्मा
पुरुष	८९२	९७१५	५६४९	३९८३	३७७५	१७६४	८०२	२६७	३	१८२१	९२	२८७६३
महिला	७५७	८९७२	५६६३	४२०६	३८६४	१४६०	३६९	७९	३	१८२८	११२	२७३१३
जम्मा	१६४९	१८६८७	११३१२	८१८९	७६३९	३२२४	११७१	३४६	६	३६४९	२०४	५६०७६

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

शैक्षिक तहको आधारमा विश्लेषण गर्दा यस नगरपालिकाका सबैभन्दा बढी सङ्ख्या कक्षा ५ उत्तीर्ण गर्ने मानिसहरूको रहेको देखिन्छ । कक्षा ५ उतीर्ण गरेकाहरू १८६८७ जना रहेको छ । यसैगरी एसएलसी उतीर्ण गर्नेको सङ्ख्या ७६३९ जना रहेको छ । यहाँ सामान्यता ५ कक्षा पढेपछि पढाइ छाड्ने प्रवृत्ति ज्यादा देखिन्छ । फलस्वरूप उच्च शिक्षा अध्ययन गर्ने मानिसहरूको सङ्ख्या घट्दो क्रममा रहेको देखिएको छ । जस्तो कि तालिकामा एसएलसी उत्तीर्णहरूको सङ्ख्या ७६३९ रहेको देखाइएको छ भने प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गर्नेहरूको सङ्ख्या ३२२४ मात्र छ । त्यस्तै स्नातक गर्नेको सख्या ११७१ र स्नाताकेत्तर गर्नेहरूको संख्या ३४६ मात्र रहेको छ ।

सुन्दहरैंचा नगरपालिकामा अनौपचारिक शिक्षाको कक्षा उतीर्ण गरेकाहरूको सङ्ख्या ३६४९ रहेको छ, । लैङ्गिक आधारमा विश्लेषण गर्दा तलदेखि माथिसम्मका सबै तहमा पुरुषको संख्या बढी रहेको छ तर नि.मा.वि, मा.वि र एस.एल.सी मा भने महिलाको संख्या पुरुषको तुलनामा केहि बढि रहेको देखिन्छ। यो क्रम अनौपचारिक शिक्षा लिनेहरू सम्म पनि कायम छ । अनौपचारिक शिक्षा पनि पुरुष नै धेरै रहेको पाएको छ । शिक्षाको अवसरका लागि महिला पछाडि रहेको तथ्य स्पष्ट छ ।

लैङ्गिक अवस्था र उत्तीर्ण संकाय

देशको जनशक्ति आपुर्तिमा कुनै पनि नगरपालिकाले कस्तो योगदान दिइरहेको छ भन्ने कुरा त्यहाँबाट शिक्षा लिइरहेका विद्यार्थीले कुन कुन विषयको शिक्षा लिएका छन् भन्ने कुराले निर्धारण गर्दछ । किनकि आजका विद्यार्थी नै भोलिका विषय विज्ञ वा विशेषज्ञहरू हुनसक्छन् । तलको तालिकामा सुन्दरहरैंचा नगरपालिकाका विद्यार्थीहरूले कुन कुन विषयमा शिक्षा लिएर मुलुकका लागि केही गर्नसक्ने सामर्थ्य बनाएका छन् भन्ने विवरण उल्लेख गरिएको छ ।

शैक्षिक संकायमा संलग्न विद्यार्थीको सङ्ख्यालाई लैङ्गिक आधारमा पनि तालिकामा प्रस्तुत गरिएको छ । जसले गर्दा कुन संकायमा महिला वा पुरुष कसको बढी लगाव छ, लैङ्गिक आधारमा कस्तो जनशक्ति तयार भएको छ भन्ने कुरा बुझ्न यो तालिकाले मद्दत गर्दछ ।

तालिका नं. २३
लिङ्ग र उत्तीर्ण संकायका आधारमा जनसङ्ख्याको विवरण ।

सि.नं.	उत्तीर्ण गरेको संकाय	जम्मा	
१	मानविकी	८९२	१८।६८
२	व्यवस्थापन तथा प्रशासन	१४०२	२९।३७
३	शिक्षा	१२७५	२६।७१
४	विज्ञान	१९८	४।१४७
५	स्वास्थ्य	५३	१।११
६	इन्जिनियरिङ्ग	३९	०।८१७
७	कानुन	६५	१।३६२
८	सामाजिक शास्त्र	११४	२।३८८
९	तथ्याङ्क तथा गणित	१५	०।३१४
१०	कृषि, वन र मत्स्य	७४	१।५५
११	कम्प्यूटिङग	४४	०।९२२
१२	पत्रकारीता र सूचना	२७	०।५६६
१३	अन्य विषय	४३	०।९०१
१४	उल्लेख नगरिएको	५३३	११।१६
जम्मा		**४७७४**	१००

स्रोत : राष्ट्रिय जनगणना २०६८ ।

माथिको तालिकामा सुन्दरहरैंचा नगरपालिकाका ४७७४ जना विद्यार्थीहरूले विभिन्न संकायको शिक्षा पूरा गरी आफूलाई शैक्षिक जनशक्तिका रुपमा उभ्याएका छन् । संकायको आधारमा विश्लेषण गर्दा मानविकीमा भर्ना भई अध्ययन गर्नेहरूको सङ्ख्या ८९२ रहेको छ । शिक्षामा

पहुँच भएका मध्ये १२७५ जनाले शिक्षा संकायमा भर्ना भई शिक्षा लिएका छन् । त्यसपछि व्यवस्थापन र प्रशासनमा १४०२ जनाले र विज्ञान विषयमा १९८ जनाले शिक्षा लिइरहेको पाइएको छ । स्वास्थ्य, गणित,(इञ्जिनियरिङ) कानुन र सामाजिक शास्त्र जस्ता संकायमा पढ्ने रुचि विद्यार्थीमा हराउँदै गएको पाइन्छ । किनकि यी विषयहरू पढ्ने वा यस्तो पेशागत जीवनमा प्रवेश गर्ने पढ्न चाहने विद्यार्थीको सङ्ख्या अत्यन्त न्यून रहेको देखिएको छ ।

प्रथम विवाहको औसत उमेर

कुनै पनि देशले विवाहका लागि कानुनमै न्युनतम उमेर तोकेको हुन्छ । उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रूपमा तथा कम उमेरमा गरेको विवाहका रूपमा लिने गरिन्छ । नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए बिस वर्ष नपुगी विवाहवारी गर्न नहुने व्यवस्था गरेको छ । वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण बालविवाहको चलन घट्दै गइरहेको पाइन्छ । तापनि अझै केही क्षेत्रहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ । साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरूपयोग बढेर आफुखुसी बालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन् । राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रूपमा बढ्दै गएको देखिन्छ । प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ । जुन २०६८ को जनसाङ्खिक तथा स्वास्त्य सर्भेक्षणभन्दा घट्दो क्रममा देखिन्छ ।
कुनै पनि ठाउँको मानिसहरूको सरदर विवाहको उमेर के रहेछ भन्ने कुराको अध्ययनले मानिसहरू बैबाहिक जीवनमा कुन उमेरमा प्रवेश गर्दछन् भन्ने कुराको जानकारी मिल्छ । तलको तालिकामा सुन्दरहरैंचा नगरपालिकाका मानिसहरूको औसत विवाह हुने उमेर उल्लेख गरिएको छ ।

तालिका नं. २४
१० वर्ष भन्दा माथिका जनसंख्याको औसत प्रथम विवाह हुँदाको उमेर विवरण ।

सि. नं.	लिङ्ग	विवाह हुदाँको औसत उमेर
१	पुरुष	२२.७२
२	महिला	१९.३२
३	महिला र पुरुषको औसत	२१.०२

स्रोत : राष्ट्रिय जन गणना २०६८



माथिको तालिका अनुसार सुन्दरहरैंचा नगरपालिका क्षेत्रमा महिलाको तुलनामा पुरुषको औसत विवाह उमेर बढी देखिएको छ । हाम्रो जस्तो समाजमा प्राय: पुरुषहरूले अलि ढिलो विवाह गर्ने र विवाह गर्दा आफूभन्दा कम उमेरकी केटीसँग गर्ने प्रचलन रहेको छ । त्यसैको प्रतिफल हुनसक्छ यो अन्तर पनि । सुन्दरहरैंचा नगरपालिकामा पुरुषको औसत विवाह हुँदाको उमेर २२.७२ वर्ष रहेको छ भने महिलाको विवाह हुँदाको औसत उमेर १९.३२ रहेको छ ।

१० वर्ष भन्दामाथिको जनसंख्याको वैवाहिक अवस्था

सुन्दरहरैंर्चा नगरपालिकाका दश वर्षभन्दा बढी उमेरका मानिसहरूको बैवाहिक अवस्थाको विश्लेषण तलको तालिकामा गरिएको छ । यसबाट उनीहरूको बैवाहिक अवस्था अहिले केकस्तो अवस्थामा छ भन्ने कुरा बुझ्न सकिन्छ ।

तालिका नं. २५
१० वा १० वर्षभन्दा माथिका जनसंख्याको वैवाहिक अवस्था र अन्य विवरण ।

सि.नं.	वैवाहिक अवस्था	लिङ्ग		जम्मा
		पुरुष	महिला	
१	अविवाहित	१२१४२	१०६२५	१३२९९
२	विवाहित	१५९४२	२२६५१	२३४६६
३	वहुविवाह	९०८	१६१	३३८
४	पुनविवाह	६४९	२३८	५५३
५	विधुर विधुवा	४५७	१८४३	१४०९

सि.नं.	वैवाहिक अवस्था	लिङ्ग		जम्मा
		पुरुष	महिला	
६	सम्वन्ध विच्छेद	२८	३३	२९
७	छुट्टाछुट्टै वसेको	४९	१३४	७४
	जम्मा	३०१७५	३५६८५	६५८६०

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

सुन्दरहरैंचा नगरपालिकामा १० वर्ष वा सो भन्दा बढी उमेरका मानिसहरूको संख्या ६५८६० रहेको छ । ती मध्ये पुरुष ३०१७५ जना र महिला ३५६८५ जना रहेका छन् । यी मध्ये २२७६७ जनाले विहे गरेका छैनन्, अविवाहित जीवन विताइरहेका छन् । विवाहितहरूको संख्या ३८५९३ रहेको छ । अर्थात १५९४२ पुरुषले २२६५१ जना महिलासँग विवाह गरेका छन् । विवाहित महिला र पुरुषको अनुपात करिब ७०.३८ प्रतिशत रहेको छ । यसको मतलब ७१ जना पुरुषसँग १०० महिलाको दरले विवाह भएको छ ।

सुन्दरहरैंचा नगरपालिकाका कुल १०६९ जनाले बहुविवाह गरेको पाइयो । बहुविवाह गर्नेहरूमा पुरुष को संख्या ९०८ रहेको छ भने महिलाको संख्या १६१ रहेको छ । यसबाट बहुविवाह गर्ने प्रवृत्ति महिलामा भन्दा पुरुषमा बढी रहेको प्रष्ट हुन्छ । पुनःविवाह गर्नेहरूको संख्या पनि उल्लेख्य छ । सुन्दरहरैंचामा ६४९ पुरुष र २३८ महिलाले पहिलो घरबार असफल भएर दोस्रो विवाह गरेका छन् ।
सुन्दरहरैंर्चामा २३०० जना एकल महिला तथा पुरुष रहेका छन् जसलाई परम्परागत रुपमा विदुर र विधवा भन्ने गरिन्थ्यो ।

विवाहित जोडीले सम्बन्ध विच्छेद गरेका घट्ना पनि यहाँ छन् । यहाँका २८ पुरुष र ३३ महिलाले सम्बन्ध विच्छेद गरेका छन् । यस नगरपालिकामा ४९ पुरुष र १३४ महिला गरी १८३ जना श्रीमान र श्रीमती एक अर्काबाट अलग्गिएर बसेका छन् ।



पहिलो विवाह गर्दाको उमेरको विवरण

सुन्दरहरैंचा नगरपालिकामा बसोबास गरिरहेका नागरिकहरूको विवाह औसत कुन उमेरमा भएको थियो भन्ने कुरा पनि विवाहको उमेर सम्बन्धी विश्लेषणमा महत्वपूर्ण हुन्छ । तलको तालिकामा हालको उमेर समूहको आधारमा महिला र पुरूषको पहिलो विवाह उमेर उल्लेख गरिएको छ । यसबाट विवाह गर्ने उमेर कुन समयमा कति थियो भन्ने कुरा आँकलन गर्न सजिलो हुन्छ ।

तालिका नं. २६
उमेर समूह अनुसार औसत विवाह उमेर ।

सि.नं.	उमेर समूह	लिङ्ग	
		पुरुष	महिला
१	१० वर्ष सम्म	१४३	५९८
२	१० देखि १४	५५३	२७५४
३	१५ देखि १९	४०८३	११६९७
४	२० देखि २४	६२८६	६३८८
५	२५ देखि २९	३५३५	१०६२
६	३० देखि ३४	९८३	२३२
७	३५ देखि ३९	२२७	५७
८	४० देखि ४४	५६	१३
९	४५ देखि ४९	२५	१५

१०	५० देखि माथि	०	०
	जम्मा	१५८९१	२२८१६

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ । नगरमा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या सबैभन्दा बढी जसमा पुरुष ४०८३ जना र महिला ११६९७ जना देखिन्छ भने त्यसपछि २० वर्षदेखि २४ वर्षसम्मको उमेर समूहको संख्या हेर्ने हो भने पुरुष ६२८६ जना र महिला ६३८८ जना रहेका छन् । यो संख्या झण्डै बराबर रहेको छ । १० देखि १४ वर्ष उमेरसमूहको बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ३३०७ रहेको देखिन्छ । नगरमा अझै पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलन रहेको देखिन्छ । जसलाई उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ ।

उमेर समूह अनुसार वैवाहिक स्थिति

उमेर अनुसार बैबाहिक स्थितिको अध्ययनले उमेरको आधारमा विवाह भएका, नभएका, बहु विवाह गरेका, पुनर्विवाह गरेका, सम्बन्ध विच्छेद भएका र परिवारमा बेमेल भई अलग अलग बसी जीवन निर्वाह गरिरहेको मानिसहरूको बारेमा गरिने अध्ययन हो । यस अध्ययनले हाम्रो समाजमा पारिवारिक अवस्था के कस्तो छ भन्ने कुराको ज्ञान दिन्छ ।

तालिका नं. २८
उमेर समूह अनुसार वैवाहिक स्थितिको विवरण (१० वर्ष वा सो भन्दामाथि)

उमेर समूह	विवाह नभएको	एक विवाह	बहुविवाह	पुनर्विवाह	विदूर/ विधवा	पारपाचुके	छुट्टिएको	जम्मा
१०-१४	६४३०	४७	०	०	०	०	०	**६४७७**
१५-१९	४४६१	६८५	८	०	४	१	०	**५१५९**
२०-२४	१६७१	२३३२	९	४	३	४	३	**४०२६**
२५-२९	४८६	३३१७	९	१७	१०	९	९	**३८५७**
३०-३४	११९	३२०१	१६	२६	१८	५	९	**३३९४**
३५-३९	५१	३११२	२३	५१	४२	२	१०	**३२९१**
४०-४४	२२	२६२९	३६	५७	६४	१	९	**२८१८**
४५-४९	२६	२२५६	३८	६७	९६	३	१०	**२४९६**
५०-५४	९	१७६२	३४	६५	१५५	१	७	**२०३३**
५५-५९	६	१४१७	४८	६२	१८१	१	७	**१७२२**

उमेर समूह	विवाह नभएको	एक विवाह	बहुविवाह	पुनर्विवाह	विदूर/ विधवा	पारपाचुके	छुट्टिएको	जम्मा
६०-६४	७	११२९	४३	६८	२५८	१	६	**१५१२**
६५-६९	४	७७६	३७	६६	२११	१	०	**१०९५**
७०+	७	८०३	३७	७०	३६७	०	४	**१२८८**
जम्मा	**१३२९९**	**२३४६६**	**३३८**	**५५३**	**१४०९**	**२९**	**७४**	**३९१६८**

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

नेपालको पछिल्लो कानुनले २० वर्षपछि मात्र विवाह गर्नुपर्ने व्यवीथा गरेको छ । तर माथिको तालिकाको (नम्बर २८को) अध्ययनबाट बुझिन्छ कि सुन्दरहरैंचा नगरपालिका क्षेत्रका जनतामा विवाह गर्ने उमेर नभई नै विवाह गर्ने प्रचलन रहेको छ । तालिकामा १० देखि १४ वर्षका ४७ जना बालबालिकाको विवाह भएको छ । अझ १४ देखि १९ वर्ष समूहका मानिसहरूमध्ये ६८५ जनाको विवाह भएको छ । त्यतिमात्र कहाँ हो र यही उमेर समूहका ८ जनाले बहु विवाह गरेका छन् । तीमध्ये चारजना विदूर वा विधवा भइसकेका छन् । एकजनाले सम्बन्ध विच्छेद गर्न पनि भ्याइसकेका छन् ।

सुन्दरहरैंचा नगरपालिकाका १० देखि ७५ वर्ष उमेर समूहका मानिसहरूको वैवाहिक अवस्था विश्लेषण गर्दा २० देखि ३४ वर्ष उमेर समूहका मानिसहरूको प्रथम विवाह बढी मात्रामा भइरहेको पाइन्छ । बहुविवाह र पुनर्विवाहको सन्दर्भमा १४ वर्षदेखि ७० वर्षसम्मका मानिसहरूले बहुविवाह र पुनर्विवाह भएको पाइएको छ ।

कुल सङ्ख्याको आधारमा विश्लेषण गर्दा ३९१६८ जना १० वर्षभन्दा बढी उमेरका मानिसहरू रहेकोमा ३३८ जनाले वहुविवाह गरेका छन्, ५५३ जनाले पुनर्विवाह गरेका छन् र तीमध्ये २९ जनाले सम्बन्ध विच्छेद पनि गरिसकेका छन् । यी मध्ये ७४ जनाले सम्बन्ध विच्छेद मात्र गरेनन् परिवारसँग छुट्टिएर एक्लाएक्लै बसेका छन् ।



शारीरिक तथा मानसिक अशक्तताको विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार नगरमा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या २.०२ प्रतिशत रहेको छ । जसमा शरिरीक अपाङ्गता भएका ०.६६ प्रतिशत, दृष्टि सम्बन्धी ०.२९ प्रतिशत, सुनाई सम्बन्धी अपाङ्गता भएका ०.२७ प्रतिशत, स्वर बोलाई सम्बन्धी ०.०३ प्रतिशत देखिन्छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समसयाका कारण उत्पन्न त्चयअफब जस्तो नेत्रज्योती नास गर्ने रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन् । जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ । नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरषण एवम् सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ । त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ । २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ । जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपांगतामा ७.५ प्रतिशत रहेको छ । सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ । अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपांगताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीयका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ । हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको

आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ । तालिका नं. २९

नगरपालिका अनुसार शारीरिक तथा मानसिक अशक्तताको विवरण ।

सि.नं.	शारीरिक तथा मानसिक अवस्था	जम्मा	प्रतिशत
१	शारीरिक	५३१	०।६६
२	दृष्टि सम्वन्धी	२२३	०।२९
३	सुनाई सम्बन्धि	२२३	०।२७
४	श्रवण, दृष्टिविहिन	२७	०।०३
५	बोलाइ सम्बन्धी	२१३	०।४
६	मानसिक	१०२	०।१३
७	बौद्धिक अपांगता	३४	०।०५
८	बहु अपांगता	१४५	०।१९
९	अन्य	५३१	०।६६
जम्मा		१४९८	२.०२

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

नेपालको कानुनले अपाङ्गताको अवस्थालाई माथि उल्लेखित आठ प्रकारमा वर्गीकरण गरेको छ । सुन्दरहरैंचा नगरपालिकाको सन्दर्भमा पनि त्यही आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ ।

माथीका कुरालाई तलको पाइचार्टमा देखाइएको छ, त्यसबाट अझ स्पष्ट हुन सकिन्छ ।



खण्ड चार

घरायसी तथा पारिवारिक विवरण

घरको स्वामित्व अनुसार घरपरिवार

स्वामित्वको आधारमा मानिसहरू कस्तो घरमा बसिरहेका छन् भन्ने कुरा यस तालिकाले प्रष्ट पार्दछ ।

तालिका नं. १

नगरपालिकामा वडा नं. अनुसार घरको स्वामित्व अनुसार घरपरिवारको विवरण ।

वडा नं.	घरको स्वामित्व				जम्मा
	आफ्नै	भाडामा	संस्थागत	अन्य	
१	१४२४	१२०	२	२५	१५७१
२	१४९५	१३३	६	३२	१६६६
३	११०९	१२१	१	६०	१२९१
४	१२६३	१६४	२	२०	१४४९
५	१२६०	१४०	३	३९	१४४२
६	१५७८	९९	५	६०	१७४२
७	१४१५	१३८	९	२२	१५८४
८	११६४	१५०	२	२२	१३३८
९	१६१८	१६५	२	२५	१८१०
१०	१७३४	१९५	२	१०	१९४१
११	१७३२	२०१	१	४६	१९८०
१२	८७५	२५०	६	६०	११९१
जम्मा	**१६६६७**	**१८७६**	**४१**	**४२१**	**१९००५**

स्रोत : राष्ट्रिय जन गणना २०६८

सुन्दरहरैंचा नगरपालिकामा कुल १९००५ घरधूरी रहेकोमा १६६६७ घरपरिवार आफनै स्वामित्वको घरमा बसोबास गर्दछन् । जुन प्रतिशतको आधारमा ८७.७ प्रतिशत हो । त्यस्तै हेर्ने हो भने भाडामा बस्नेको संख्या १८७६ रहेको छ । यहाँ भाडामा बस्नुको मुख्य कारण भनेको पहाडी बेल्ट बाट शिक्षाका लागि धेरै विधार्थी यहाँ आउने गरेको पाइन्छ । साथै सुन्दरहरैंचा नगरपालिका एउटा सुन्दर र बसोबास नगरीको रुपमा परिणत हुदैं गर्दा यहाँ बसोबास गर्ने मानिसको संख्यामा उल्लेखिय रुपमा वृद्धि भएर आएको छ ।



वडा नम्बर अनुसार घरहरूको जगको किसिम

कुनै पनि ठाउँका घर निर्माण गर्दा कस्तो जग हालिएको छ भन्ने कुराको अध्ययनले त्यस ठाउँका मानिसहरूको सम्पन्नताको अवस्था थाहा पाउन सकिन्छ एकातिर भने अर्कोतर्फ त्यस ठाउँका मानिसहरूको परम्परागत गृह निर्माण पद्धतिमा कतिको सुधार आएको छ भन्ने कुरा पनि थाहा पाउन सकिन्छ । त्यति मात्र होइन गृह निर्माण प्रविधिले त्यहाँका घरहरू कतिको बलिया छन् भन्ने पनि थाहा पाउन सकिन्छ । त्यही भएर सुन्दरहरैंचा नगरपालिकाका मानिसहरू बस्ने घरको जग कस्तो छ भन्ने आधारमा पनि विश्लेषण गरिएको छ ।

तालिका नं. २
जगको आधधारमा घरको बनोटको विवरण

घरको जगको किसिम						जम्मा
माटो तथा ढुङ्गा ईंटा	सिमेन्ट र ढुङ्गा ईंटा	सिमेन्ट पिलर	काठको खम्बा	अन्य	उल्लेख नगरिएको	
९५३	४८८३	३७४७	७९२७	१२७८	२१७	१९००५

स्रोत : राष्ट्रिय जन गणना २०६८

घरको जगको आधारमा विश्लेषण गर्दा कुल घरधूरीमध्ये ९५३ घर माटो, ईंट र ढुङ्गाबाट बनेका छन् । सिमेन्ट, ईंटा र ढुङ्गाको जग भएका घरहरू ४८८३ वटा छन् । सिमेन्टको पिल्लर भएका घरहरू ३७४७ छन् । काठको खम्बा भएका घरहरू ७९२७ वटा छन् । यस आधारमा हेर्दा अझै पनि ४१.७१ प्रतिशत घरहरूमा काठको खम्बा छन् । सिमेन्ट, इंटा, पिल्लर र काठको खम्बा प्रयोग नगरी बनाएका झुपडीहरू १२७८ वटा छन् ।

घरको बाहिरी गाह्रोको किसिम

घरको बाहिरी गारोले घर केकस्तो अवस्थामा छ भन्ने मात्र होइन एक किसिमले सम्पन्नताको सूचकका रूपमा पनि यसले काम गर्दछ । तलको तालिकामा सुन्दरहरैंचा नगरपालिकाका मानिसहरूले बसोबासका लागि उपयोग गरिरहेको घरको गारो के कस्तो रहेको छ भन्ने कुरामा उल्लेख छ । यसबाट पनि सुन्दरहरैंचा नगरपालिकामा मानिसहरूको परम्परागत गृह निर्माण पद्धति र सम्पन्नताको अवस्था जानकारी हुन्छ ।

तालिका नं. ३

बाहिरी गारोको आधारमा घरको वनोटको विवरण						
माटोको जोडाइ भएको इँटा/ढुंगा	सिमेन्टको जोडाइ भएको इँटा/ढुंगा	काठ/फल्याक	बाँसजन्य सामाग्री	काँचो इँटा	अन्य	उल्लेख नभएको
३९८	६८८९	२३६०	९०७३	१३	१२९	१४३

स्रोत : राष्ट्रिय जन गणना २०६८

सुन्दरहरैंचा नगरपालिकाका घरहरूको बाहिरी गारोको आधारमा विश्लेषण गर्दा ९०७३ घरहरू बाँसका टाटीले बारेका छन् । जुन कुल घर संख्याको ४७.७४ प्रतिशत हो । बाँकी घरहरूमध्य २३६० काठका तख्ताले बारेका छन् । जुन कुल घरसंख्याको १२.४२ प्रतिशत हो । त्यसैगरी माटोको जोडाइ भएको इँटा/ढुंगाको कुल घरधूरीको २.१ प्रतिशत रहेको छ । त्यस्तै सिमेन्टको जोडाइ भएको इँटा/ढुंगा भएको घर ६८८९ रहेको छ । त्यस्तै गरी काँचो इँटा भएको १३ वटा घरधूरी रहेका छन् जून कुल घरधूरीको ०.०६८ प्रतिशत रहेको छ ।



घरको छानाको किसिम

मानिसले आफनो घरको छाना कस्तो लगाएका छन् भन्ने कुरा पनि महत्वपूर्ण सूचक हुन्छ । घरको छानोलाई हाम्रो समाजमा आर्थिक सम्पन्नताको सूचकका रूपमा लिने गरिन्छ । त्यसैले यसको विश्लेषणबाट कुनै पनि ठाउँको आर्थिक सम्पन्नताको अवस्था थाहा पाउन यस विश्लेषणको महत्व रहेको छ ।

सुन्दरहरैंचा नगरपालिकाको घरको छानाको विश्लेषण वडागत आधारमा गरिएको छ । जसले गर्दा वडागत आधारमा योजना बनाउन यसबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

तालिका नं. ४

वडा नं. अनुसारको घरको छानाको किसिम

बाहिरी गारोको आधारमा घरको वनोटको विवरण						
खर/पराल	जस्ता/टिन	टायल/खपटा	सिमेन्ट/ढलान	काठ/फल्याक	अन्य	उल्लेख नगरिएको
२८६६	११२२०	१२१	४५६७	२३	२७	

स्रोत : राष्ट्रिय जन गणना २०६८

माथिको तालिकाको आधारमा विश्लेषण गर्दा सुन्दरहरैंचा नगरपालिकाका अधिकांश घरहरू जस्ता पाताले छाएको छन् । कुल १९००५ घरहरूमध्ये ११२२० घरहरू जस्तापाताले छाएको पाइएको छ । यो संख्या कुल घरसंख्याको ५९.०३ प्रतिशत हुन आउँछ । यो अवस्था प्रायः सबै वडाहरूमा देखिन्छ । छानाको हिसाबले तेस्रो क्रममा पराल तथा खरले छाएका घरहरू आउँछन् । यिनीहरूको संख्या २८६६ रहेको छ । यो कुल घरसंख्या १९००५ को १५.०८ प्रतिशत हो । अर्थात सुन्दरहरैंचा नगरपालिकाका १५.०८ प्रतिशत जनता पराल वा खरले छाएको घरमा बसोबास गरिरहेका छन् । लगभग यही अवस्था प्राय सबै वडाहरूमा देखिएको छ । दोस्रो क्रममा ढलान भएको छानामुनि बस्नेहरू आउँछन् । यस्ता घरहरूको संख्या ४५६७ रहेको छ । जुन कुल घरपरिवार संख्याको २४.०३ प्रतिशत हो । यस नगरपालिकामा ढलान भएको घर ज्यादा हुनुको मुख्य कारण भनेको यस नगरपालिकाले कडाइका साथ भवन आचारसंहिता लागु गर्नु हो । नगरपालिकाको राजश्वको राम्रो स्रोतको रुपमा पनि घर नक्सा फाँटलाई लिइएको छ ।



सञ्चार

सन् १९९० साल सम्म संचार माध्यम सिमित थिए । हाल पत्रपत्रिका, रेडियो र टिभिको प्रयोग अत्याधिक मात्रामा बढ्दै गएको छ । सुन्दरहरैंचा नगरपालिका कार्यालयका सबै शाखाहरुमा कम्प्यूटरबाट सेवा प्रवाह भैरहेको छ । राजश्व शाखामा सम्पूर्ण बिलिङ कार्य कम्प्यूटराइज भएको र लेखा, जिन्सी, पञ्जिकरण, सफ्टवेयरबाट कार्य सम्पादन भैरहेको छ । नगरमा अनलाईन समाचार र वेबसाइटहरू पनि उपलब्ध छन् । नगरमा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network उपलब्ध छ । NTC, Ncell, WorldLink, SUBISU,Broadlink, Konnect Nepal Lumbini Net आदि कम्पनीहरूले इन्टरनेट सेवा दिँदै आइरहेका छन् । सुन्दरहरैंचा नगरपालिकाको पनि आफ्नै वेबसाईट संचालनमा ल्याउन लागिएको छ । साविक कोसीहरैंचा र साविक सुन्दरदुलारी हुदाँ बेवसाइट भएतापनि स्थानीय तह समायोजन भए पश्चात यस मन्त्रालयले छुट्टै बेवसाइट बनाएर नदिएकाले यस नगरपालिकाको बेवसाइट सञ्चालन हुन सकेको छैन । सामाजिक सुरक्षा कार्यक्रममा सहभागिताको विवरण MIS प्रणालीअन्तर्गत इन्टरनेटमा लगिएको छ साथै लाभग्राहीलाई भत्ता/वृत्ति/पोषण भत्ता सनराइज बैंक शाका कार्यालय विराटचौक,जनता बैंक नेपाल, शाखा इटहरी, एन.आई.सि.एसिया बैंक शाखा कार्यालय विराटचौकको बैंकिङ प्रणालीबाट वितरण भैरहेको छ । साथै आ.ब २०७४/०७५ देखि सप्तकोशी डेभलपमेण्ट बैंक गछिया शाखा बाट पनि भत्ता वितरण हुनेछ । नागरिक बडापत्रलाई मोबाईलमा Google play मार्फत हेर्न मिल्ने बनाइएको छ । साथै कार्यालयमा डिजिटल डिस्प्ले मार्फत नागरिक वडापत्र राखिएको छ ।

टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरका १२ ओटा वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल, यूटिएल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ । ग्रामिण भेगहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै बढी खर्चिलो हुने देखिएकोले त्यस्ता

स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ । हाल आएर सिम टिभिले नगरका १२ वटा नै वडामा फाइबर इन्टरनेट सेवा पुर्याइसकेको छ ।

हुलाक सेवा

नगरमा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल नगरका विभिन्न वडाहरूमा कार्यरत छन् । अतिरिक्त हुलाक वडा नं. ४,६ र १२ मा छ भने इलाका हुलाक वडा नं. १ मा छ । हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् ।

पत्रपत्रिकाको विवरण

मोरङ जिल्लाबाट दैनिक पत्रिका ३४ ओटा, साप्ताहिक ९१ ओटा र मासिक २९ ओटा, वार्षिक १, अन्य ३४ गरी हाल १८९ ओटा पत्रपत्रिकाहरू नियमित रूपमा प्रकाशित भई रहेका छन् । देशको केन्द्रबाट प्रकाशन हुने सबैजसो दैनिक अखबारहरू, साप्ताहिकहरू र मासिक पत्रिकाहरू समेत नगरका विभिन्न स्थानहरूमा पाइन्छ ।

एफ.एम.रेडियो

१. रेडियो सुसेली एफ एम . २. सारङगी एफ.एम ३. गछिया एफ.एम.

पिउने पानीको मुख्य स्रोत

पिउनेपानीको पर्याप्तता, शुद्धता र मानव स्वास्थ्यबीच प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । सुन्दरहरैंचा नगरपालिकाका बासिन्दाले प्रयोग गर्ने पिउने पानीको स्रोत मूलतः ट्यूबवेल नै हो । खानेपानी योजना नभएको अवस्थामा सहज र सजिलो पानीको स्रोत ट्यूबवेल नै रहेको छ । वडागत आधारमा ट्यूबवेल प्रयोगकर्ताको विवरण तलको तालिका नम्बर ६ मा दिइएको छ ।

तालिका नं. ५

वडा नं. अनुसार पिउने पानीको मुख्य स्रोत अनुसार घरपरिवार संख्या ।

वडा.न	धारा/पाइप	ट्यूबेल/हाते पम्प	ढाकिएको इनार/कुवा	खुल्ला इनार/कुवा	मूल धारा	नदी/खोला	अन्य	अल्लेख नगरिएको	जम्मा
१	३६२	११३८	१	०	१	०	६४	५	१५७१
२	१७०	१४८८	१	३	०	१	०	३	१६६६
३	६	१२७७	७	०	१	०	०	०	१२९१
४	३६	१३७१	३	०	२	०	३३	४	१४४९
५	१७	१३७०	७	७	६	०	१	३४	१४४२
६	२५	१६३१	७	९	२	६	५६	६	१७४२
७	९	१५६३	०	०	९	०	०	३	१५८४
८	८८९	४२९	४	११	०	०	१	४	१३३८
९	४३२	१३४८	३	०	१	०	५	२१	१८१०
१०	४०१	१५२६	२	६	६	०	०	०	१९४१
११	५०२	१४२३	४	३	४	२	३४	८	१९८०
१२	६०	१०७४	१३	०	१	०	३२	११	११९१
जम्मा	२९०९	१५६३८	५२	३९	३३	९	२२६	९९	१९००५

प्रतिशत	१५।३	८२।३	०।२७	०।२	०।२	०	१।२	०।५	१००

स्रोत : राष्ट्रिय जन गणना २०६८

माथिको तालिकामा हेर्दा सुन्दरहरैंचा नगरपालिका क्षेत्रका १९००५ घरपरिवार मध्ये १५६३८ घरपरिवारले ट्युबवेलको पानी पिउने गरेको तथ्याङ्कले देखाएको छ । यो संख्या कुल घरपरिवार संख्याको ८२.३ प्रतिशत हो । यस नगरपालिका क्षेत्रका १.२ प्रतिशत घरपरिवारले अन्य स्रोत जस्तै इनार, खोलाको जरुवा आदिको पानी प्रयोग गर्दछन् । प्रत्येक वडाका ज्यादै न्यून संख्याले अन्य स्रोतको पानी पिउने गरेको बताएका छन् । यसर्थ सुन्दरहरैंचा नगरपालिकाको पिउने पानीको मुख्य स्रोत ट्युबवेल वा कल नै रहेको पाइएको छ ।

खाना पकाउने इन्धनको मुख्य स्रोत

मानिसलाई खाना बनाउन इन्धन आवश्यक पर्दछ । त्यो इन्धन उसले कुन स्रोतबाट जुटाउँछ भन्ने कुराले एकातिर त्यहाँका मानिसको जीवशैली प्रष्ट पार्दछ भने अर्कोतर्फ इन्धनमा निर्भरताको अवस्था पनि बुझाउँछ । यस आधारमा हेर्दा सुन्दरहरैंचा मानिसहरूले ग्यास, मट्टितेल, दाउरा, गोबरग्यास र गुईठालाई खाना पकाउन प्रयोग गरिने मुख्य इन्धनका रूपमा प्रयोग गरेको पाइन्छ ।

तालिका नं. ६

वडा नं. अनुसार खाना पकाउने इन्धनको मुख्य स्रोत अनुसार घरपरिवार संख्या ।

वडा नं.	खाना पकाउने इन्धनको मुख्य स्रोत								जम्मा
	दाउरा	मट्टीतेल	ग्यास	गुईठा	गोबरग्यास	बिजुली	अन्य	उल्लेख नगरिएको	
१	१००७	६	२८७	२३	२३१	२	१०	५	१५७१
२	११५२	२६	२४२	१०२	१३४	०	७	३	१६६६
३	६५८	११	३२१	११६	१७४	०	११	०	१२९१
४	८२७	७	५२५	१	८३	०	२	४	१४४९
५	९४२	२०	३७६	४	७५	०	०	२५	१४४२
६	१३३४	२२	२५६	८	११४	१	१	६	१७४२
७	१०१०	४	४०१	३	१६३	०	०	३	१५८४
८	६५०	९	५३३	२	१३८	०	१	५	१३३८
९	८७३	१३	८३५	१०	५०	०	८	२१	१८१०
१०	८१६	१२	१०६५	०	४८	०	०	०	१९४१
११	८२५	१४	७८२	८४	२६०	१	५	९	१९८०
१२	३४५	२६	६७९	१५	१०९	३	३	११	११९१
जम्मा	१०४३९	१७०	६३०२	३६८	१५७९	७	४८	९२	१९००५

प्रतिशत	५४।९	०।८९	३३।२	१।९	८।३	०	०।३	०।५	१००

स्रोत : राष्ट्रिय जन गणना २०६८

माथिको तालिकाको आधारमा हेर्दा सुन्दरहरैंचा नगरपालिकाका बासिन्दाहरू माथि उल्लेखित सबै प्रकारका इन्धन उपयोग गर्दछन् । यहाँ खाना पकाउने इन्धनको रूपमा सबैभन्दा बढी दाउराको प्रयोग हुने गर्दछ । यहाँको परम्परागत इन्धनको स्रोत गुईठा पनि हो । त्यो परम्परा अहिले पनि ३६८ घर परिवारले अपनाइरहेका छन्, जुन कुल घरपरिवार संख्या १९००५ को करिब १.९ प्रतिशत हो । यस नगरमा सुविधा सम्पन्न एल.पि. ग्यास प्रयोग गर्ने घर परिवारको संख्या पनि उल्लेख्य मात्रमा रहेको छ ।

वडागत आधारमा विश्लेषण गर्दा वडा नम्बर ९,१०,११ मा एलपीजी ग्यास बढी प्रयोग गर्ने वडाहरू हुन भने वडा नम्बर ११,१ र ३ नम्बर वडा क्रमशः गोबरग्यास उत्पादन गरी प्रयोग गरिरहके वडाहरू हुन् । वडा नम्बर १० मा कुइठा प्रयोग भएको पाइदैन ।

बत्तिको मुख्य स्रोत अनुसार घरपरिवार

सुन्दरहरैंर्चा नगरपालिका तीनतिरबाट नगरपालिकाले घेरिएको भए पनि यहाँको बत्तिको मुख्य स्रोत विजुली रहेको छ । विजुलीबाट बत्ति बाल्नेहरूको संख्या ६२३९ घरपरिवार रहेको छ । बिजुली बत्ती बाल्नेहरू कुल घरपरिवार संख्याको ३० प्रतिशत रहेको छ ।
मट्टितेल प्रयोग गरी घर उज्यालो पार्नेहरूको संख्या दोस्रो क्रममा रहेको छ । सुन्दरहरैंर्चा नगरपालिका क्षेत्रका कुल ४४०६ घर परिवारले लालटिन वा कुप्पिमा मट्टितेल हालेर घरायसी कामका लागि उज्यालोको व्यवस्था गर्छन् । अझै पनि कतिपय विवाह कार्यक्रममा मेट्रोलम्याक्स बाल्ने वा जेनेरेटर चलाएर विजुली उत्पादन गर्ने चलन छँदैछ ।

तालिका नं. ७
वडा नं.अनुसार बत्तिको मुख्य स्रोत अनुसार घरपरिवार संख्या ।

वडा नं.	**बत्ति श्रोत**						**जम्मा**
	बिजुली	**मट्टीतेल**	**गोबरग्यास**	**सोलार**	**अन्य**	**उल्लेख नगरिएको**	
१	१२८८	२४१	११	२	२४	५	१५७१
२	११४५	५०१	६	१०	१	३	१६६६
३	१०९८	१८४	५	४	०	०	१२९१
४	१३०४	१३२	६	२	१	४	१४४९
५	११८९	१९७	१३	९	०	३४	१४४२
६	१४७६	२४२	१४	३	१	६	१७४२
७	१४४१	१३२	४	४	०	३	१५८४

८	१२३४	८९	५	४	१	५	१३३८
९	१६६६	११७	२	४	०	२१	१८१०
१०	१८४१	९२	४	२	२	०	१९४१
११	१७६७	१७८	१०	१०	६	९	१९८०
१२	११०३	६०	८	८	२	१०	११९१
जम्मा	**१६५५२**	**२१६५**	**८८**	**६२**	**३८**	**१००**	**१९००५**
प्रतिशत	**८७।०९**	**११।३९**	**०।४६**	**०।३३**	**०।१९९**	**०।५२**	**१००**

स्रोत : राष्ट्रिय जन गणना २०६८

सुन्दरहरैंचाका १९००५ घरपरिवार मध्ये ८७।०९ घर परिवारले सौर्य उर्जालाई **उ**ज्यालोको स्रोत मान्ने गरेको छ । उनीहरूले सोलर प्यानल जोडेर त्यसैबाट विजुली बाल्ने काम गरेको पाइन्छ । सरकारी अनुदान र मट्टितेल वा बिजुलीको महसुल बृद्धि भइरहेको अवस्थामा सार्य उर्जा प्रयोग गर्नेहरूको सख्या बढिरहेको छ ।

वडागत आधारमा विश्लेषण गर्दा उर्जा खपतको हिसाबले विभिन्न वडामा संख्यात्मक रूपमा केही तल माथि देखिए पनि सबै वडामा एउटै प्रवृत्ति देखिएको छ । सबैतिर बिजुली र सौर्य उर्जा प्रयोगमा स्थानीयको ध्यान आकर्षित भइरहेको पाइएको छ ।



शौचालयको व्यवस्था

शौचालय खुला दिसामुक्त अभियानको एक महत्वपूर्ण सूचक हो । त्यसैले यसमा भएको प्रगतिले खुला दिसामुक्त अभियानका साथै नगरपालिकाको स्वच्छता तथा सरसफाइ अभियानमा समेत योगदान पुग्ने गर्दछ ।

तालिका नं. ८

वडा नं. अनुसार शौचालयको व्यवस्था अनुसार घरपरिवार संख्या ।

वडा नं.	शौचालयको सुविधा			जम्मा
	विकसित चर्पी	साधारण चर्पी	शौचालय नभएको	
१	१५०	१४२१	०	१५७१
२	३०५	१३६१	०	१६६६
३	५६२	७२९	०	१२९१
४	४५९	९९०	०	१४४९
५	३८२	१०६०	०	१४४२
६	४९०	१२५२	०	१७४२
७	४३१	११५३	०	१५८४
८	५५०	७८८	०	१३३८
९	८४५	९६५	०	१८१०
१०	११६०	७८१	०	१९४१
११	५८५	१३९५	०	१९८०
१२	८७३	३१८	०	११९१
जम्मा	**६७९२**	**१२२१३**	०	१९००५
प्रतिशत	**३५।७३**	**६४।२६**	०	१००

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

सुन्दरहरैंचा नगरपालिकाम माथिको तालिका अनुसार हेर्ने हो भने शतप्रतिशत शौचालय भएको देखिन्छ । विगत ७ वर्ष देखि रेडियो सुसेली सँगको सहकार्यमा यहाँ खुल्ला दिशामुक्त नगरपालिका घोषणा गर्ने अभियानमा लागिएको छ । हाल आएर यो अभियानले सफलता पाएको छ । खानेपानी कार्यालय तथा विभिन्न विषयगत कार्यालयले २०७४ साल जेष्ठ अन्तिममा गरेको अनुगमनका क्रममा यहाँका सम्पूर्ण घरधूरीमा शौचालय बनेकाले अब यो नगर खुल्ला दिशामुक्त नगरको रुपमा घोषणा गर्न योग्ग रहेको जानकारी प्राप्त भएको थियो । राजनैतिक दलहरुसँगको बैढकले स्थानीय तहको चुनाब सकिएपछि मात्र सुन्दरहरैंचा नगरपालिकालाई खुल्ला दिशामुक्त नगर घोषणा गर्ने सल्लाह अनुसार अन्तिम घोषणाको तयारीमा रहेको छ ।



महिलाको नाममा घर जग्गा भएको घरपरिवार

कुनै पनि गाउँ वा सहरमा महिलाको नाममा के कति घर तथा जग्गा रहेको छ भन्ने कुराको विश्लेषणबाट महिलासँग के कस्तो स्थायी सम्पति रहेको छ भन्ने कुरा थाहा पाउन सकिन्छ । त्यति मात्र होइन त्यस ठाउँका महिलाको सशक्तीकरण र स्वावलम्बनको अवस्था थाहा पाउनका लागि यो एक महत्वपूर्ण सूचक हुनसक्छ । महिलाको नाममा स्थिर सम्पति भएको खण्डमा महिलाविरुद्ध हुने घरेलु हिंसा पनि कम हुन्छ भन्ने मान्यता रही आएको छ । त्यस आधारमा पनि महिलाको स्वामित्वमा रहेको घर, जग्गा लगायत स्थिर सम्पतिको विश्लेषण गर्न जरुरी हुन्छ ।

तालिका नं.९
महिलाको नाममा जग्गा भएको घरपरिवार विवरण

वडा नं.	भएको	नभएको	उल्लेख नभएको	जम्मा घरपरिवार
१	५०८	१०५५	८	१५७१
२	१५५	१५०९	२	१६६६
३	३२६	९६५	०	१२९१
४	२२९	१२२०	०	१४४९
५	२९१	११४३	८	१४४२
६	३२२	१४२०	०	१७४२
७	३५४	१२२२	८	१५८४
८	४०५	९३३	०	१३३८
९	७३६	१०६४	१०	१८१०
१०	६४६	१२९५	०	१९४१

११	६७७	१२९५	८	१९८०
१२	५७३	६१२	६	११९१
जम्मा	**५२२२**	**१३७३३**	**५०**	**१९००५**
प्रतिशत	**२७।४७**	**७२।२६**	**०।२६३१**	**१००**

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकाको आधारमा सुन्दरहरैंचा नगरपालिका क्षेत्रका ५२२२ घर परिवारका महिलाको नाममा जग्गा भएको पाइएको छ । जग्गा केही पनि आफ्नो नाममा नभएका महिलाहरूको संख्या १३७३३ रहेको छ । यसरी सम्पतिको स्वामित्व सहितका घर परिवारका महिलाको संख्या कुल घरपरिवार संख्या १९००५ को २७.४७ प्रतिशत हुन आउँछ । त्यसैगरी जग्गा नभएका महिलाको परिवार संख्या कुल घर परिवारको आधारमा ७२.२६ प्रतिशत रहेको छ । जग्गामा महिलाको स्वामित्व नभएको घरपरिवार संख्या दुई तिहाईले भन्दा बढी छ ।



तालिका नं १०
वडागत महिलाको नाममा रहेको घरको विवरण

वडा नं.	भएको	नभएको	उल्लेख नभएको	जम्मा घरपरिवार
१	२७६	१२८५	१०	१५७१
२	२८२	१३८२	२	१६६६
३	२४०	१०४४	७	१२९१

४	३१२	११३७	०	१४४९
५	३१२	११२३	७	१४४२
६	२०५	१५२६	११	१७४२
७	३२२	१२५७	५	१५८४
८	३२६	१००९	३	१३३८
९	५२८	१२७२	१०	१८१०
१०	४९६	१४४५	०	१९४१
११	८०२	११७०	८	१९८०
१२	३८३	८०२	६	११९१
जम्मा	**४४८४**	**१४४५२**	**६९**	**१९००५**
प्रतिशत	**२३।५९३८**	**७६।०४३**	**०।३६३१**	**१००**

माथिको तालिकाको आधारमा सुन्दरहरैंचा नगरपालिका क्षेत्रका ४४८४ घर परिवारका महिलाको नाममा घरजग्गा भएको पाइएको छ। घरजग्गा केही पनि आफनो नाममा नभएका महिलाहरूको संख्या १४४५२ रहेको छ। यसरी सम्पतिको स्वामित्व सहितका घर परिवारका महिलाको संख्या कुल घरपरिवार संख्या १९००५ को २३.५९ प्रतिशत हुन आउँछ। त्यसैगरी जग्गा नभएका महिलाको परिवार संख्या कुल घर परिवारको आधारमा ७६.०४ प्रतिशत रहेको छ। जग्गामा महिलाको स्वामित्व नभएको घरपरिवार संख्या दुई तिहाईले भन्दा बढी छ।



सिंचाइको अवस्था

नगर सतह एवम् भूमिगत जल सिँचाईको स्रोत पर्याप्त मात्राममा रहेको छ। कृषिको लागि उर्वर माटो भएकको र नगरमा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुदाँ प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिँचाई सुविधा पुर्याउन सके रोजगारीका अवसर बढुनुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

सुन्दरहरैंचा नगरपालिका भित्र भएका सिँचाई आयोजनाहरुको विवरण

तालिका नं. १०

सि.न	सिंचाई आयोजना	सिंचित वडा
१	हसिना पैनी कुलो	४,५
२	भरत सिंचाई बाँध	४,६
३	खासाङ्गीनी बाँध	६
४	भोर्जना पैनी	६
५	तेलिया खोला	४,५,६
६	मालती खोला	३,७
७	डिपु बाँध	५,६
८	बाघझोडा सिमसार क्षेत्र	१०,१२,११,१
९	किस्ती खोला	१०,११ र १२
१०	लोहन्द्रा खोला (सिँचाई)	१,११
११	कालीखोला (सिमसार)	९,११,१२
१२	भुल्के जलाधार क्षेत्र	१,२,८,११
१३	मदाहा खोला	साविक मृगौलिया र बांकी रहेका सबै वडाहरू
१४	झरना खोला	९,११
१५	सुकुना खोला	११,१२

कृषक परिवारमा जग्गाको आकार

सुन्दरहरैंचा नगरपालिकाका कृषकहरूको जमिनमाथिको पहुँच र खेतीमा संलग्न किसान परिवारको विश्लेषण गर्दा सुन्दरहरैंर्चा नगरपालिकाको कुल खेतीयोगय जमिन कृषक परिवारले कसरी उपयोग गरिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ।

तालिका नं.११

कृषक परिवारमा जग्गाको आकारको विवरण

वडा नं..	कृषियोग्य जमिन (हे)	कृषक परिवार संख्या	प्रति कृषक परिवार जमिन (हे)	कैफियत
				साविक गाविसको आधारमा विभाजन गरी निकालिएको
जम्मा				

स्रोत : जिल्ला कृषि विकास कार्यालय ,मोरङ ।

।

खाद्यान्नमा आत्मनिर्भरताको अवस्था

सुन्दरहरैंचा नगरपालिकाका जनताले आफनो कमाइबाट कति समय खान पुऱ्याउँछन् भन्ने कुरा खाद्यान्नमा आत्म निर्भरताको अवस्था अध्ययनबाट थाहा हुन्छ । तालिका नं. १२ मा यसको विवरण उल्लेख छ ।

तालिका नं.१२

खाद्यान्नमा आत्मनिर्भरताको अवस्था

क्र.सं.	विवरण	परिवार	प्रतिशत	कैफियत
१	३ महिनाभन्दा कम खान पुग्ने	२४७७	१३.०३	
२	४ –६ महिना खान पुग्ने परिवार	४२८०	२२.५२	
३	७ –९ महिना खान पुग्ने परिवार	५२३४	२७.५४	
४	१० –१२ महिना खान पुग्ने परिवार	२६६०	१४	

५	आफनो खेतीको उत्पादन आफूले खाएर बेचविखन गर्ने परिवार	४३५४	२२.९	
	जम्मा	१९००५	१००	

स्रोत :स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले गरेको विपन्नता स्तरीकरण बाट प्राप्त भएको ।.

माथिको तालिकामा उल्लेख भए अनुसार सुन्दरहरैंचा नगरपालिकाको खाधान्यको अवस्थालाई दर्शाइएको छ । तालिकामा ३ महिनाभन्दा कम खाना पुग्ने घरधुरीको संख्या २४७७ रहेको छ जुन कुल घरधूरीको १३.०३ प्रतिशत हुन आउँछ । त्यस्तै गरी ४ देखि ६ महिना सम्म खाना पुग्ने घरधूरीको संख्या ४२८० रहेको छ । जुन कुल घरधूरी १९००५ को २२।५२ प्रतिशत हो । त्यस्तै गरी आफ्नो खेतीको उत्पादन खाफुले खाएर बेचविखन गर्ने परिवारको संख्या सुन्दरहरैंचा नगरपालिकामा अन्य नगरपालिकाको दाजोँमा बढि रहेको छ । यहाँ २२।९ प्रतिशतले आफ्नो खेतीको उत्पादन खाएर बेच्न पनि पुर्याउछन् । सुन्दरहरैंचा नगरपालिकामा ७ देखि ९ महिनासम्म खाध्य पर्याप्त हुने परिवारको संख्या अन्यको तुलनामा बढि रहेको छ । यहाँ ५२३४ परिवारले ७ देखि ९ महिनासम्म खाना पुर्याउँछन् ।

कृषि सम्बन्धी विवरण

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्थरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादन उपलब्ध नहुँदा पर्यटकले उपयोग गर्ने सेवा र वस्तुको उपभोगबाट प्राप्त हुने लाभ अपेक्षित मात्रामा प्राप्त गर्न कृषि पर्यटनको विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ । यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनुपनि हो । कृषि क्षेत्रमा आधुनिकीकरण नहुन, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ ।

नगरको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यत कृषि प्रणालीमा हिउँदे तथा वर्षे धान, गहुँ, मकै, आलु, तरकारी, फलफूल, केरा, दलहन, तेलहन आदि नगरका प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । कोसीहरैंचा नगरपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ ।

कृषि बालीमा लाग्ने रोग

नगरको कृषि उत्पादनमा धान, गहुँ, मकै, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, अैलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी एनथ्राक्नोज, सेतो ढुसी, डाइव्याक, जरा कुहिन, अैलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्या परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

सि.न	बाली	प्रमुख शत्रु जीव	प्रमुख रोग
१	धान	गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे	मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ व्लाइट, खैरे रोग
२	गहुँ	कटवर्म, वायरवर्म, लाही	कालो पोके, सिन्दुरे
३	मकै	खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही	डाठ कुहिने, घोगा कुहि, कालोपोक
४	आलू	लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, आलुको पुतल	लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग
५	तरकारी	भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने अैसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स	ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने
६	फलफुल	आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली	एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक
७	केरा खेती	केराको स्किपर, थाम र गानोका गवाराहरु, खपट	जरा कुहिने रोग, ओईलाउने रोग

कृषि क्षेत्रको विकास र विस्तारको लागि सरकारले स्थापना गरेको कृषि सेवा तथा उपकेन्द्र मार्फत कृषकहरुलाई सहयोग गर्दै आएको भएता पपिन यसको व्यवस्थापन र प्रयार्प्त जनशक्तिको अभावमा कृषकहरुको आवश्यकता र मागलाई पुरा गर्न सकेको छैन । यस नगरको वडामा रहेको कृषि सेवा उपकेन्द्रले सेवा दिनु पर्ने भएकोले कृषकहरुले आवश्यकता अनुरुप गुणस्तरीय सेवा सुविधा पाउन नसकिरहेको अवस्था छ ।

कृषि बजारीरकण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ । नगर निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरु विभिन्न खालका अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । हालसम्म बजारीकरण ढाँचामा आठ प्रकारका कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देन्छि । यी आठ प्रकारका कृषि उपज बजारीकरणका ढाँचाहरुले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका भने पक्कै छन् । यीमध्ये केही बजारीकरणका मोडलहरुबाट यस नगरमा कृषिको बजारीकरण हुने गरेको छ । यसबाहेक नगरमा विभिन्न दिनहरुम लाग्ने हाट बजारहरु मार्फत पनि कृषिको बजारीकरण हुने गर्दछ ।

१. डुलुवा कृषि बजारीकरण

२. फुटपाथ कृषि बजारीकरण

३. स्थायी खुद्रा कृषि उपज बिक्री स्थल

४. स्थायी थोक कृषि उपज बजार

५. फुटपाथ जीउदो पशु, पंक्षी र माछा बिक्री स्थल

६. स्थायी जिउँदो पशु, पंक्षी र माछा बिक्री स्थल

७. पशुपंक्षीजन्य उत्पादनको बजारीकरण (दुध, मासु, अण्डा)

८. बजारस्थलमा कृषि वस्तु बजारीकरण (सुपर स्टोर्स देखि मिनि मार्केटसम्म)

जग्गाको उर्वराशक्ति

नगरको ठूलो क्षेत्रफल समथर भूभागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ । विगतमा सुन्दरहरैंचामा रहेका उर्वरा क्षेत्र हाल शहरीकरणको प्रभावसंगै उर्वरभूमि सागुरिदै गएको देखिन्छ । नगरको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको तथा भिराला पाखाहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।

पशुपालन

नगरमा विशेषगरी गाई, भैंसि, बाख्रा, सुँगुर, कुखुरा, हाँस, परेवा नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैंसी, कुखुरा र माछा फर्महरु रहेका छन । त्यस्तै गरि भेटेनरी सेवा पनि नगरमा उपलब्ध रहेको छ । नगरमा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ ।

पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस नगरपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फेलिएको पाइँदैन । तथापी यहाँका पशुहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

पशु रोगहरुको विवरण

नगरमा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन् । नगरको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोपपनि यस नगरमा त्यत्तिकै रहेको पाइन्छ । यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ । यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास गरेको देखिन्छ । जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरका किसानहरूले खोप लगाउने गरेको पाइन्छ । तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेको छन । नगरमा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत नगरका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ । नगरमा पशु व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न वडाहरुलाई समेट्ने गरी पशुसेवा उपकेन्द्र संचालनमा रहेका छन् ।

सहकारी संस्थाहरूको विवरण

सहकारीलाई अर्थतन्त्रको एक महत्वपूर्ण खम्बा मानिएको छ । यसर्थ सहकारीको विश्लेषणबाट कति मानिसहरू सहकारी कर्ममा सलग्न छन् भन्ने कुरा त जानकारी हुन्छ नै साथसाथै कतिले यसमा रोजगारी पाएका छन् भन्ने कुरा पनि जान्न सकिन्छ । सुन्दरहरैंचा नगरपालिका क्षेत्रमा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू छैनन् । यहाँ १५० वटा भन्दा बढि सहकारी संस्थाहरू रहेका छन् । तिनीहरूको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं.१५

सहकारी संस्थाहरूको विवरण

प्रकृति	बचत तथा ऋण	सहकारी संघ	बहुउद्धेश्य	साना किसान	दूग्ध	कृषि, तरकारी, फलफुल
संस्था/संख्या	९१	२	१९	३	९	२६

स्रोत : डिभिजन सहकारी कार्यालय मोरङ ।

सुन्दरहरैंचा नगरपालिका भित्र धेरै सहकारी संस्था रहेका छन् । भनिन्छ मोरङमा नै सबै भन्दा बढि सहकारी संस्था भएको नगरपालिका सुन्दरहरैंचा हो । तर यो तंथ्यांक तयार पार्दाको अवस्थामा जम्मा १५० वटा सहकारी फेला परे । कुनै सहकारी नविकरण नभएको पाइयो । यस नगरपालकामा ९१ वटा बचत तथा ऋण सहकारी संस्था रहेका छन् भन २ वटा सहकारी संघ रहेको छ । त्यस्तै गरी १९ वटा बहुउद्धेश्य, ३ वटा साना किसान र ९ वटा दूग्घ विकास सस्था रहेका छन् । जसलाइ तलको पाइचाटबाट पनि हेर्न सकिन्छ ।



खण्ड पाँच

बालमैत्री स्थानीय शासन र बाल अधिकार

बाल अधिकार

बालबालिकाको अधिकारलाई छोटकरीमा बालअधिकार भनिन्छ । बाल अधिकार प्रदान गर्ने र गराृने मुख्य दायित्व राज्यको हो । राज्यका प्रतिनिधिले नै अन्तराष्ट्रिय मञ्चमा उभिएर बालबालिकाका अधिकार दिने प्रतिबद्धता गरेको हुन्छ । त्यसैले राज्य आफैंले वा उसको पहलमा सरकारी वा गैरसरकारी वा सामाजिक संघसंस्था र परिवारले समेत बालअधिकार बहालीका लागि जिम्मेवार भई काम गर्नुपर्दछ । नगरे उनीहरूलाई जिम्मेवार बनाउने काम पनि राज्य वा सरकारको नै हो ।

स्थानीय तह स्थानीय सरकार हो । नगरपालिकाले आफनो क्षेत्रभित्रका बालबालिकाका लागि गर्नुपर्ने सबै कामको जिम्मेवारी लिनुपर्दछ । उसले गर्नुपर्ने काम र कार्यविधि नेपाल सरकारबाट जारी बालमैत्री स्थानीय शासन कार्यविधि २०६८ मा उल्लेख छ । त्यस कार्यविधिले सरकारले बालबालिकाका लागि अनुकूल हुने संसर बनाउनका लागि आफनो तहमा काम गर्नुपर्दछ भन्ने कुरा उल्लेख छ । नगरपालिका तल्लो तहको सरकार नै हो । उसले पनि आफनो तहमा बालबालिकाको हित अनुकूल संरचना बनाउने, नीति बनाई लागू गर्ने र त्यस्ता कार्यको अनुगमन गर्ने हैसियत राख्दछ । त्यसै कारण विगत देखि नै तत्कालीन नगर विकास समिति र नगरपालिकाहरूले बालमैत्री स्थानीय सरकारको अवधारणा लिएर काम गरिहेका छन् ।

बालबालिका भनेका जन्मेदेखि १८ वर्ष नपुगेका मानवहरू हुन् । सुरक्षित रुपमा जन्मिन पाउनु, आवश्यक खोप तथा औषधी उपचार पाउनु, हेरचाह तथा स्याहार पाउनु उनीहरूको अधिकार हो । त्यस्तै खान, बस्न, लाउन पाउनु, उमेर र अवस्थाका आधारमा उपयुक्त शिक्षा पाउनु, खेल तथा मनोरञ्जन पाउनु, उपयुक्त पारिवारिक तथा सामाजिक वातावरण पाउनु पनि बालअधिकार नै हो । साथै, कुटपिट, हेला, हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षण पाउनु, मनमा लागेको कुरा भन्न पाउनु, स्याबासी र हौसला पाउनु आदिजस्ता कुराहरू पनि बालबालिकाका लागि आवश्यक छन् ।

बालबालिकालाई अति आवश्यक पर्ने यी अधिकारहरूलाई नै बालअधिकार भनिन्छ । बालअधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय दस्तावेज बालअधिकार सम्बन्धी महासन्धि १९८९ हो । यस महासन्धिलाई संयुक्त राष्ट्र संघले मान्यता दिएको छ । यस महसन्धिले १८ बर्षमुनिका सबै मानवलाई बालबालिका मानेको छ । उनीहरूले पाउनुपर्ने अधिकारलाई बालअधिकार भनेको छ । यस महासन्धिका ५४ वटा धारा छन् । यी धाराहरूमा जति पनि अधिकारहरू व्यवस्था गरिएका छन् तिनिहरूलाई मुख्य गरी चार भागमा बाँढेर अध्ययन गरेको पाइन्छ । एकअर्काको पूरकका रूपमा रहेका यी चारवटै भागहरूलाई चार बाकस वा चार स्तम्भ पनि भन्ने गरिन्छ ।

१.बाँच्न पाउने अधिकार

बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनु र सुरक्षित जन्मिनु उसको अधिकार हो । जन्मिएपछि आवश्यक स्वस्थकर खाना, उचित स्याहार, बास, स्वास्थ्य उपचार र न्यानो कपडा लगायतका एउटा बालक बाँच्नका लागि नभई नहुने अधिकारहरू नै यससँग सम्बन्धित अधिकारहरू हुन् ।

२. विकासको अवसर पाउने अधिकार

बालबालिकाहरू बाँचेर मात्र पुग्दैन । उनीहरूको चौतर्फी विकास हुनुपर्दछ । बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक विकासको लागि चाहिने सम्पूर्ण आवश्यकताहरूलाई नै बालविकासको अधिकार भनिन्छ । जस्तै : शिक्षा, खेलकुद, मनोरञ्जन, स्याहार सम्भार, पौष्टिक आहार, पर्याप्त भोजन, पर्याप्त स्वास्थ्य सेवा आदि ।

३. संरक्षण पाउने अधिकार

हरेक किसिमको भेदभाव, शोषण, दुर्व्यवहार, यातना, कुटपिट, अपहरण, हिंसा र अवहेलनाबाट बालबालिकाको संरक्षण हुनुपर्दछ । प्रत्येक बालबालिकाले नाम पाउनुपर्छ र जन्मदर्ताको अधिकार पाउनुपर्छ । बेचबिखनबाट संरक्षण, अपहरणबाट संरक्षण, सशस्त्र द्वन्द्वबाट संरक्षण, जोखिमपूर्ण श्रम, श्रमशोषणबाट संरक्षण पाउनुका साथै अपाङ्गता भएका, अनाथ बालबालिकाको विशेष संरक्षण, यौनशोषणबाट संरक्षण, लागू पदार्थ दुर्व्यसन तथा ओसार पसारमा प्रयोग हुनबाट संरक्षण पाउने जस्ता महत्वपूर्ण अधिकारहरू यस अन्तर्गत पर्दछन् ।

४. सहभागी हुन पाउने अधिकार

बालबालिकाको सर्वोत्तम हितका विषयहरूमा बालबालिकाले आफ्नो धारणा राख्न पाउनु, आफूसँग सरोकार राख्ने विषयमा निर्णय गर्ने अवसर पाउनु, भेला हुन पाउनु, एकजुट हुन पाउनु, उपस्थित हुन पाउनु, बालक्लबहरू खोल्न पाउनु तथा बलाक्लबका गतिविधिहरूमा भाग लिन पाउनु, आफ्नो कुरा स्वतन्त्रतापूर्वक राख्न पाउनु, समूहमा छलफल गर्न, संलग्नता देखाउन र प्रतिभा प्रस्तुत गर्न पाउनु नै बालबालिकाको सहभागी हुन पाउने अधिकार हो । त्यस्तै अरुले आयोजना गरेको बाल कार्यक्रमहरूमा सहभागी हुन पाउनु, बाल हकहितका नीति निर्णयमा सहभागी हुन पाउनु, प्रशंसा, स्याबासी र हौसला पाउनु साथै विचार र भावनाको कदर हुने वातावरण पाउनु जस्ता आधारभूत अधिकारहरू यस अन्तरगत पर्दछन् ।
बालअधिकारका यी चारैवटा भागहरू एक अर्काका पूरक हुन् ।

बालअधिकारका सिद्धान्तहरू

बालबालिकासँग र उनीहरूका निम्ति गरिने प्रत्येक कार्यहरू बालबालिकाको हितमा छन् भनी मापन गर्न बालअधिकार महासन्धिले चारओटा सिद्धान्तहरूलाई अँगालेको छ । यी सिद्धान्तहरूले परिवार, समाज र राज्यबाट भए गरेका कार्यहरू बालअधिकारका पक्षमा छन् वा छैनन् भनी जाँच्नका लागि आधारभूत मापदण्डको काम गर्छन् । बालबालिकासँग र उनीहरूका निम्ति गरिने प्रत्येक कामहरू बालअधिकारको यी चार सिद्धान्त विपरीत हुनुहुँदैन भनेर यसले मार्गदर्शन पनि गर्दछ ।

बालअधिकारका चार सिद्धान्तहरू यसप्रकार छन् :
क. विभेद रहित
ख. बालबालिकाको सर्वोत्तम हित
ग. दीर्घजीवन र विकास
घ. बालबालिकाको विचार तथा भावनाको कदर

सुन्दरहरैंचाको बालबालिकाको जनसङ्ख्या

शून्यदेखि १८ वर्ष उमेर समूहका मानिसलाई बालबालिका भनिन्छ, भन्ने परिभाषा अन्तराष्ट्रिय बाल अधिकार महासन्धि १९८९ मा गरिएको छ । नेपालको कानुनले शून्य देखि १६ वर्षसम्मका मानिसलाई बालबालिका भन्नुपर्दछ भनी परिभाषित गरे पनि व्यवहारमा र सामाजिक संघसंस्थाले महासन्धिको परिभाषालाई आत्मसात गरेर काम गरेको देखिन्छ । त्यसैले यहाँ शून्यदेखि १८ वर्ष उमेर समूहका मानिसलाई बालबालिका भनी विश्लेषण गरिएको छ ।

तालिका नं.१
बालबालिकाको लैङ्गिक आधारमा जनसङ्ख्या विवरण

सि.नं.	उमेर समूह	लिङ्ग		जम्मा	प्रतिशत
		पुरुष	महिला		
१	० देखि ४	३३०९	३१३६	६४४५	७।९९४१९५१
२	५ देखि ९	४३००	४०१६	८३१६	१०.३१४९३
३	१० देखि १४	५०३०	४७५६	९७८६	१२.१३८२७७
४	१५ देखि १८	४४१२	४६२०	९०३२	११.२०३०४

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा बालबालिकाको विवरण उमेरको आधारमा जनसाँख्यिक विवरण देखाइएको छ । ती विवरण आफैंमा महत्वपूर्ण छन् । त्यसमा बालबालिकाको सङ्ख्या ३३५७९ रहेको छ । त्यस आधारमा हेर्दा सुन्दरहरैंचा नगरपालिकामा ० देखि १८ वर्ष उमेर समूहका बालक १७०५१ र बालिका १६५२८ रहेका छन् । लैङ्गकि आधारमा विश्लेषण गर्दा सुन्दरहरैंचा नगरपालिकामा बालिकाको तुलनामा बालकको संख्या बढी रहेको छ ।

सुन्दरहरैंचाको बाल अधिकारको अवस्था

सुन्दरहरैंचा नगरपालिकामा ० देखि १८ वर्ष उमेर समूहका बालिकाको संख्या कुल जनसङ्ख्याको ४४.५६ प्रतिशत रहेको छ । आजका बालबालिका नै मुलकको भविष्यका नेतृत्वकर्ता नायकनायिका हुन् । त्यसैले आजको सरकारी अंगले गर्ने काम बालमैत्री स्थानीय शासनको अवधारणामा आधारित हुनपर्दछ भन्ने विश्वव्यापी मान्यता रही आएको छ । बालमैत्री स्थानीय शासन भन्नु नै बाल अधिकारमा आधारित शासन प्रशासन भन्ने बुझिन्छ ।

बाल अधिकारका माथि उल्लेखित चार वटा भाग वा चार बाकस बालबालिकाका अधिकारका विषयहरू हुन् । ती अधिकारहरू परिवार, समाज र राज्यले परिपुर्ति गरिदिनुपर्दछ । अर्थात, ती

अधिकारहरू पूरा गरिदिने दायित्व अभिभावक, समाज र राज्यको हो । त्यसैले यहाँ बाल अधिकारको अवस्था अध्ययन गर्दा मूलत शिक्षा, स्वास्थ्य, खेलुकदको अवस्थालाई विश्लेषण गर्नुपर्ने हुन्छ । उनीहरूको सहभागिताको अधिकारहरूका लागि बालक्लबहरूको गठन, सञ्चालन र बालक्लबका प्रतिनिधिहरूलाई बालबालिकाको सरोकारका संस्था वा निकायमा प्रतिनिधित्वको अवस्थालाई विश्लेषण गर्नुपर्दछ ।

नगरपालिका बन्नुअघि पनि यसमा गाभिएका सबै गाविसहरूमा विभन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको पहलमा सबै वडाहरूमा केही न केही रूपमा बालमैत्री अभियान सञ्चालन भएको पाइएको छ ।

साविकका दुवै नगरपालिकामा नगर स्तरीय र वडा स्तीय बालक्लब सञ्जालहरू कार्यरत छन् । समाजका राजनीतिक तथा सामाजिक क्षेत्रको प्रतिनिधित्व हुने गरी स्थानीय बालमैत्री शासन समिति बनेर काम गरिरहेको अवस्था छ भने सबै वडाहरुमा बालविवाह लगायतका बाल संरक्षणका मुद्दाहरूमा केन्द्रित भई काम गर्ने गरी गाविस नगर स्तरीयय बाल संरक्षण समिति गठन भई उनीहरूकै पहलमा क्रियाकलापहरू सञ्चालन भइरहेको अवस्था छ । विगतमा भएका बालमैत्री अभियानसम्बन्धी कार्यक्रमहरूको प्रभाव राम्रो परेको छ । त्यस आधारमा पनि बाल अधिकार सम्बन्धी सचेतना यस नगरपालिका क्षेत्रका अधिकांश घरपरिवार र नागरिकमा पुगेको छ भन्न सकिन्छ । किनकि विगतका तिनै नगर विकास समितिहरूलाई समेटेर नगरपालिका र नगरपालिकाको पुनर्संरचना गरिएको हो । विगतमा विकास भएको चेतना र बालमैत्री अभियानमा लाग्ने सकारात्मक वातावरण सुन्दरहरैंचा नगरपालिकाको लागि सम्पति हो । यही सम्पतिलाई समेटर नगरपालिका अगाडि बढ्न सक्ने अवस्था छ ।

यस अभियानमा विगत वर्षहरूमा नगरपालिकासँग सहकार्य गर्ने सरकारी तथा गैरसरकारी एवम् सामाजिक संघसंस्थाहरू नगरपालिकाले भविष्यमा काम गर्दाका महत्वपूर्ण साझेदार बन्न सक्ने संभावना छ । फेरि पनि यस नगरपालिका क्षेत्रमा बालमैत्री अभियान सञ्चालन गर्नका लागि शून्यमा झरेर काम गर्नुपर्ने अवस्था छैन । कामको अवस्था जुन उचाइमा पुगेको छ त्यहीबाट सुरु गर्न सकिने अवस्था छ ।

बाल अधिकार बहालीका सूचकहरू विभिन्न प्रकारका हुन्छन् । बालमैत्री स्थानीय शासन कार्यविधिले ३९ वटा सूचकहरू तोकेको छ । ती सूचकहरू बालमैत्री अभियानका लागि महत्वपूर्ण हुन्छन् । बालबालिकाको बाँच्न पाउने हकका लागि स्वास्थ्य सेवा तथा खोप अनि मातृशिशुको स्वास्थ्य अवस्थाको विशेष महत्व हुन्छ । विकासको अधिकार खेलकुद र शिक्षासँग सम्बन्धित हुन्छन् । त्यसैले विद्यालय तहको शिक्षा भयरहित वातावरणमा गुणस्तरीय शिक्षा पढ्न पाउने र त्यो भन्दा सानो उमेर बालविकास केन्द्रमा गई पढ्न पाउने अवस्था यसका लागि महत्वपूर्ण हुन्छन् । बाल सहभागिताको अधिकारको लागि भित्तेपत्रिका प्रकाशन र बालक्लबमा आवद्ध हुन पाउने र बालक्लबको तर्फबाट विद्यालय व्यवस्थापन समिति, नगरपालिका र अन्य सरोकारवाला निकायमा बालबालिका सम्बन्धी विषयमा महत्वपूर्ण निर्णय भइरहँदा बालबालिकाको प्रतिनिधित्व हुनु बालबालिकाको अर्थपूर्ण सहभागिताको दृष्टिकोणबाट महत्वपूर्ण हुन्छ । बाल संरक्षणको सवालमा भयरहित शिक्षा, बेचविखान, यातना, बालविवाह, लागूपदार्थ दुर्व्यसनबाट संरक्षण, अपहरण र अन्य अमानवीय व्यवहारबाट संरक्षण जस्ता विषयहरू पर्दछन् ।

त्यसैले सुन्दरहरैँचा नगरपालिकाको बालक्लबको अवस्था, बाल विकास केन्द्रको अवस्था, खोप तथा स्वास्थ्य सेवा सम्बन्धी विवरण यही अभिप्रायबाट यस पार्श्वचित्रमा समेटिएको छ ।

बाल क्लबहरूको अवस्था

बालक्लब बालबालिकाको आफनो संगठन हो । यसमा आवद्ध भएर विचार सुन्ने, आफनो विचार बनाउँने, विचार व्यक्त गर्ने सीप सिक्नुका साथै मानवीय जीवनका लागि आवश्यक अन्य सीपहरू पनि सिक्छन् । यही बालक्लबको माध्यमबाट संगठन सञ्चालन पद्धति, नेतृत्व सीप, लोकतान्त्रिक विधि र व्यवहार सिक्छन् । सुशासनका आधारभूत ज्ञान पनि यसबाट सिक्छन् । बालबालिकाको प्रतिनिधित्व गर्ने महत्वपूर्ण संस्था हो । कुनै ठाउँमा बालबालिकाको प्रतिनिधित्व गराउनु पर्दा त्यसको लागि आधिकारिक निकाय स्थानीय बालक्लब तथा बालक्लब सञ्जालहरू नै हुन् । बालबालिकालाई फुत्त बोलाएर नाम मात्रको सहभागिता गराउने भन्दा बालक्लबहरू निर्माण तथा सञ्चालनमा नगरपालिकाले योगदान गर्नुका साथै बालबालिकाको सहभागिता गराउँनु पर्दा बालक्लब वा बालसञ्जाललाई पत्र पठाएर औपचारिक रूपमा प्रतिनिधि माग गरी उनीहरूले पठाएको प्रतिनिधिलाई सहभागी बनाउने गर्नाले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुनुका साथै उनीहरूको प्रतिनिधित्व संस्थागत भएको मानिन्छ ।

तालिका नं.२

वडा स्तरीय बाल क्लबहरूको विवरण

सि.न	ठेगाना	अध्यक्षको नाम	मोबाईल नं.	कैफियत
१	सुन्दरहरैंचा १	भावना खवास	९८०४०९३३९३	
२	सुन्दरहरैंचा २	निता भ□राई	९८१२३९४०८१	
३	सुन्दरहरैंचा ३	सबिना खड्का	९८१५३६०६४२	
४	सुन्दरहरैंचा ४	अस्मिता पौडेल	९८२५३५५३८७	
५	सुन्दरहरैंचा ५	मदन भण्डारी	९८१४३११२०९	
६	सुन्दरहरैंचा ६	विशाल मगर	९८१९०३९८०४	
७	सुन्दरहरैंचा ७	दिपक विश्वकर्मा	९८२५३२५७८८	
८	सुन्दरहरैंचा ८	श्रद्धा कार्की	९८४२२९२८३४	
९	सुन्दरहरैंचा ९	मो. एजाज हुसेन	९८१९०७५४८६	
१०	सुन्दरहरैंचा १०	रूविका पौडेल	९८४२४१९३७८	
११	सुन्दरहरैंचा ११	मौषम पौडेल	९८०४३८४९९३	
१२	सुन्दरहरैंचा १२	किरण पुरी	९८४२२०४०४६	

स्रोत : सुन्दरहरैँचा नगरपालिका कार्यालय

साविकको कोसीहरैंचा नगरपालिका र साविकको सुन्दरदुलारी नगरपालिका समायोजन भएर सुन्दरहरैंचा नगरपालिका भए पश्चात वडा स्तरीय नयाँ बालक्लब गणन भएको हो । त्यस्तै गरी नगरपालिकाको नगरस्तरीय बालक्लब पनि पुनगठन भै सकेको अवस्था छ । नगरस्तरीय बालक्लबको अध्यक्ष पुनः टेकराज तिमसीना नै भएका छन् । साविकको दुई वटा नगरपालिका समायोजन भएकाले यहाँको वडा स्तरीय र नगर स्तरीय बालक्लब पुनः गठन भएका हुन ।

बालविकास केन्द्रहरू

आधुनिक शिक्षा पद्धतिले बाल विकास केन्द्रहरूको महत्वपूर्ण भूमिका हुने कुरालाई मान्यता दिएको छ । विद्यालय जाने उमेर नपुगेका बालबालिकालाई बाल विकास केन्द्रमा राखेर विद्यालय जान बानी पार्नुपर्दछ भन्ने मान्यता रही आएको छ । त्यसैले सरकारले विद्यालयमा आधारित बाल विकास केन्द्रहरू, समुदायमा आधारित बाल विकास केन्द्रहरू तथा पूर्वप्राथमिक विद्यालय शिक्षाहरूमा विशेष लगानी गरिरहेके छ । बालबालिकाको प्रारम्भिक सिकाइ र सामाजिकीकरणको पूर्व अभ्यास यही समयमा हुने भएकोले बाल विकास केन्द्रहरू मार्फत यस्ता सेवाहरू दिनुपर्ने अवधारणा ल्याएको छ ।

सुन्दरहरैंचा नगरपालिका क्षेत्रको बाल विकास केन्द्रहरूको अवस्था र तिनमा रहेका बालबालिकाका बारेमा तलको तालिकामा अध्ययन गर्न सकिन्छ । यहाँ विद्यालयमा आधारित बाल विकास केन्द्रहरू मात्र रहेको पाइएको छ । सुन्दरहरैंचा नगरपालिकामा विधालय र समुदायमा आधारीत बाल विकास केन्द्रहरुको विवरण तपशिल बमोजिम रहेको छ ।

तालिका नं.३

बालविकास केन्द्रहरूको विवरण

सि.न	बाल विकास केन्द्रको नाम	ठेगाना
१	सुकुना बाल विकास केन्द्र	
२	सामुदायिक बाल विकास केन्द्र	
३	शिसौबाँध बालविकास केन्द्र	
४	प्रभात बाल विकास केन्द क	
५	प्रभात बाल विकास केन्द्र ख	
६	जनजागृती बाल विकास केन्द्र	
७	देवी बाल विकास केन्द्र	
८	सुकुना बाल विकास केन्द्र	
९	जीत बाल विकास केन्द्र	
१०	सिद्धार्थ बाल विकास केन्द्र	
११	जयदलजीत बाल विकास केन्द	
१२	अनु बाल विकास केन्द्र	
१३	नमुना बाल विकास केन्द्र	
१४	सयपत्री बाल विकास केन्द्र	
१५	लालीगुराँस बाल विकास केन्द्र	
१६	अग्रणी बाल विकास केन्द	

१७	जीवन ज्योती बाल विकास केन्द	
१८	नारधता बाल विकास केन्द	
१९	सगरमाथा बाल विकास केन्द	
२०	नमुना बाल विकास केन्द	
२१	सुकुना बाल विकास केन्द	
२२	विराटकला बाल विकास केन्द	
२३	बागझोडा बाल विकास केन्द	

स्रोत : जिल्ला शिक्षा कार्यालय मोरङ २०७३ ।

उमेर समूहअनुसारको जनसंख्या र विघालय गइरहेको जनसंख्या विवरण

विवरण	उमेर समूह	कुल जनसंख्या			विघालय गइरहेको जनसंख्या		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
पूर्व प्रा.वि. नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह	३ देखि ४ वर्ष	०	०	०	०	०	०
आधारभूत तहमा जाने उमेर समूह (कक्षा १ देखि ८)	५ देखि १२ वर्ष	५७६३	५७११	११४७४	५५८३	५५३६	१११९
मा.वि जाने उमेर समूह (कक्षा ९ देखि १०)	१३ देखि १४ वर्ष	२३६	२१८	४५४	२२३	२०७	४३०
उच्च मा.वि जाने	१५ देखि १७ वर्ष	२८	३५	६३	२४	२९	५३
जम्मा		६०२७	५९६४	११९९१	५८३०	५७७२	११६०२

शैक्षिक क्षेत्रमा देखिएका समस्याहरु :

- **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु** : विद्यार्थीहरू प्रथमकि तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रूपमा देखिएको छ ।
- **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरूको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरको शैक्षिक विकासको चुनौतीको रूपमा रहेको छ ।

- **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** नगरको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।

- **विद्यालयहरू आर्थिक रूपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारण बहुसंख्य विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।

- **अभिभावकहरू चनाखो नहुनु :** बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

- **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दीअनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालिन शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।

- **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको सङ्गठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीस्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरूको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरूमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रूपमा प्रयोग गर्दै आएको देखिएको छ ।

- **शिक्षकहरूमा प्रतिबद्धताको कमी :** शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रूपमा देखा परेको छ । प्रायः पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रूपमा देखिएको छ ।

- **आधुनिक प्रविधिको प्रयोग नहुनु** : सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्रायः धेरै विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेका छन् ।

विद्यालयहरूको नामावली

सुन्दरहरैंचा नगरपालिका क्षेत्रमा सञ्चालन भइरहेका विद्यालय तथा मदर्साहरूको सूची यहाँ प्रस्तुत गरिएको छ । अध्ययन गर्न सजिलो होस भन्ने उद्देश्यले वडागत आधारमा विद्यालय तथा मदर्साको नाम दिइएको छ ।

परिच्छेद चार

सामाजिक विकासका क्षेत्रहरू

सामाजिक सुरक्षा भत्ता

समाजमा पछाडि पारिएका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ताको नाममा राज्यकोषबाट सहयोग गर्ने अवधारणा कल्याणकारी राज्यको अवधारणा हो । वि.सं. २०५१ देखि ज्येष्ठ नागरिकलाई मासिक १०० रुपैयाँ भत्ता दिने नारा सहित सुरु गरिएको सामाजिक सुरक्षा भत्ता अहिले ज्येष्ठ नागरिकका साथसाथै एकल महिला, अपाङ्गता भएका र दलित ज्येष्ठ नागरिकलाई समेत प्रदान गरिन्छ । यसले समाजमा पछाडि परेका अशक्तहरूलाई सम्मानपूर्वक बाँच्न प्रोत्साहन हुने विश्वास गरिएको छ । सुन्दरहरैंचा नगरपालिका मोरङमा वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको विवरण तलको तालिका (नम्बर १)मा उल्लेख छ ।

तालिका नं.१

सामाजिक सुरक्षा भत्ता पाउने नागरिकहरू

स्रोत : जिल्ला विकास समिति मोरङ सामाजिक सुरक्षा शाखा आ.व. २०७३/२०७४ ।

नोटः पूर्व गाविसको सामाजिक सुरक्षा भक्ता वितरण भएको संख्याको आधारमा समानुपातिक रूपमा वडामा विभाजन गरी यो तथ्याङ्क निकालिएको हो । प्रत्येक वडाको लैङ्गिक अनुपातको आधारमा त्यो संख्या समायोजन गरी उल्लेख गरिएको छ । एकल महिलाको हकमा ६० वर्ष माथि र ६० वर्षभन्दा मुनिका सबैलाई एकैठाउँमा समावेश गरिएको छ । यस प्रकार मोरङ जिल्लाको सुन्दरहरैंचा नगरपालिका क्षेत्रमा सामाजिक सुरक्षा भत्ता पाउनेहरूको संख्या आर्थिक वर्ष २०७२/२०७३ मा २९९३ जना रहेको माथिको तालिकाले प्रष्ट पार्छ ।

व्यक्तिगत घट्ना दर्ता विवरण

मानिसको जीवनमा हुने महत्वपूर्ण घट्नाहरू जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्ध विच्छेद हुन् । नेपाल सरकारले यस्ता घट्नाहरू व्यवस्थित रूपमा दर्ता गरी अभिलेख राख्ने पद्धति बसाएको छ । सोही अनुसार वि.सं. २०७२ बैशाखदेखि २०७३ चैतसम्म एक वर्षको अवधिमा भएका व्यक्तिगत घट्ना दार्ताको विवरण यहाँ उल्लेख गरिएको छ ।

तालिका नं.२

व्यक्तिगत घट्ना दर्ता विवरण

स्रोत : जिल्ला विकास समिति सामाजिक सुरक्षा शाखा .वर्ष २०७२ ।

माथिको तालिकामा पूर्व गाविसको आधारमा वडागत विवरण मिलाएर राखिएको छ । यस तालिकाबाट प्रष्ट हुन्छ कि सुन्दरहरैंचा नगरपालिका क्षेत्रमा एक वर्षमा १९२१ जना जन्मिए भने २४१ जनाको मृत्यु भयो । विवाह गरेर ४६९ जना यस नगरपालिका क्षेत्रमा भित्रिएका छन् । बसाइसराइको अवस्था हेर्दा यस क्षेत्रमा आउने भन्दा जानेको संख्या बढी छ । अर्थात २२१ जना बसाइ सरेर आए भने ३०६ जना बसाइ सरेर यस नगरपालिका क्षेत्रभन्दा बाहिर गए । यी सबै व्यक्तिगत घट्ना दर्ताको अभिलेखबाट यो थाहा हुन्छ कि वि.सं २०७२ को एक वर्षमा २०६४ जना मानिस थपिए । अर्थात, यस नगरपालिकामा यस अवधिमा २०६४ जनसंख्या बढ्यो । रोचक कुरो अध्ययन गरिएको वर्षभरिमा दुई वटा मात्र सम्बन्ध विच्छेदको घटना दर्ता भएको पाइएको छ ।

विद्यमान स्वास्थ्य सेवाहरू

सुन्दरहरैंचा नगरपालिका क्षेत्रमा हाल उपलश्ध स्वास्थ्य सेवाको विवरण यस्तो रहेको छ । यसमा नगरपालिका क्षेत्रमा हाल रहेका स्वास्थ्य संस्थाहरू, औषधी पसल तथा हाल उपलब्ध परिवार नियोजन सेवाहरू समेत तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.३

नगरपालिकामा विद्यमान स्वास्थ्य सेवाहरूको अवस्था

क्र.सं.	स्वास्थ्य सेवा	संख्या	बेड संख्या
१	जिल्ला जनस्वास्थ्य कार्यालय	०	
२	सरकारी अस्पताल	१	
३	प्रसुती गृह	१	४
४	वाल अस्पताल	०	
५	आयुर्बेद अस्पताल	०	
६	प्राकृतिक चिकित्सा	०	
७	स्वास्थ्य चौकी	५	
८	उप-स्वास्थ्य चौकी	०	
९	प्राथमिक स्वास्थ्य स्याहार केन्द्र	१	
१०	निजी अस्पताल	१	
११	फार्मेसी	३६	

१२	चिकित्सक संख्या	०	
१३	चिकित्सक अनुपात	०	
१४	क्लिनिक	६	
१५	बर्थिङ सेन्टर:	०	
१६	पोलि क्लिनिक	२	
१७	स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत	९५	
१८	दक्ष स्वास्थ्यकर्मी बाट सुत्केरी गराउने प्रतिशत	९५	
१९	सुडेनीवाट सुत्केरी गराउने प्रतिशत:	८०	
२०	भिसीटी केन्द्र संख्या:	६०	
२१	महिला स्वयम सेविका संख्या:	२६	
२२	टि.बी. उपचार केन्द्र:	५	
२३	परिवार नियोजन का ५ बिधि र ३ बिधीको सेवा उपलब्ध स्वास्थ्य संस्था संख्या:	२३	
२४	बि.ओ.सी.(आधारभूत):	०	
२५	सि.ई.ओ.सी.(अपरेसन सेवा) उपलब्ध स्वास्थ्य संस्था	०	
२६	गर्भवती जाँच पहिलो पटकको प्रतिशत:	१००	
२७	गर्भवती जाँच चौथो पटक सम्मको प्रतिशत:	९६	
२८	सुत्केरी पश्चात जाच गराउन आउने प्रतिशत:	८०	
२९	**औसत आयु: *५५ वर्ष (महिला: ५६ वर्ष र पुरुष: ५४ वर्ष)***	०	

स्रोत : स्थानीय स्वास्थ्य चौकीहरू ।

खोप सेवाको विवरण

यस नगरपालिका क्षेत्रमा विभिन्न स्वास्थ्य संस्थामार्फत उपलब्ध खोपहरूको विवरण यहाँ उल्लेख गरिएको छ । खोपहरू एकातिर मानव जीवनमा रोग प्रतिरोध क्षता बढाउनका लागि महत्वपूर्ण छन् भने अर्कोतर्फ आमा र बच्चाको स्वास्थ्यसम्बन्धी अत्यन्त महत्वपूर्ण सूचक पनि हो । बाल अधिकारको बाल बचाउ सम्बन्धी महत्वपूर्ण अवयबका रूपमा पनि खोपले काम गरेको हुन्छ । त्यसैले यसलाई बालबचावट सम्बन्धी महत्वपूर्ण सूचकका रूपमा लिइन्छ । हाल सुन्दरहरैंचा नगरपालिका पूर्ण खोप युक्त नगर घोषणा हुन लागेको छ ।

तालिका नं.४

खोप सेवाको विवरण

क्र. सं.	विवरण	आ.व २०७०।७१	आ.व २०७१।७२	आ.व २०७२।७३
१	वि. सि. जि.	१००%	१००%	१००%

२	डि. पि. टि.	१००%	१००%	१००%
३	हेपाटाइटिस वि	१००%	१००%	१००%
४	दादुरा	१००%	१००%	१००%
५	पोलियो ३	१००%	१००%	१००%
६	टि. टि.	१००%	१००%	१००%

स्रोत : स्थानीय स्वास्थ्य चौकीहरू ।

तालिका न ं५

खोप सेवा दिइने बालबालिकाको अवस्था

क्र. सं.	विवरण	आ.व २०७०।७१	आ.व २०७१।७२	आ.व २०७२।७३
१	वि.सि.जि र दादुरा	५%	५%	५%
२	डि.पि.टि, हेपाटाइटिस वि, एच. आइ. भि.१ र ३	५%	५%	५%
३	खोप नलगाएका बालबालिका	५%	५%	५%

स्रोत : स्थानीय स्वास्थ्य चौकीहरू ।

माथिका तालिका नम्बर ४ र ५ बाट खोप र सवास्थ्य सेवाको अवस्था निक्कै राम्रो रहेको देखिएको छ । बालबालिकालाई उमेर अनुसार दिनुपर्ने खोप प्राय: सबै बालबालिका र गर्भवती महिलाले लिने गरेको पाइएको छ । सुन्दरहरैंचा नगरपालिकामा राज्यको तर्फबाट व्यवस्था गरिएको सबै किसिमका सामान्य तथा विशेष खोप सेवाहरू दिने काम भइरहेको स्वास्थ्य कर्ताकर्ताहरू बताउँछन् ।

पोषणको अवस्था

पाँच वर्षमुनिका बालबालिकाको पोषण तथा गर्भवती महिलाले सेवन गर्नुपर्ने आइरन चक्की र जूकाको औषधीको सेवनको अवस्थाबारे तालिका नम्बर ६ले जानकारी गराउनेछ ।

तालिका नं.६

विगत तीन वर्षको पोषणको अवस्था

क्र. सं.	विवरण	आ.व २०७०।७१	आ.व २०७१।७२	आ.व २०७२।७३
१	५ वर्ष भन्दा मुनिका बृद्धि अनुगमन पटक	१०	११	१४
२	गर्भवती महिलाहरूका लागि आइरन चक्की वितरण	९०%	९०%	९०%
३	गर्भवती महिलाहरूले प्राप्त गरेका	९०%	९०%	९०%

	जुकाको औषधी (जना)			
४	सुत्केरी भएका महिलाका लागि भिटामिन ए वितरण	१००%	१००%	१००%
५	६ महिना देखी ५वर्ष सम्मका वच्चाहरूलाइ खुवाएको भिटामिन ए	८०%	१००%	१००%
६	१ देखी ५ वर्ष सम्मका वच्चाहरूलाई खुवाएको जुकाको औषधी जना	८०%	१००%	१००%

स्रोत : स्थानीय स्वास्थ्य चौकीहरू ।

महिला हिंसाको अवस्था

नेपाली समाजमा महिला हिंसालाई गम्भीर सामाजिक अपराधका रूपमा मानिएको छ । सुन्दरहरैंचा नगरपालिकामा पनि महिला हिंसाको अवस्था के रहेको छ भनी बुझ्ने र त्यसलाई तथ्याङ्कमा उल्लेख गरी सार्वजनिक गर्ने प्रयास गरिएको छ । यद्यपि महिला हिंसाका घट्नामध्ये घरेलु हिंसा ज्यादै गम्भीर र पेचिलो रूपमा हाम्रो समाजमा विद्यमान रहेको छ । यसको विवरण तलको तालिकामा उल्लेख छ ।

तालिका नं.७

महिला हिसां सम्वन्धी विवरण

क्र.सं.	विवरण	संख्या	कैफियत
१	घरेलु हिंसाबाट पीडित	१३	
२	सौता रहेको	१६०	
३	वेचविखनमा परेको	०	
४	श्रीमानवाट पीडित/ पिटिएका	७०	
५	द्वद्ववाट पिडित	१०	
६	सामाजिक कुरीती लगाइएका	१२	
७	जम्मा	२६५	

स्रोतः फोकसग्रुप छलफल तथा पूर्व गाविसको अभिलेखमा आधारित ।

गैर सरकारी सस्थाहरू

सरकारले मानव जीवनको सबै पाटो हेर्न सक्दैन । राज्यले वा सरकारले गर्न नसकेको क्षेत्रमा गैरसरकारी संस्थाहरूले काम सम्हाल्न सक्छन् । त्यसैले गैर सरकारी संस्थाहरूलाई सामाजिक तथा आर्थिक विकासको महत्वपूर्ण साझेदारका रूपमा हेर्न थालिएको छ । सुन्दरहरैंचा नगरपालिका क्षेत्रको सामाजिक विकासका लागि यहाँ कार्यरत थुप्रै गैरसरकारी संस्थाहरूको अकम भूमिका रहेको छ । सुन्दरहरैंर्चा क्षेत्रका लागि स्थानीय भन्दा पनि जिल्लास्तरका र कतिपय राष्ट्रिय स्तरका गैर सरकारी संस्थाहरूले काम गरेको पाइएको छ । त्यसता केही प्रमुख गैरसरकारी संस्थाहरूको नाम निम्नानुसार रहेको छ ।

१. नारी विकास संघ

२. लघुउद्यम विकास कार्यक्रम

३. राष्ट्रिय अपाङ्ग महासंघ

४. ओरेक नेपाल

५. वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

६. फरवार्ड

७. समिट

८. नेपाल रेडक्रस सोसाइटी

९. डिप्रोक्स

कृषक समूहहरू

किसानहरू समूहमा आवद्ध भएर काम गर्दा आपसमा एकताबद्ध भई सामूहिक भावनाले काम गर्ने कुरा त छँदैछ, त्यसका अलावा जिल्ला कृषि र जिल्ला पशुले विभिन्न किसिमका आयोजनाहरू आउँदा सहभागी हुनका लागि सजिलो पनि हुन्छ । जसको माध्यमबाट नेपाल सरकारले उपलब्ध गराएका विभिन्न प्रकारका कृषि तथा पशुपंक्षी उत्पादन सम्बन्धी अनुदान कार्यक्रममा सहभागी हुने अवसर पनि प्राप्त हुन्छ ।

तालिका नं.५

कृषक समूहको विवरण

क्र.स.	नाम	भवनको प्रकृति वटा			वडा नं.	कैफियत
		गोटा	कच्ची	पक्की		
१						
२						
३						

स्रोत : सुन्दरहरैंचा नगरपालिका कार्यालय ।

पशु सेवा केन्द्र तथा उपकेन्द्रहरू

किसानले पालेको पशुहरूका लागि आवश्यक सल्लाह तथा उपचारका लागि सेवा पुऱ्याउने उद्देश्यले विभिन्न प्रकारका पशु सेवा केन्द्र, उपकेन्द्र र कृषक समूहहरू क्रियाशील रहेका हुन्छन् । तिनीहरूलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.६

पशु सेवा केन्द्र, उपकेन्द्र र कृषक समूह

क्र.स.	नाम	भवनको प्रकृति वटा			वडा नं.	कैफियत
		गोटा	कच्ची	पक्की		
१	पशु सेवा केन्द्र					
२						

स्रोतः सुन्दरहरैंचा नगरपालिका कार्यालय ।

सरकारी भवन

सुन्दरहरैंर्चा नगरपालिका क्षेत्रमा प्रहरी चौकी र स्वास्थ्य चौकी बाहेक अन्य सरकारी कार्यालयहरू अत्यन्त कम छन् । यी बाहेक अन्य कार्यालयहरूमा एक अतिरिक्त हुलाकको आफनो भवन सहित सञ्चालनमा रहेको छ भभने मच्छिन्द्र वृहद खानेपानी अयोजना भर्खरै स्थापना भई कार्यालय सञ्चालन गरिरहेको छ । यसको पनि आफनै भवन रहेको छ ।

नगरपालिका कार्यालयमा पुग्न लाग्ने समय

सुन्दरहरैंचा नगरपालिका कार्यालयमा पुग्न लाग्ने समय एकनासको छैनन । कही पाँच मिनेटमा पुगन सकिने ठाउँ छ भने केही ठाउँलाई निकै समय लाग्छ ।

दतालिका नं ८

नगरपालिकाको टाडाको बस्तीबाट नगरपालिका कार्यालयमा पुग्न लाग्ने समय

वडा नं.	वार्डवाट नपाको केददन्द्र पुग्नलाग्ने दुरी	सेवा प्राप्त गरी पैदल घर फर्किन लाग्ने समय
१	४ कि.मि	
२		

२		
४		
५		
६		
७		
८		
९		
१०		
११		
१२		

स्रोत : सुन्दरहरैंचा नगरपालिका कार्यालय ।

धार्मिक स्थलहरू

धार्मिक स्थलहरू सकारात्मक सोच र मानव हितको रक्षाको लागि खोलिएका पवित्र स्थलहरू हुन् । त्यस आधारमा हेर्दा यहाँ हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको भए पनि विभिन्न धर्मावलम्बीहरूको बसदोबास रहेको छ । उनीहरूले आफनो आस्था अनुसारको धार्मिक स्थलमा गएर प्रार्थना गर्ने, भगवानसँग शक्ति माग्ने र मनले चिताएको पुगोस भनेर उपासना गर्ने गर्दछन् । यसका लागि प्रायः सबै वडामा हिन्दू धर्म अनुसारका धार्मिक स्थलहरू रहेका छन् । ग्रामथान तथा मन्दिर र मस्जिदहरू प्रशस्त संख्यामा छन् । तिनीहरूमध्ये केहीको नाम सूची यहाँ प्रस्तुत गरिएको छ ।

तालिका नं.१२

सुन्दरहरैंर्चा नगरपालिकामा रहेका धार्मिक तथा पर्यटकिय स्थलहरू

सि.न	धार्मिक स्थलको नाम	वडा नं.	महत्वका कारण	प्रसिद्धिको कारण
	हसिना सिमसार क्षेत्र	५	वनभोजन भईरहने	सिमसार क्षेत्र
	भुल्के जलाधार संरक्षण क्षेत्र	८	धार्मिक पयैटन	सिमसार, जरुवा पानी र मन्दिर
	बाघझोडा पर्यटकिय स्थल	१०	वनभोज भईरहने	सिमसार क्षेत्र
	काली खोला क्षेत्र	९	मकर संकान्त्री	सिमसार र मन्दिर
	किचमगढी क्षेत्र	१	ऐतिहासिक धार्मिक, साँस्कृतिक क्षेत्र	ऐतिहासिक पुरातात्विक स्थान

	साकेला थान	९	चण्डी पर्व आदिको समयमा	जातिय साँस्कृतिक र धार्मिक मन्दिर आदि
	ग्रामथाम धार्मिक स्थल	१	धार्मिक पर्यटन	
	पचाम ग्राम थाम	११	धार्मिक	
	नेपाली जामे मस्जिद	९	ईद र बकरईदमका मेला हुने	मुस्लिम धर्मालम्बीहरुको प्रमुख मस्जिद
	मृगौलिया ग्राम थाम		बैशाख १२	धार्मिक स्थल
	करैवना		बैशाख १३	धार्मिक स्थल
	मझुवा		बैशाख १५	धार्मिक स्थल
	देविस्थान धार्मिक स्थल	५	वैशाख पूर्णिमा	धार्मिक स्थल
	नयाँ वृन्द्रावन गौशाला	४	धार्मिक स्थल	धार्मिक स्थल
	गोकुलम रिसोर्ट	४	पर्यटकिय स्थल	
	गोकर्ण रिसोर्ट	४	पर्यटकिय स्थल	

स्रोत : सुन्दरहरैंर्चा नगरपालिका कार्यालय ।

चाडपर्व र जात्राहरू

सुन्दरहरैंचा नगरपालिकाका जनताले मनाउने चाड पर्व तथा जात्राहरू केही आफनै विशिष्ट किसिमका छन् भने केही राष्ट्रिय प्रकृतिका छन् । सुन्दरहरैंचाका जनताले मनाउने केही प्रमुख पर्व तथा चाडहरू निम्न अनुसार हेका छन् ।

१. **दशैं :** दशैं हिन्दू धर्ममा आधारित पर्व हो । यो असोज शुक्ल पक्षको सप्तममी देखि मनाइन्छ । यसमा विशेष गरी शक्तिकी देवीको पूजा आराधना हुन्छ । देवीलाई बली चढाइन्छ र दशमीका दिनदेखि दुर्गा भवानीको प्रसाद स्वरूप टीका जमरा लगाउने चलन छ । शुरुमा दशैं हिन्दू धमावलम्बीहरूको चाड भए पनि अहिले आएर यो राष्ट्रिय पर्वका रूपमा पहिचान पाएको छ । सबै धर्मका मानिसले राष्ट्रिय पर्वका रूपमा मान्ने गरेको पाइन्छ । पर्वको हिसाबले सबैभन्दा धेरै दिन सरकारी विदा हुने पनि दशैं नै हो ।

२. **तिहार :** नेपालको दोस्रो ठूलो राष्ट्रिय पर्व तिहार हो । यो कार्तिक कृष्ण औंसीका दिनदेखि तीमन दिन नमनाइन्छ । तिहार दशैंजस्तै हिन्दू धर्ममा आधारित पर्व हो । यसमा विशेष गरी धनकी देवी लक्ष्मीको पूजा आराधना हुन्छ । लक्ष्मीलाई बली चढाइन्न, फलफूल र नैवैद्य चढाएर र धनसम्पति रुपैयाँ पैसालाई लक्ष्मीका रूपमा पूजा गरिन्छ । औसीका दिन गाईलाई लक्ष्मीको प्रतिक मानेर पूजा गर्ने, राति दीपावली सहित लक्ष्मी पूज ।गर्ने प्रचलन छ । । शुरुमा तिहार पनि हिन्दू धमावलम्बीहरूको चाड भए पनि अहिले आएर यो राष्ट्रिय पर्वका रूपमा पहिचान पाएको छ । सबै धर्मका मानिसले राष्ट्रिय पर्वका रूपमा मान्ने गरेको पाइन्छ । पर्वको हिसाबले तीन दिन सरकारी विदा दिने प्रचलन छ ।

३. रमजान : सुन्दरहरैंर्चाको सबैभन्दा धेरै जनसंख्या भएको जाति मुसलमान हो । त्यसैले मीसलम धर्मावलम्बीहरूले मनाउने सबैभन्दा ठूलो पर्व रमजान हो । यसमा एक महिनासम्म रातमा मात्र खाएर व्रत बस्ने चलन छ । यो विक्रम सम्बतको आधारमा हेर्दा जेठ असारमा पर्दछ ।

४. होली : फागु पुर्णिमाको दिन मनाइने रङको पर्व हो होली वा फागू । यस दिन :आफन्तजनहरू भेला भएर आपसमा रङ दलादल गरेर रमाइलोसँग मनाउने गरिन्छ । यो पर्व मधेशी र पहाडे दुवै समुदायका मानिसहरूले मनाउने गर्दछन् ।

५. छठ : तिहारपछिको षष्ठि तिथिका साँझमा अस्ताउँदो सूर्यलाई अर्ध्य दिएर सुरु हुने यो पर्व सप्तमीको विहानको उदाउँदो सूर्यलाई अघ्र्य दिएर समाप्त हुन्छ । यो पर्व नदी किनार,र पोखरी , नहरको डिलमा मनाइन्छ । सूर्यलाई अघ्र्य दिंदा पानीमा डुबेर दिनुपर्ने मान्यताको कारण यो पर्वको रमझम नदी किनार र पोखरीको डिलमा बढी हुने गर्दछ । सुरुमा मधेशी समुदायको यो पर्व अहिले पहाडे समुदायका मानिसहरूले पनि उत्तिकै दिलचस्बीका साथ मनाउने गरेका छन् ।

६. दिनभद्री : यहाँका मुसहर समुदायले माघफागुनमा यो पर्व मनाउँछन् ।

७. चडकवान : सन्थान जातिका मानिसहरूले मनाउने पर्व हो चडकवान । यो हरेक बैशाख महिनामा मनाइन्छ ।

८. क्रिसमस : येशू खिष्टका अनुयायीहरू तथा इसाई धर्मावलम्बीहरू क्रिसमस पर्व धुमधामका साथ मनाउने गर्दछन् । यो पर्व अन्तराष्ट्रिय पर्व हो । संसार भरुका इसाईहरुले डिसेम्बर २५ तारेखका दिन यो पर्व मनाउने गर्दछन् ।

९. मोहरम : मुसलिम समुदायले मनाउने अर्को पर्व मोहरम हो । यो पर्व पनि यहाँ निक्कै धुमधामका साथ मनाउने गरिन्छ ।

यी बाहेक बकर इद, साकेला, तिज, रक्षा बन्धन, माघी , सिरूवा पर्व पनि यहाँका जनताले मनाउने गर्दछन् ।

नगरको भू-उपयोगको अवस्थाको विवरण

नगरको २० प्रतिशत भु-भाग वनजंगलले ढाकेको क्षेत्र, ६९ प्रतिशत भू-भाग खेतीयोग्य जमिनको क्षेत्र, ११ प्रतिशत निर्माण क्षेत्रभित्र पर्दछन् । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरमा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित कोसीहरैंचा नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ ।

क.स	विवरण	क्षेत्रफल	प्रतिशत
१	वनजंगल	१२.८६	२०
२	खेतीयोग्य जमिन	४४.३६	६९
३	निर्माण क्षेत्र	७.०७	११
जम्मा		६४.२९	१००



बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भएरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हनु सकेको छैन । बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन । यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ ।

- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन । विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ । खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ ।

- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन । यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन ।

- नगरको बैज्ञानिक बसोबास योजनाको आधार तयार गरी व्यवस्थित विकासमा जोड दिनु आवश्यक देखिन्छ । बस्तीहरूको विकासको लागि गुरुयोजना बनाई आवासिय क्षेत्र, व्यवसायिक क्षेत्रहरू, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेलमैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र निर्धारण गर्न जरुरी देखिएको छ ।

भू-क्षय सम्भावित क्षेत्र

नगरका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ । जसमध्ये लोहन्द्रा खोलाबाट वडा नं. १ र ११ तथा सुकुना खोलाले सुकुम्बासी क्षेत्र रहेको वडा नं. १० र १२ मा डुबान तथा भूक्षय गराउने गर्दछन् । बुढी खोला र गाछिया खोलले खोलाको किनारमा पर्ने वस्तीहरूमा भूक्षय तथा जमिन कटान गर्ने गरेको पाइन्छ । जसमा नगरको पश्चिमी सिमानामा रहेको बुढीखोलाले वडा नं. ४ र ५ का खोला किनारामा रहेको वस्तीहरूमा प्रभाव पारेको देखिन्छ । वडा नं ५ मा लाटाझोडा क्षेत्र, वडा नं. ५ मा खोक्सी क्षेत्र तथा वडा नं. ४ बलिया क्षेत्र र चरीगुवाको पश्चिमी भाग रहेको छ । नगरका मध्ये भाग भएर बग्ने गाछिया खोलाले वडा नं. ३, ४, ६ र ७ मा कटान तथा भूक्षय गराउने गर्दछ । जसमा वडा नं. ७ मा गछिया बजार लाइन, जंगल क्षेत्रको मुख, क्रसर टोल, वडा नं. ६ मा स्कुल डाँडा, वडा नं. १ मा सितापुरी, हेदाङ्ने टोला, भोर्जना दोभान क्षेत्र, वडा नं.७ मा गछिया बजारको पश्चिमी क्षेत्र, वडा नं. ३ मा मसानघाट क्षेत्र तथा वडा नं. ४ मा हवेली टोल, बडरा टोल आदि छन् । त्यस्तै मानिसको अत्याधिक बसाई सराईका कारणबाट नगर क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ । मूलतः नगरका २ वटा प्रमुख खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले

अत्याधिक प्रतिकुल प्रभाव पारेको छ । यसक्रमलाई रोक्नको लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ । उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ ।

नगरमा हुन सक्ने संभावित प्रकोपको विवरण

सि.न	संभावित प्रकोप	विधमान अवस्था	समय
	भुकम्प	ूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औँ स्थानमा रहेको र नगरमा भुकम्प प्रतिरोधात्मक भवन नभएको, भवन आचार संहिता लागु नभएको	जुनसुकै समयमा
	बाढी	नगरमा विशेषतः साना ठुला गरि करिव आधा दर्जन नदि/खोला बग्ने गरेको र जस मध्येमा लोहन्द्रा खोला, गछिया खोला, सुकुना खोलाले नगरका धेरै भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुरयाईरहेको छ । बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् ।	जेष्ठ-असोज
	आगलागी	नगरको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, मुक्त कमैया, वाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोल्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको ।	चैत्र- जेष्ठ
	महामारी	बाढी पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव ।	विपद् पछि अन्य समयमा
	वर्डफ्लु, अन्य फ्लु	अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि	जुनसुकै समयमा
	शितलहर	चिसोको मात्रा बढ्दै गएको विपन्न वस्ती बढी प्रभावित	पुष- माघ
	जंगली जनावर	नगरको वनजंगल वरिपरि बसोबास भएको	जुनसुकै समयमा

	आतंक	क्षेत्रहरु	
	मौसमी सुख्खा	पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु	असार-भदौ
	किट आतंक	जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लो	खेती मौसम
	चट्याङ असिना	बढी जसो बर्षायाम र पानी परेको समयमा	जुनसुकै समयमा

विपद व्यवस्थापन पूर्व तयारी सम्वन्धी विवरणः

सुन्दरहरैंचा नगरपालिकामा विवद व्यवस्थापनको दृष्टिले हेर्दा निम्न अवस्था रहेको पाइएको छ ।

- विपद व्यवस्थापन नगरपालिका समिति (:Municoipality Disaster Management Committee)बनेको छैन ।
- सुरक्षित स्थान तोकिएको छैन ।
- विपद व्यवस्थापन पूर्व तयारी योजना बनेको छ ।
- विपद व्यवस्थापन कोष बनेको छ, रू. ६ लाख कोषमा रहेको छ ।

सहरी विद्युतीकरणको अवस्था

सुन्दरहरैंचा नगरपालिकामा विजुलीको उज्यालो छ तर त्यो सबैतिर पुगेको छैन । अहिले पनि सुन्दरहरैंर्चाका धेरै घरका मानिसहरू विजुलीको उज्यलो उपयोग गर्न नपाएर लालटिन वा टुकी बाल्न बाध्य छन् । यस नगरपालिकामा विजुली उपयोगको अवस्था तलको तालिका नम्बर २० बाट प्रष्ट रूपमा बुझ्न सकिन्छ । यसबाट विजुलीका कति लाइनहरू कुन कुन प्रयोजनका लागि तानिएका छन् भन्ने कुरा बुझन सकिन्छ ।

तालिका नं.२०

सहरी विद्युतीकरण

क्र.सं.	विवरण	परिमाण (संख्या)
१	ग्राहस्थ लाइन संख्या	१६१०२
२	औद्योगिक लाइन संख्या	९०
३	व्यापारिक संख्या	१२०
४	मन्दिरमा वितरित संख्या	५०
५	खानेपानी	३
६	सडक वत्ति	–
७	अस्थायी वत्ति	–
८	सिंचाई	–

जम्मा ग्राहक संख्या		–
९	स्विचिङ्ग स्टेशन	१
	टान्सफर्मर संख्या	४०

स्रोतः सुन्दरहरैँचा नगरपालिका कार्यालय ।

पुलको अवस्था

पुलले नदीका दुईतिरको नगर वा सहरलाई जोड्ने काम गर्दछ । पुल मानिसको सुविधाको लागि बनाएको साधन मात्र होइन यो त विकासको पूर्वाधार पनि हो । त्यसैले नदीको कारणले विभाजित अवस्थामा रहेका मानिसहरूलाई विकास कार्यमा सँगसँगै सहभागी हुने अवसर यसले प्रदान गर्दछ । झेलुङ्गे पुल खासगरी पनि पहाडी क्षेत्रमा बढी बनाउने गरिएको छ । तर तराईमा यसको उपयोगको संम्भवना त्यतिकै मात्रामा रहेको छ भन्ने कुरा सुन्दरहरैँचा नगरपालिकामा बनेको एउटा पुलले प्रष्ट पार्दछन् । यस नगरपालिकामा बनेको एउटा झोलुङ्गे पुल गोकुलम रिसोर्ट नजिक रहेको छ ।

व्यापारिक केन्द्रहरू

सुन्दरहरैँचा नगरपालिका क्षेत्रमा रहेका बजार तथा व्यापारिक केन्द्रहरू तालिका नम्बर २३ मा उल्लेख गरिएको छ । यहाका स्थानीय मानिसहरूका लागि खरिद विक्री हुने मुख्य बस्तुहरू खाद्यान्न,तेल, कपडा, पशुपंक्षी आदि रहेका छन् ।

तालिका नं.२३

व्यापारिक केन्द्रहरूको विवरण

क्र.स.	व्यापारिक केन्द्रहरूका नाम	व्यापारिक वस्तु	कैफियत
१	विराटचौक	किरानाका सामान, औषधि,इलेक्ट्रोनिक, कपडा, कृषि औजार, मल, किटनाशक, आदि	
२	दुलारी बजार	किरानाका सामान, कपडा, कृषि औजार, मल, किटनाशक, आदि	
३	खोर्साने	किरानाका सामान, कपडा, कृषि औजार, मल, किटनाशक, आदि	
४	पशुहाट	पशुपंक्षी, किराना, कपडा, तेल आदि	
५	गोठगाउँ बजार	किरानाका सामान, कपडा, कृषि औजार, मल, किटनाशक, आदि	
६	हरैँचा बजार	किरानाका सामान, औषधि,इलेक्ट्रोनिक, कपडा, कृषि औजार, मल, किटनाशक, आदि	
७	ठडिया बजरा	किरानाका सामान, कपडा, कृषि औजार, मल, किटनाशक, आदि	
८	बाँसबारी बजार	किरानाका सामान, कपडा, कृषि औजार, मल, किटनाशक, आदि	

९	बेलेपुर बजार	किरानाका सामान, कपडा, कृषि औजार, मल, किटनाशक, आदि	

स्रोतः सुन्दरहरैंचा नगरपालिका कार्यालय ।

नगरपालिका कार्यालयदेखि वडा केन्द्रसम्मको दुरी

सुन्दरहरैंचा नगरपालिका जनताको काम गर्ने कार्यालय हो । नगरपालिकाको कार्यपालिका नगरको क्षेत्रको केन्द्र भागमा रहेको खण्डमा सबै नागरिकका लागि सजिलो हुन्छ । त्यसैले नगरपालिकाको केन्द्र वा नगरपालिकाको कार्यपालिका रहेको ठाउँमा आइपुग्दा आम नागरिकलाई कतिको टाडा पर्दछ भन्ने अध्ययन यस शीर्षकमा गरिनछ । तलको तालिकामा नगरको केन्द्रबाट प्रत्येक वडाको दूरी र त्यसमा लाग्ने समय आँकलन गर्न महत्वपूर्ण हुन्छ ।

तालिका नं.२५

नगरपालिका कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्मको दुरी

वडा नं.	वडाको केन्द्र रहेको स्थान	नगरपालिका केन्द्रसम्मको दुरी (किमि)	कैफियत
१	**साविक हरैंचा गा.वि.स को कार्यालय**	३ कि.मि	
२	**साविक मृगौलिया गा.वि.स को कार्यालय**	५ कि.मि	
३	**लक्ष्मिनारायण मन्दिरको सभाहल**	६ कि.मि	
४	**साविक सुन्दरदुलारी न.पा को कार्यालय**	७ कि.मि	
५	**तिनपैनी आसपास**	९ कि.मि	
६	**साविक सुन्दरपुर गा.वि.स कार्यालय**	६ कि.मि	
७	**ठढिया आसपास**	५ कि.मि	
८	**सलकपुर चिरम स्मृती प्रतिष्ठान**	३ कि.मि	
९	**बुधबारे बजार**	१ कि.मि	
१०	**खोर्सानि बजार**	१ कि.मि	
११	**कर्जुनाचौक**	४ कि.मि	
१२	**साविक कोशीहरैंचा न.पा कार्यालय**	० कि.मि	

स्रोतः सुन्दरहरैंचा नगरपालिका कार्यालय ।

वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र

नागरिकको आवाजलाई सरोकारवा निकायमा पुऱ्याउने माध्यम नागरिक मञ्च, नागरिक सचेतना केन्द्र एवम् टोल विकास संस्थाका प्रतिनिधिहरू नै हुन् । सुन्दरहरैंचा नगरपालिका क्षेत्रमा भएका यस्ता नागरिक संगठनहरूको विवरण तलको तालिकाले प्रष्ट पार्दछ ।

तालिका नं.२६

वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र सम्बन्धी विवरण

वडा नं.	वडा नागरिक मंच		ना.स.के	
	महिला	पुरुष	महिला	पुरुष
१				
२				
३				
४				
५				
६ ७ ८ ९ १० ११ १२				

स्रोत : सुन्दरहरैंचा नगरपालिका कार्यालय ।

तालिम प्राप्त जनशक्ति

तालिम शिक्षाको महत्वपूर्ण पाटो हो । सबै शिक्षा विद्यालय वा विश्वविद्यालयबाट मात्र प्राप्त गर्न सकिदैन । व्यवहारमा आवश्यक पर्ने सीप, ज्ञान, अभिवृद्धि तालिमबाट नै प्राप्त हुन्छ । यस सुन्दरहरैचा नगरपालिकाका बासिन्दाले पनि सरकारी तथा गैरसरकारी संस्थाहरूमार्फत सञ्चालन गरिएका विभिन्न तालिमहरूमा सहभागी भई महत्वपूर्ण ज्ञान सीप हासिल गरेका छन् । तिनको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं.२७

चेतनामूलक तालिम प्राप्त गरेको जनसंख्याको विवरण

क्र. स.	तालिम विवरण	लिंग	जम्मा	कैफियत

		महिला	पुरुष		
१	बचत तथा ऋण	४२७९	५६६०	९९३९	
२	संस्थागत नेतृत्व	२०७	२११	४१८	
३	लैंगिक समविकास	५६७	२६९	८३६	
४	स्वास्थ्य	१२०६	८८४	२०९०	
५	परिवार नियोजन	२५७६	१६०८	४१,८४	
६	खानेपानी सरसफाइ	६९२	६७२	१३६४	
७	वन व्यवस्थापन	३७	५३	९०	
८	फोहोरमैला व्यवस्थापन	७४३	५२२	१२६५	
९	सिप विकास	३९५७	३२०७	७१६४	
१०	अन्य	२४४	७९८	१०४२	
जम्मा		१४४०८	१३९८४	२८३९२	

स्रोत : सुन्दरहरैंचा नगरपालिका कार्यालय ।

मुख्य पेशा

यहाँका मानिसहरूको परम्परागत पेशा कृषि नै हो । कृषिमा खेतीपाती र पशुपालन दुवै आउँछ । पछिल्लो समय मानिसहरूमा मत्स्य पालनतर्फ पनि आकर्षित भइरहेको पाइएको छ । सुन्दरहरैंचाका मानिसहरूको पेशागत विवरण तलको तालिकामा उल्लेख गरिएको छ । यस नगरपालिकका ७६ प्रतिशत मानिसहरू कृषि पेशामा निर्भर छन् । कृषि अन्तरगत पशुपंक्षी पालन र माछा पालन पनि पर्दछ । त्यसैगरी गैर कृषि क्षेत्रमा उद्योग व्यापार र नोकरी पनि पर्दछन् ।

तालिका नं.२८

मुख्य पेशा सम्बन्धी विवरण

क्र. स.	विवरण	परिवार संख्या	प्रतिशत
१	**कृषि**	**१४४४४**	**७६**
१.१	खेतिपाती	१०८३३	७५
१.२	पशुपालन	२१६७	१५
१.३	कुखुरा पालन	७२२	५
१.४	माछा पालन	७२२	५
१.५	अन्य		

जम्मा			१००
२	**गैर कृषि**	**४५६१**	**२४**
२.१	व्यापार	४५६	१०
२.२	उद्योग	३३	०.७३
२.३	नोकरी	९१२	२०
२.४	दैनिक ज्यालादारी	१०६३	२३.३०
२..५	वैदेशिक रोजगार	१४११	३०.९२
२.६	अन्य भए खुलाउने	६८६	१५.०५
जम्मा			**१००**
कुल जम्मा		**१९००५**	**१००**

स्रोत : सुन्दरहरैंचा नगरपालिका कार्यालय ।

औसत मासिक पारिवारिक आम्दानी

सुन्दरहरैंचाका मानिसहरूको औसत आमदानी तलको तालिका नम्बर २९ मा देखाइएको छ । सुन्दरहरैंचामा एकातिर मासिक एक हजार रूपैयाँसम्म आमदानी गर्ने मानिसहरू छन् भने अर्कातिर मासिक २५ हजार रुपैयाँ भन्दा बढी आमदानी गर्ने परिवार पनि छन् । तिनीहरुको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं.२९

औसत मासिक पारिवारिक आम्दानी

क.स.	औसत मासिक पारिवारिक आम्दानी विवरण (रुपैंयामा)	परिवार सख्या	प्रतिशत
१	१००० भन्दा कम	११४१	६
२	१००० देखि २०००	५७१	३
३	२००१ देखि ३०००	२०९०	११
४	३००१ देखि ५०००	२८५०	१५
५	५००१ देखि १००००	४१८१	२२
६	१०००० देखि १५०००	३९९१	२१
७	१५००० देखि २५०००	२४७१	१३
८	२५००० भन्दा माथि	१७१०	९
जम्मा		**१९००५**	**१००**

स्रोत : फोकस ग्रुप छलफल ।

औसत मासिक पारिवारिक वचत

सुन्दरहरैँचाका मानिसहरूको औसत आमदानीको अनुसार मासिक बचत पनि हुने गर्दछ । तलको तालिका नम्बर ३० मा जनताको बचतको अवस्था देखाइएको छ । सुन्दरहरैँचामा एकातिर मासिक एकातिर शून्य रूपैयाँ बचत गर्ने मानिसहरू छन् । अर्कातिर मासिक १० हजार रुपैयाँ भन्दा बढी बचत गर्ने परिवार पनि छन् । तिनीहरुको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं.३०

औसत मासिक पारिवारिक वचतको अवस्था

क.स.	औसत मासिक पारिवारिक वचत विवरण (रुपैंयामा)	परिवार सख्या	प्रतिशत
१	शून्य	११४१	६
२	५०० देखि १०००	२०९१	११
३	१००१ देखि २०००	२६६१	१४
४	२००१ देखि ३०००	४१८१	२२
५	३००१ देखि ५०००	३८०१	२०
६	५००१ देखि १००००	२२८०	१२
७	१०००० भन्दा माथि	२८५०	१५
जम्मा		१९००५	१००

स्रोत : फोकस ग्रुप छलफल ।

प्रति व्यक्ति खाद्यपदार्थ उपलब्धता

खाद्य पदार्थ मानव जीवनका लागि महत्वपूर्ण छन् । मानिसले खाना नखाई बाँच्न, काम गर्न सक्दैन । त्यसैले यसलाई खाद्य अधिकारसँग पनि जोडेर व्याख्या गर्ने प्रचलन छ । कुनै पनि ठाउँमा बसोबास गर्ने मानिसले कति खाद्यपदार्थ प्राप्त गर्दछ र कति खपत गर्दछ भन्ने कुरा आफैंमा महत्वपूर्ण हुन्छ । त्यसैले यहाँ सुन्दरहरैँचा नगरपालिका क्षेत्रका जनताले प्रति व्यक्ति कति खाद्य सामग्री पाउँछन् र तीमध्ये कति उनीहरूले खपत गर्दछन् भन्ने जानकारी तलको तालिकामा छ ।

तालिका नं.३१

प्रति व्यक्ति प्रतिवर्ष खाद्यपदार्थ उपलब्धता

वडा	प्रति व्यक्ति	जनसंख्या	जम्मा	प्रतिव्यक्ति

नम्बर	खाद्यपदार्थ उपलब्धता (केजीमा)	(वडाको आधारमा)	खाद्यपदार्थ खपत (केजीमा)	औसत खाद्यपदार्थ उपलब्धता (केजीमा)
१	२५२	१५७१	३९५८९२	
२	२५२	१६६६	४१९८३२	
३	२३१	१२९१	२९८२२१	
४	२१८	१४४९	३१५८८२	
५	१८४	१४४२	२६५३२८	
६	२१०	१७४२	३६५८२०	
७	२५५	१५८४	४०३९२०	
८	१९०	१३३८	२५४२२०	
९	२३७	१८१०	४२८९७०	
१०	२५२	१९४१	४८९१३२	
११	२३०	१९८०	४५५४००	
१२	२७०	१९८०	५३४६००	
जम्मा		**१९००५**	४६२७२१७	२४३।५

स्रोत : जिल्ला कृषि विकास कार्यालय मोरङ ।

सुन्दरहरैंचाले औसतमा प्रतिव्यक्ति वार्षिक २४३।५ केजी खाद्यपदार्थ प्राप्त गरेको देखाइएको छ । यसरी अध्ययन गर्दा वडा नम्बर १,२,७ र १० ले मात्र औसत भन्दा बढी खाद्यपदार्थ प्राप्त र खपत गरेको पाइन्छ । बाँकी वडाहरूमा खाद्य पदार्थ उपलब्धताको अध्ययन गर्दा वडा नम्बर ५ र ८ मा सबैभन्दा कम प्रतिबर्ष प्रतिव्यक्ति खाद्य पदार्थ उपलब्ध हुने गरेको पाइएको छ ।

पशुपंक्षी उत्पादन

सुन्दरहरैंचा नगरपालिकामा मानिसहरू कृषि र पशुपालनमा रमाउँछन् । तलको तालिकामा सुन्दरहरैंर्चाका जनताले पाल्ने पशुपंक्षीको बिवरण देखाइएको छ । यसबाट सुन्दरहरैंचामा प्रशस्त मात्रामा पशु र पंक्षी उत्पादन गर्ने गरिएको छ । यसरी उत्पादित पशुपक्षीहरू आवश्यकता

अनुसार स्थानयि नगरघरमा पनि विक्री हुनसक्छ । दोमना, रंगेली र सीमावर्ती भारतीय बजारमा लगेर बेच्ने गरिन्छ ।

तालिका नं.३२

पशुपंक्षी र तिनको उत्पादनको विवरण

क्र. सं.	**किसिम संख्या**	**संख्या**			**उत्पादन**		
१	**पशुधन**	**स्थानीय**	**उन्नत**	**जम्मा**	**दूध लि.**	**मासु केजी**	**उन केजी**
	क गाई गोरु	२४५००	५००	२५०००			
	ख भैंसी राँगा	३५००	४००	३९००			
	ग बोका खसी वाख्रा	१५०००	६०००	२१०००			
	घ भेडा च्यांग्रा	–	–	–			
	ङ सुँगुर वंगुर	१२०००	३०००	१५०००			
	च अन्य.....	७५	६०	१३५			
२	**पंक्षी**	**स्थानीय**	**उन्नत**	**जम्मा**	**अण्डा संख्या**		**मासु केजी**
	क कुखुरा	२५०००	५०००	३००००			
	ख हाँस	४०००	५००	४५००			
	ग अन्य	२००		२००			
३	माछा केजी	५००००	५०००	५५०००			
	क मौरी घार मह केजी	१००	२०	१२०			
४	अन्य	१२५		१२५			

स्रोत : नगरपालिका स्तरीय फोकस ग्रुप छलफल ।

उद्योग तथा व्यापार व्यवसाय

सुन्दरहरैंचाका मानिसहरू अधिकांश किसान भए पनि उनीहरुमध्ये केहीले आंशिक र केहीले पूर्णकालीक रूपमा व्यापार व्यावसाय गर्दछन् । केहीले दुकान गर्छन, केहीले चामल कुट्ने मिल चलाउँछन् । केही नोकरी गर्छन र कोही बैदेशिक रोजगारीमा पनि गएका छन् । त्यसबाट उनीहरूले जविकोपार्जन र आर्थिक आयआर्जन गर्ने लक्ष्य लिएका हुन्छन् । उनीहरुको पेशागत विवरण तलको तालिका नम्बर ३३ मा दिइएको छ । यसबाट यहाँका कति मानिस कस्तो व्यवसायमा लागेका छन् भन्ने प्रष्ट हुन सकिन्छ ।

तालिका नं.३३

औद्योगिक तथा व्यापार व्यवसाय सम्बन्धी विवरण

सि. नं.	व्यपार,व्यवसाय विवरण जम्मा संख्या	जम्मा संख्या

१	दुग्घ व्यवसायी	२४
२	टेलर्स	६०
३	सुनचाँदी व्यवसायी	३०
४	भाडा व्यवसायी	३५
५	होटल व्यवसायी	१५०
६	फेन्सी व्यवसायी	५५
७	क्लिनिक तथा औषधी व्यवसायी	३२
८	तरकारी तथा फलफूल व्यवसायी	२१०
९	इलेक्ट्रोनिक व्यवसायी	३५
१०	माछामासु पसल, व्यवसायी	३५
११	हेयर सैलुंग तथा सौन्दर्यकला व्यवसायी	३२
१२	उद्योग	२३
१३	आर्ट व्यवसायी	२७
१४	बेकरी तथा मिष्ठान्न व्यवसायी	३२
१५	वाल मनोरञ्जन	३
१६	बङ्गुर पालन	८०
१७	कार्ड बोर्ड उत्पादन	०
१८	बोर्डिङ स्कुल सञ्चालन	१५
१९	ठेक्कापट्टा	२१
२०	जुत्ता पसल	४९
२१	फोटो स्टुडियो	२०
२२	फर्निचर	३४
२३	किनारा पसल तथा व्यवसायी	३४३
२४	सि.डि.पसल	१२
२५	पुल हाउस	४
२६	अटो वर्क्सप	३
२७	कपास उद्योग	०
२८	राइस मिल	१०
२९	घडी रेडियो टि.भी मर्मत	३४
३०	पेट्रोल पम्प	७
३१	मसला उद्योग	९
३२	चस्मा पसल	१२
३३	पस्मिना पसल	३
३४	माटाका भाडा, मुकुण्डो तथा सेरामिक्स	४
३५	खोज अनुसन्धान सेन्टर	०
३६	खाजाघर तथा चिया पसल	१२३
३७	ढुवानी सेवा	४
३८	पांगो माटो व्यवसाय	०
३९	टयुसन सेन्टर	१९
४०	हाउजिंग	१

४१	कार्पेट पसल	१२
४२	सरसफाइ तथा फोहोर मैला संकलन	०
४३	नर्सरी फुल व्यवसायी	७
४४	कुरियर	५
४५	मदिरा व्यवसाय	१९२
४६	ग्यास डिलर	८
४७	नृत्य प्रशिक्षण तथा संगित प्रशिक्षण केन्द्र	९
४८	पाउ भण्डार	१
४९	क्याटरिङ	२३
५०	कानुन व्यवसायी र परामर्श सेवा	६
५१	जिमखाना	४
५२	निर्माण व्यवसायी तथा सप्लायर्स	४
५३	कवाडी संकलन केन्द्र	१
५४	मल बिउ उत्पादन	१
५५	कम्प्युटर टेनिंग सेन्टर साईवर व्यवसायी	१२
५६	फिल्म हल	१
५७	सिसा पसल	१०
५८	पुस्तक व्यवसायी तथा फोटोकपी	२३
५९	मनी टान्सफर	१२
६०	सहकारी	१५०
६१	बैक	१०
६२	विज्ञापन मिडिया र केवल सेवा	३
६३	कागज उद्योग तथा छापाखाना	४
६४	पानी फिल्टर	१
६५	पार्टी प्यालेस	४
६६	भेटनरी	९

स्रोत : फोकस ग्रुप छलफल सुन्दरहरैंचा ।

सुन्दरहरैंचा नगरपालिका ग्रामीण परिवेश बढी भएको नगरपालिका हो । यहाँ ठूला प्रकृतिमा उद्योगहरू छैनन । सानातिना चाममिल आदिजस्ता घरेलु उद्योगहरू मात्र छन् । यहाँ रहेको व्यवसायमा सबैभन्दा ठूलो संख्या किराना पसलहरूको छ । त्यस्तै गरी यहाँ धेरै मात्रामा मदिरा व्यवसायी हरु रहेका छन् , यहाँ ठूला खालका होटल व्यवसायी त्यती धेरै छैनन् । यहाँको मुख्य व्यवसाय भनेको किराना, मदिरा, सहकारी तथा जग्गा व्यवसायलाई लिन सकिन्छ । यहाँका धेरै मानिस जग्गा व्यवयसाय मार्फत निकै आय आर्जन गरेका छन् ।

विगत पाँच आर्थिक वर्षको आय

पार्श्वचित्रमा नगरपालिका क्षेत्रको विगतका वर्षहरूको आमदानी तथा खर्च विवरण राखियो भने त्यसले स्थानीय तहको आमदानी र खर्च परिचालनको अवस्था देखाउँछ । अर्को शव्दमा भन्नु पर्दा आयव्यवय विवरण हेरेर सबैलाई नगरपालिकाको आर्थिक सामर्थ्यको अवस्था अवगत हुन्छ ।

वस्तुत सुन्दरहरैंचा नगरपालिका भर्खर गठन भएको छ । यसको आफनै बजेट पहिलोपटक आइरहेको छ । त्यसैले विगतमा विभिन्न गाउ विकास समितिमा विभक्त रहेको सुन्दरहरैाचाको तत्कालीन गाउँ विकास समितिहरू विगतमा रहेको नगरको वडाहरूको बजेटलाई एकीकृत गरेर यहाँ प्रस्तुत गरिएको छ । यसो गर्दा विगतका गाविसहरू विभाजित बनेर अहिले वडाहरू बनेको अवस्थामा र कतिपय गाविस पुरै र कतिपय आंशिक मात्र यस नगरपालिकामा कायम रहेकाले सामानुपातिक हिसाबले बजेटलाई विभाजन र त्यसपछि समायोजन गरी यो बजेट विवरण तयार गरिएको छ । त्यसैले यो विवरणले आर्थिक अवस्थालाई जस्ताको तस्तै झल्काउन सकोस भनेर भरसक अनुपात मिलाउने कासिस गरिएको छ । जस्ताको जस्तै म्मिलेन भने पनि यथार्थको यो यथार्थको नजिक भने अवश्य रहेको छ ।

तालिका नं.३४

विगत पाँच आर्थिक वर्षको आयव्यय विवरण

आर्थिक वर्ष	आय शीर्षक	रकम	व्यय शीर्षक	रकम
			पूँजीगत र प्रशासनिक खर्च	
			पूँजीगत र प्रशासनिक खर्च	
			पूँजीगत र प्रशासनिक खर्च	
			पूँजीगत र प्रशासनिक खर्च	
			पूँजीगत र प्रशासनिक खर्च	

स्रोत : पूर्व गाउँ विकास समिति र नगरपालिकाका वडाहरूको अभिलेखलाई वडा नयाँ विभाजनको आधारमा समायोजन गरी प्रस्तुत गरिएको ।

प्रमुख राजनीतिक दलहरू

मोरङ जिल्लामा २४ वटा राजनीतिक दलहरू दर्ता भई क्रियाशील रहेका छन् । तीमध्ये केही दलको प्रभाव यस क्षेत्रमा पनि रहेको छ । यो पार्श्वचित्र तयार पार्दासम्म भखैरै नगरपालिका बनेको कारण राजनीतिक दलहरूले नगरपालिका स्तरीय संगठन बनाइसकेको अवस्था छैन । त्यसैले ती दलको नगरपालिका स्तरीय कमिटीको प्रमुख को हो र उसको सम्पर्क नम्बर के कति हो भन्ने कुरा छुट्याउन सकिएन । तसर्थ, राजनीतिक दलहरूको सम्बन्धमा यहाँ क्रियाशील रहेका दलहरूको नाम मात्र समावेश गरिएको छ । त्यसको साथमा मधेशको क्षेत्रीय अधिकारका लागि अनदोलन गरिरहेका संगठनहरू पनि यसै सन्दर्भमा राजनीतिक दलसँगै सूचीमा समावेश गरिएको छ ।

दलको नेतृत्व, उनीहरूको जिम्मेवारी, सम्पर्क नम्बर आदि विवरण क्रमबद्ध रूपमा समावेश गर्दै जानुपर्ने अवस्था रहेको छ ।

१.नेपाली काङ्ग्रेस

२. नेपाल कम्युनिष्ट पार्टी (एमाले)

३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

४. नेपाल कम्युनिष्ट पार्टी (माले)

५.राष्ट्रिय जनता पार्टी नेपाल (छवटा मधेश केन्द्रित दलहरू मिलेर हालै मात्र गठन भएको दल)

६. संघीय समाजवादी फोरम नेपाल

७. मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)

८. राष्ट्रिय प्रजातन्त्र पार्टी

९. आदिवासी जनजाति महासंघ

१०. पिछडा वर्ग महासंघ

सन्दर्भसामग्री

१। **प्रतिवेदन २०७३,** नगरपालिका,नगरपालिका तथा विशेष, संरक्षित स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोग ।

२। **वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका २०७३**, जिल्ला कृषि विकास कार्यालय मोरङ ।

३। **मोरङ जिल्लाको सहकारी गतिविधि २०७३**, डिभिजन सहकारी कार्यालय मोरङ ।

४। **बालविवाहलाई नाई भनौ, स्थिति प्रतिवेदन २०७३, मानव अधिकार तथा वातावरण मञ्च (फरेन)**

५। नेपालको संविधान २०७२

६। **जिल्ला बालमैत्री रणनैतिक योजना २०७२,** जिविस मोरङ. ।

७। **वार्षिक प्रतिवेदन २०७२,** जिल्ला शिक्षा कार्यालय, मोरङ ।

८। **बार्षिक प्रतिवेदन २०७२,** जिल्ला जनस्वास्थ्य कार्यालय, मोरङ ।

९। **वार्षिक प्रतिवेदन २०७२,** जिल्ला वन कार्यालय, मोरङ ।

१०। **वार्षिक प्रतिवेदन २०७२,** जिल्ला कृषि कार्यालय, मोरङ ।

११। जिल्ला जनसंख्या पार्श्वचित्र २०७१, जिल्ला जनस्वास्थ्य कार्यालय मोरङ ।

१२। जिल्ला पार्श्वचित्र - २०७०, जिल्ला विकास समिति मोरङ ।

१३।जिल्ला बस्तुगत विवरण मोरङ २०७०, जिल्ला तथ्याङ्क कार्यालय मोरङ ।

१४। **बालमैत्री स्थानीय शासन कार्यविधि २०६८,** नेपाल सरकार सथानीय विकास मन्त्रालय ।

१५।**राष्ट्रिय जनगणना प्रतिवेदन २०६८,** केन्द्रीय तथ्याङ्क विभाग ।

१६।**स्थानीय स्वायत्त शासन नियमावली २०५६,** कानुन किताव व्यवस्था समिति ।

१७।**स्थानीय स्वायत्त शासन ऐन २०५५,** कानुन किताव व्यवस्था समिति ।

१८। **अन्तराष्ट्रिय बाल अधिकार महासन्धि १९८९**